
# लेखापरीक्षण प्रतिवेदन
# पर्सा
## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय
### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१. | पर्सा जिल्ला अदालत | ३ |
| ३.२. | अंचल यातायात व्यवस्था कार्यालय | ४ |
| ३.३. | अंचल सशस्त्र प्रहरी गुल्म | ५ |
| ३.४. | आन्तरिक राजस्व कार्यालय | ५ |
| ३.५. | कारागार कार्यालय पर्सा | १२ |
| ३.६. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १४ |
| ३.७. | जिल्ला कृषि विकास कार्यालय | १४ |
| ३.८. | जिल्ला जनस्वास्थ्य कार्यालय | १५ |
| ३.९. | जिल्ला पशु सेवा कार्यालय | १८ |
| ३.१०. | जिल्ला प्रशासन कार्यालय | १८ |
| ३.११. | जिल्ला प्रहरी कार्यालय | १९ |
| ३.१२. | जिल्ला प्राविधिक कार्यालय | १९ |
| ३.१३. | जिल्ला वन कार्यालय | २१ |
| ३.१४. | जिल्ला विकास समिति | २२ |
| ३.१५. | जिल्ला शिक्षा कार्यालय | ३१ |
| ३.१६. | नापी कार्यालय | ३४ |
| ३.१७. | नारायणी उप-क्षेत्रीय अस्पताल | ३५ |
| ३.१८. | नारायणी सिंचाई व्यवस्थापन डिभिजन | ३६ |
| ३.१९. | पर्यटन कार्यालय | ३७ |
| ३.२०. | पर्सा वन्यजन्तु आरक्ष | ४० |
| ३.२१. | व्यापारिक मार्ग विस्तार योजना पार्स | ४१ |
| ३.२२. | बीरगंज भन्सार कार्यालय | ४३ |
| ३.२३. | भूमिगत जल श्रोत विकास समिति | ४८ |
| ३.२४. | भूमिगत जल सिंचाई विकास डिभिजन | ४९ |
| ३.२५. | मालपोत कार्यालय | ५१ |
| ३.२६. | यातायात व्यवस्था कार्यालय नारायणी | ५४ |
| ३.२७. | शहरी विकास तथा भवन निर्माण डिभिजन | ५४ |
| ३.२८. | शाखा तथ्याङक कार्यालय | ५९ |
| ३.२९. | शैक्षिक तालिम केन्द्र | ५९ |
| ३.३०. | स्थानीय विकास कोषको सचिवालय | ५९ |
| ३.३१. | सुख्खा बन्दरगाह भन्सार कार्यालय | ६० |
| ३.३२. | हुलाकी राजमार्ग योजना कार्यालय, बीरगंज | ६२ |
| ४. | आन्तरिक लेखापरीक्षण | ६४ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ६५ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ६७ |
| अनुसूची ३ : | जिम्मेवार पदाधिकारीको नामावली | ६९ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ३६ कार्यालयको विस्तृत र २३ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ५९ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.१ खर्ब ७६ अर्ब ३७ करोड ६४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची-१ मा उल्लेख छ ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष ३७ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ५०५ र रु.१ अर्व १० करोड ४ लाख ६ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म २८ कार्यालयको प्रतिक्रिया फछ्र्यौट र समायोजन भएका १८७ दफा र रु.८ करोड ५८ लाख ३५ हजार मिलान गरी ३७ कार्यालयको दफा ३१८ र रु.१ अर्व १ करोड ४५ लाख ७१ हजार बेरुजू बाँकी रहेकोछ । लेखापरीक्षणको क्रममा रु.९८ लाख ९२ हजार र प्रतिक्रियाबाट रु.५० लाख ५३ हजार समेत १ करोड ४९ लाख ४५ हजार असुल भएको छ ।

बाँकीबेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.५३ करोड ३८ लाख १६ हजार, अनियमित रु.२७ करोड १२ लाख १४ हजार र पेश्की रु.२० करोड ९५ लाख ४१ हजार रहेको छ । यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची-३ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ । प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## पर्सा जिल्ला अदालत

१ **आर्थिक विवरण** : यस अदालतको राजस्व तर्फको आर्थिक विवरण अनुसार गत वर्षको लगती राजस्व को रु.६६ करोड ६१ लाख ५३ हजार जिम्मेवारी रहेकोमा गतवर्षको कायमी लगत र लगत कट्टा मिन्हाको फरक रु.६६ करोड १४ लाख ६७ हजार देखिएकोले रु.४६ लाख ८६ हजार जिम्मेवारी सारेको फरक परेको एकिन गरी हिसाव मिलान गर्नु पर्ने देखिन्छ ।

२ **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र व्यवस्थित बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याकन गर्दा निम्नानुसार सार्वजनिक खरिद ऐन वमोजिम रु.१० लाख भन्दा बढी रकम खर्च गर्दा वार्षिक खरिद योजना नबनाएको, आर्थिक कार्यविधि नियमावली २०६४ वमोजिम जिन्सी सामानको स्पेशिफिकेशन, सामान प्राप्तीको स्रोत,परलमूल्य,औषत आयु जस्ता विवरण खुलाई स्वीकृत ढांचामा जिन्सी खाता अद्यावधिक नगरेको दैनिक तथा भ्रमण भत्ता खर्चको बिल भुक्तानी गर्दा भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको छाप नलगाएको, वार्षिक आर्थिक तथा कार्यसम्पादन प्रतिवेदन तयार नगरेको, विभिन्न खरिदमा सम्बन्धित पार्टीको नाममा चेक काटी भुक्तानी दिने व्यवस्था गर्नुपर्नेमा कर्मचारीहरुले नगद भुक्तानी गरेको भनी सोधभर्ना भुक्तानी दिने गरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित कानुनको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनुपर्दछ ।

३ **लक्ष्य प्रगती** : यो वर्ष ६२१२ मूद्दा को ६० प्रतिशत अर्थात ३७२७ फछ्र्यौटको लक्ष लिएकोमा २३८० लक्षको तुलनामा अर्थात ४५.८१ प्रतिशत प्रगति गरेको छ । २४८५ मूद्दा फछ्र्यौट हुन वांकी देखाईएको छ ।

४ **ग्रेड भुक्तानी** : निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ बमोजिम तलवी प्रतिवेदन पारित गरी तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । एक शाखा अधिकृतलाई २०७२ श्रावणदेखि माघसम्म रु.१२८०/- र माघ देखि एक ग्रेड थपगरी १६००/- का दरले भुक्तानी दिनेगरी तलबी प्रतिवेदन पारित भएकोमा २०७२ फाल्गुण देखि एक ग्रेड थप गरी भुक्तानी दिनुपर्नेमा श्रावण देखि थप गरि दिएको र पुन फाल्गुण देखि थप दिएकोले यो वर्ष वढि भूक्तानी दिएको रु.५ हजार असुल हुनुपर्दछ ।

५ **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ को दफा ८७ अनुसार पारीश्रमिक कर कट्टा गर्नु पर्दछ ।

५.१ दशैं विदामा बन्दी प्रत्यक्षीकरणको लागि खटाएको भनि कार्यालय प्रमुख, लेखा प्रमुख, प्रशासन प्रमुख लगायतका विभिन्न २५ कर्मचारीलाई रु.१ लाख २२ हजार भत्ता खर्च लेखेको रकम कर्मचारीहरुको बार्षिक आयमा समावेश गरी करकट्टा गर्नुपर्नेमा श्रोतमानै १ प्रतिशत करकट्टा गरी भुक्तानी दिएको देखियो । अदालतको कर्मचारीका लागि ५० प्रतिशत प्रोत्साहन भत्ता समेत भुक्तानी भएको अवस्थामा प्राय सबै कर्मचारीहरुको बार्षिक पारिश्रमिक आयमा दफा ८७ बमोजिम १५ प्रतिशत कर लाग्ने देखिएकोले अधिकृत स्तरका ३ कर्मचारीको छुट भएको १४ प्रतिशत कर रु.३ हजार असुल गरी अन्य कर्मचारीहरुको समेत एकीन गरी असुल गर्नुपर्ने देखियो ।

५.२ अदालतमा कार्यरत माननीय जिल्ला न्यायधिसहरुको संचित बिदा वापतको रकम भुक्तानी दिंदा श्रोतमानै १ प्रतिशत करकट्टा गरी भुक्तानी दिएको देखियो । आयकर ऐन २०५८ को दफा ८७ अनुसार यसरी भुक्तानी भएको रकम पारिश्रमिक आयमा समावेश गरी कर गणना गरीनुपर्ने देखिन्छ । तसर्थ उक्तसबै आय गणना गरी कर योग्य आय निर्धारण गरी करकट्टा गर्नुपर्ने अन्यथा भुक्तानीभएको रु.३ लाख १६ हजार मा न्यूनतम १५ प्रतिशत कर लाग्ने देखिदा छुट हुन गएको १४ प्रतिशत ले हुने रु.४४ हजार असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

५.३ २०७२ श्रावण देखि २०७३ अषाढ मसान्त सम्मको प्रोत्साहन भत्ता भनि विभिन्न ६७ जना कर्मचारीलाई श्रोतमा १ प्रतिशत करकट्टा गरी रु.६२ लाख ३० हजार भुक्तानी दिएको देखियो । आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम कर्मचारीको पारिश्रमिक आयमा भत्ता रकम समावेश गरी करकट्टा गर्नुपर्नेमा सो बमोजिम आय गणना गरेको नदेखिएकोले आय निर्धारण गरी करकट्टा गर्नुपर्ने अन्यथा कुल भुक्तानी रकमको घटि कट्टी भएको १४ प्रतिशतले हुने रु.८ लाख ७२ हजार असुल गर्नुपर्ने देखिएको छ ।

६ **कार्यसम्पादन जमानत** : पुरानो भवनमा १ कोठा थप गरी ३ तला निर्माण गर्ने र दोश्रो तलामा झण्डै ३६ फिट लामो ट्रस सहितको झ्याल ढोका समेत राखी कोठाहरु निर्माण गर्न एक निर्माण कम्पनीको ठेक्का स्वीकृत भएको छ । २०७२।९।२१ को संझौताअनुसार निर्माण व्यवसायीले २०७३।२।२५ मा निर्माण कार्य सम्पन्न गर्नु पर्नेमा नगरेकोले कार्यालयवाट २०७३।८।२४ सम्म म्याद थप भएको देखिन्छ । निर्माण व्यावसायीले जारीगरेको कार्यसम्पादन जमानत म्याद मर्मत सम्भार अवधिसम्म हुनु पर्नेमा मिति २०७३।९।१६ सम्म मात्र रहेकोले सो अवधि समाप्त भैसकेको अवस्था छ । यो वर्षको अन्त्यसम्म एक निर्माण व्यवसायीको नाममा रु.२ लाख पेश्की वाकी रहेकोले जमानतको म्याद थप गरी नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

७ **मौजुदा सूचि :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) र नियमावली, २०६४ को नियम ८४ मा प्रतिस्पर्धा सीमित हुने गरी खदि गर्नु नहुने रहेकोमा रु.१० लाख भन्दा बढीको सामान सिलबन्दी दरभाउपत्र बाट खरिद गर्नुपर्ने उल्लेख छ । अदालतले प्रतिस्पर्धा बेगर एउटै एवं विभिन्न व्यक्ति वा फर्मबाट पटक पटक गरी अदालतको मौजुदा सूचिमा समेत सुचिकृतमा नभएका विक्रेतावाट उक्त सीमाभन्दा बढी रु.११ लाख २० हजारको खरिद सोझै गरेको देखिएकोले नियम सम्मत देखिएन । तसर्थ यस्तो खरिद प्रकृयाको नियन्त्रण गरिनु पर्दछ ।

## अंचल यातायात व्यवस्था कार्यालय

१. **कानूनको पालना** : हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्नेमा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, मूल्य नखुलेको सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.फा.नं. २ को अभिलेख नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **लक्ष्य र प्रगति** : नेपाल सरकारले कार्यालयको लागि वार्षिक राजस्व असुलीको लक्ष्य तोकेको पाइएन । विगत ३ वर्षको राजस्व असुलीको तुलनामा सवारी साधन कर, विविध सवारी दस्तुर र यातायात क्षेत्रको आम्दानीमा क्रमश: १३.६७ प्रतिशत, ३४.४७ प्रतिशत र १९.५५ प्रतिशतले राजस्व आयमा ह्रास भएको छ ।

## अंचल सशस्त्र प्रहरी गुल्म

१. **कानूनको पालना** : ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्नेमा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको र इन्धन खर्चको लगवुक नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. **पेश्की** : सार्बजनिक खरीद नियमावली, २०६४ को नियम ११३ बमोजिम एक निर्माण व्यबसायीलाई दिएको रु.२९ लाख २० हजार मोबिलाईजेसन पेश्की फर्छ्यौट हुनपर्दछ ।

## आन्तरिक राजस्व कार्यालय

१. **आय विवरण** : आयकर ऐन, २०५८ को दफा ९६ मा प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने २०५५२ करदातामध्ये ११९२७ करदाता (५८.०३ प्रतिशत) ले मात्र आय विवरण दाखिला गरेको अभिलेखबाट देखिन्छ । जसमध्ये डे १ विवरण ५५४० (२६.९६ प्रतिशत) र डे ३ विवरण ६३८७ (५३.५५ प्रतिशत) रहेका छन । कानूनमा तोकिएको समयमा आय विवरण दाखिला नगर्ने ८६२५ करदाता (४१.९६ प्रतिशत) को खोजि गरी आय विवरण दाखिला गर्न लगाउने कार्य भएको पाइएन ।

२. **मू.अ.कर विवरण** : मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारणगरी सो महिना समाप्त भएको २५ दिनभित्र कर विवरण बुझाउनु पर्ने व्यवस्था छ । कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएका ७३२८ करदाताहरुमध्ये १०५४ ले बन्द गरेको र बांकी ६२७४ ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ६९२(११ प्रतिशत) ले डेबिट विवरण, २५०९ (४० प्रतिशत) ले क्रेडिट विवरण, ९७८ (१५.५६प्रतिशत) ले शुन्य विवरण पेश गरेको र २०९५(२८.२९ प्रतिशत) ले विवरण पेश गरेको छैन । यसबाट डेबिट विवरण बुझाउने करदाताको संख्या न्यून देखिएकाले (डेबिटभन्दा क्रेडिट ४१.३२ प्रतिशतले बढी) बजार अनुगमन गरी यस्ता विवरणको छानवीन बढाउनु पर्ने देखिन्छ । कार्यालय अन्तरगत दर्ता भएका करदाताहरुले आर्थिक वर्ष २०७२।७३ को अन्त्यमा ६९२ डेबिट कर विवरण पेश गरी रु. ९ करोड ३७ लाख ८४ हजार डेबिट रकम देखाएकोमा सो सबै डेबिट रकम दाखिला गरे नगरेको सम्बन्धमा नियमित रुपमा अनुगमन हुनु पर्दछ ।

३. **राजश्वको आर्थिक विवरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र लगती राजस्व र असुल हुन बांकी रकम तथा हसवली राजस्व समेतको कच्चावारी भिडाई राजस्वको वार्षिक आर्थिक विवरण पेश गर्नुपर्ने व्यवस्था छ । प्राप्त आर्थिक विवरणको परीक्षण गर्दा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा रु.३९ करोड ५१ लाख ९४ हजार लगत बांकीलाई यस वर्षको आर्थिक विवरणमा सारेको छ । यस वर्ष जिम्मेवारी सरेको रकम समेतमा रु.९ लाख ९५ हजार मिन्हा भएको सम्बन्धमा विवरण तयार गरेको पाइएन । मूल्य अभिवृद्धिकरतर्फ २५४६ करदाताले २०७३ आषाढ मसान्त सम्मको वक्यौता रु.३४ करोड ५३ लाख ४४ हजार लगतमा समावेश गरेको देखिएन ।

४. **क्रेडिट विवरण** : कार्यालयमा दर्ता रहेका करदाताहरुले २०७२।४।१ देखि २०७३।३।३१ सम्म २५०९ वटा क्रेडिट कर विवरण पेश गरेकोमा ती करदातालाई रु.१ अरव ११ करोड ७३ लाख ९१ हजार

नेपाल सरकारले मूल्य अभिबृद्धि कर फिर्ता दिनु पर्ने संभावित दायित्व देखिएको छ । सो रकमलाई आर्थिक विवरणको दायित्वमा देखाइएको छैन । केडिट कर विवरण पेश गर्ने करदाताहरुमध्ये १२ महिनाभन्दा बढि अवधि देखि निरन्तर केडिट हुने करदाता छनौट गर्दा १५२२ रहेकामा सबैभन्दा बढि अवधि केडिटमा रहेका १३ करदाता  रहेका छन । मुल्य अभिबृद्धि करमा रकम केडिट देखाई विवरण पेश गर्ने यस्ता करदाताहरुको कारोवारका सम्बन्धमा कार्यालयबाट बिषेश निगरानी राखी वास्तविक केडिटको अवस्था एकिन गरी मु.अ.कर डेबिटमा ल्याउन प्रभावकारी पहल गर्नु पर्ने देखिन्छ ।

५. **वक्यौता** : वक्यौता असुली सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छन् :

५.१. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १९ मा करदाताले प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र नबुझाएमा बाँकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ । कार्यालयमा दर्ता रहेका करदाताहरुमध्ये २०७३ आषाढ मसान्त सम्म २५४६ करदाताले कर वापत रु.३४करोड ५३लाख ४४ हजार दाखिला गर्न बांकी रहेको छ । जसमध्ये रु.१ लाखभन्दा बढि बाँकी राख्ने २०७ करदातासँग मात्र रु.३४ करोड १७ लाख ४ हजार बाँकी रहेको छ ।

५.२. कार्यालयअन्तरगत रहेका करदाताहरुमध्ये विभिन्न करदाताहरुसंग २०७३ आषाढमसान्तसम्म आयकर, अन्तःशुल्क, परिश्रमिक कर र बहाल करगरी जम्मा रु.३८ करोड ५१ लाख ९२ हजार २०७२।७३ आर्थिक वर्षको असुल गर्न बांकी रहेको छ । बक्यौता राख्ने करदाताहरुमध्ये पुनरावेदनका लागि राजश्व न्यायाधिकरण एवं प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजश्व विभागमा गएका बाहेक सबैभन्दा बढि कर रकम बक्यौता हुने ६ करदाताको रु.१४ करोड ५५ लाख ४ हजार रहेको छ ।

५.३. बक्यौता राख्ने करदाताहरुमध्ये १० करदाताले आयकर निर्धारण भैसके पश्चात आर्थिक वर्ष २०५६।५७ देखि Non Filer भएको र तुलनात्मक हिसाबमा अधिक कर निर्धारण हुन गएको देखिदा कर निर्धारणको गुणस्तर सम्बन्धमा पुनरावलोकन हुनुपर्ने र बक्यौता रकम असुल हुनुपर्ने देखिन्छ । ती कर दाताको आयकर रु.१७ करोड ७३ लाख ४१ हजार मूल्य अभिवृद्धि कर रु.२२ करोड ७८ लाख ९० हजारसमेत रु.४० करोड ५२ लाख ३१ हजार बक्यौता रहेको देखिन्छ । असुली कार्य प्रभावकारी हुन सकेको छैन ।

५.४. यो वर्ष कर फछर्यौट आयोगको निर्णय अनुसार लगत कट्टा गरेको रकम भिडान गरी कर निर्धारण हुँदाको बखत १४ करदातासंग बांकी रहेको वक्यौता राजश्व रु.१५ करोड ६४ लाख ५० हजार मध्ये रु.७३ लाख ५० हजार मात्र उठाई वास्तविक बांकी रकम भन्दा औषत ९५.३ प्रतिशत अर्थात रु.१४ करोड ९१ लाख घटीमा सम्झौता गरेको देखियो । ठुलो रकम राजश्व बक्यौता हुँदा तिर्नुपर्ने रकममा १.०५ प्रतिशत मात्र राजश्व असुलीको सम्झौता गरेको र सानो रकममा शतप्रतिशतसम्म राजश्व लिएको देखिदा कर फरछ्यौट आयोगको निर्णय सन्तुलित देखिदैन ।

६. **मूल्य अभिवद्धि कर कोष** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार भंसार विन्दुमा संकलित सम्पूर्ण कर रकम मूल्य अभिवृद्धि कोष खातामा दैनिक रुपमा जम्मा गर्नुपर्ने र सो को विवरण भंसार कार्यालयले तीन दिन भित्र नजिकको आन्तरिक राजस्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । मूल्य अभिबृद्धि कर फिर्ताको लागि यो वर्ष रु.९ करोड ७३ लाख ४७ हजार माग भई आएकोमा रु.७ करोड ७८ लाख ५३ हजार अर्थात मागको ७९.९७ प्रतिशत

फिर्ता भएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ९३ बमोजिम बजेटको व्यवस्था गरी सोही खर्च शीर्षकबाट निकाशा र खर्च गर्नुपर्ने व्यवस्थाको पालना नभएको मनासिब देखिएन ।

७. **आन्तरिक नियन्त्रण :** कार्यालयले राजश्व एवं मूल्य अभिबृद्धि कर कोषबाटरु.७ करोड ७८ लाख ५३ हजार खर्चमा आन्तरिक लेखापरीक्षण गराएको छैन । पुराना जिन्सी मालसामानको मुल्य काम गरी राख्नु पर्नेमा आंशिक रुपमा मात्र कायम गरेको, आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक आर्थिक तथा कार्य सम्पादन प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेको, दैनिक तथा भ्रमण भत्ता खर्च गर्दा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन गरेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तानी भएको जनाउने छाप नलगाएको जस्ता व्यहोरा देखिएका छन् । कानुनको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ ।

८. **वार्षिक लक्ष्य र प्रगति :** अन्तःशुल्क सम्बन्धी कानुनी कारवाही र अन्तःशुल्क अभिलेख अध्यावधिक गर्ने कार्यतर्फ शुन्य यो वर्ष प्रगती भएको र अन्य २५ कृयाकलापमा लक्ष्यभन्दा न्यून प्रगति देखिएकोले शतप्रतिशत प्रगति हासिल गर्नेतर्फ कार्यालयले प्रयास गर्नुपर्दछ । कार्यालयको तिन वर्षको राजश्व असुलीको लक्ष्य र प्रगति विवरण अनुसार समग्र लक्ष्यको तुलनामा ७१.११ प्रतिशत तथा गतवर्षको तुलनामा ३३.७८ प्रतिशत घटी राजश्व असुल भएको छ ।

९. **भुक्तानीमा कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा प्रत्येक वासिन्दा व्यक्तिले भुक्तानी गर्दा तोकिएको दर अनुसार कर कट्टी गर्नु पर्ने व्यवस्था छ । दफा ९० मा अग्रिम कर कट्टी गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र विभागले तोकेको तरिका र ढांचामा विभागमा विवरण दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले मासिक रुपमा कट्टीको विवरण अद्यावधिक र अनुगमन नगरेको, बैंक मार्फत दाखिला गरेपछि पहिले दाखिला गरेको कर अनुसूची-१० मार्फत दावी गर्दा एउटै बैंक भौचरबाट धेरै करदाताले दावी गर्नसक्ने अवस्था रहेकोले विद्युतीय अभिलेख प्रणालीले त्यसलाई नियन्त्रण गर्नसकेको देखिंदैन ।

१०. **करपरीक्षण** : आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०घ अनुसार आन्तरिक राजस्व विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि गत वर्षहरुमा छनौट भएकामध्ये परीक्षण हुन बाँकी रहि जिम्मेवारी सरेका २१५ र यो वर्ष आय विवरण पेश गरेका ११९२६ करदाताहरुमध्ये १०० (आय विवरण पेश गर्ने करदाताको ०.८४ प्रतिशत करदाताको यो वर्ष पूर्ण करपरीक्षण गर्नुपर्नेमा ७८ करदाताको ९५ आय विवरणको ०.६५ प्रतिशत) करदाताको मात्र कर परीक्षण हुन सकेको देखियो । ज्यादै कम करदाताको फाइल कर परीक्षण गर्न छनौट गर्ने र छनौट भएका मध्ये पनि कम करदाताको मात्र कर परीक्षण हुने गरेकोले सबै जोखिमयुक्त करदाताहरुको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्दै लानुपर्ने देखिन्छ ।

११. **ऋाण पूँजीको अनुपात :** करदाताको वासलातमा रहने पूँजीको स्रोतमध्ये शेयर र ऋाण मुख्य रहेका हुन्छन् । ऋाण र शेयर पुँजीको अनुपात परीक्षणगर्दा अधिकृत पूंजीको तुलनामा न्यून मात्रामा चुक्ता पुंजी जुटाई व्यवसायमा स्रोतको अभाव देखाई वैंकवाट ऋाण लिएर व्याज खर्च कट्टी गर्ने गरेको देखियो । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋाण पुंजी र शेयर पुंजीको अनुपात अन्तराष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म रहेको देखिएतापनि कार्यालयको क्षेत्राधिकारका करदाताको पूंजीको

अनुपातमा ऋण ४३:१ सम्म देखिएकोले यसबाट अर्न्तराष्ट्रिय मान्यता अनुरुप ऋण पूंजी अनुपात सम्वन्धमा विश्लेषण गरी आयकरमा परेको प्रमावको कानुनी व्यवस्था हुनुपर्दछ ।

१२. **शिक्षासेवा शुल्क** : आर्थिक ऐन, २०७२ मा निजी क्षेत्रबाट सञ्चालित देशभरिका उच्च माध्यामिक शिक्षाभन्दा माथिको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाले उठाउने भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा शिक्षा सेवा शुल्क असुल गर्ने व्यवस्था गरेको छ । २०७२।७३ मा ३ वटा विद्यालयले भर्ना र अतिरिक्त शिक्षण शुल्क रु. ९ करोड ३९ लाख ४४ हजार र अन्य शुल्क रु.२ करोड ३३ लाख ६६ हजार लिएकोमा कुल शुल्क आम्दानीमा भर्ना र अतिरिक्त शिक्षण शुल्कको अंश ४१.७८ देखि ७६.४६ प्रतिशत रहेको पाईयो । शिक्षण संस्थाले विद्यार्थीबाट लिने कुल शुल्कमध्ये १९.९२ प्रतिशतसम्म कर नलाग्ने गरी अन्य शुल्क उठाएको पाइयो । यसबाट राज्यले प्राप्त गर्ने राजश्व गुमेको अवस्था पाइएकोले भर्ना तथा अन्य शुल्क सम्बन्धी मापदण्ड निर्धारण हुनुपर्दछ ।

१३. **सामाजिक सुरक्षा कर** : आर्थिक ऐन, २०७२ को दफा २८ मा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्ति र दम्पतीको आयमा निश्चित रकमसम्म स्रोतमा कट्टी गरी असूल गरिने र असूल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिने व्यवस्था छ । यस वर्ष सामाजिक सुरक्षा कर रु.४ करोड ७९ लाख ३६ हजार असुल भई नेपाल सरकारको राजश्व खातामा दाखिला भएको छ । यस्तो करलाई व्यवस्थित गर्न कर दाखिला गर्दा कोषबाट जारी भएको परिचयपत्र नम्बर अनिवार्य रुपमा उल्लेख गर्न लगाउने वा कामदार तथा कर्मचारीलाई आन्तरिक राजस्व विभागले व्यक्तिगत स्थायी लेखा नम्बर लिन अनिवार्य गर्नुपर्दछ ।

१४. **ह्रास खर्च** : क्लीङकरमा आधारित सिमेन्ट उत्पादन तथा विक्री गर्ने एक करदाताले आ.व. २०७०।७१ मा गरेको आर्थिक कारोवार सम्बन्धमा २०७१।९।३० मा पेश गरेको आय-व्यय विवरण उपर कार्यालयबाट पूर्ण कर परीक्षण भएको फाइल परीक्षण गर्दा करदाताले पेश गरेको स्थिर सम्पत्तिको विवरण अनुसार रु. ५करोड ८० लाख ७२ हजार को भवन यो वर्ष बनेको देखाएको छ । भवन सम्बन्धी सामान खरिद विवरण अनुसार आर्थिक वर्ष २०६७।६८ देखि भवन बनाउन शुरु भएकोमा २०७१ आषाढसम्म पनि भवनका लागि आवश्यक सामाग्री तथा ज्याला यो वर्ष रु. १ करोड १९ लाख ९१ हजार भुक्तानी भएको इटा, रङ रोगन जस्तापाता तथा मार्वल समेत वर्षान्तसम्म खरिद भएको देखिएकोले भवन अन्तिम त्रैमासिकमा निर्माण सम्पन्न भएको देखिन्छ । अन्तिम त्रैमासिकमा मात्र सम्पन्न भएको दावी गर्न स्थिर सम्पती भवन उपयोगमा आएपश्चात मात्र ह्रासखर्च दाबी गर्न मिल्नेमा वर्षको शुरु देखि नै दाबी गरेको छ । आयकर ऐन, २०५८ को अनुसूची-२ बमोजिमको एक तिहाई ह्रासकट्टीले हुने रकमको दरमा एक तिहाइले थप हुनेरु.१२ लाख ९१ हजार ह्रासकट्टी हुनु पर्नेमा रु. २७ लाख ६३ हजार ह्रास कट्टी खर्च लिएकोले बढी खर्च दावी गरेको रु.१७ लाख ७२ हजारलाई आय मानी निजको नोक्सानीमा समायोजन हुनुपर्ने देखियो ।

१५. **जर्ति खर्च** : एक इनर्जि सेन्टरले आर्थिक वर्ष २०७१।७२ मा रु.३१ करोड ९९ लाख आर्थिक कारोवारमा रु.५१ लाख करयोग्य आय पेश गरेको र कार्यालयबाट पूर्ण कर परीक्षण हुँदा रु.५६ लाख शंसोधित कर योग्य आय कायम गरेको छ । करदाताले आर्थिक विवरण साथ पेश गरेको अनुसूची-१२ अन्तर्गत प्रशासनिक खर्चमा भ्रमण खर्च रु.१३ लाख ४२ हजार र भ्रमण तथा मार्केटिङ खर्च भनि रु.११ लाख ४४ हजार उल्लेख गरेको छ । गत वर्ष यस्तो प्रकृतिको खर्च देखाएको छैन । भ्रमण तथा मार्केटिङ खर्च देखाउँदा देखाउदै जर्नि खर्च भनि भ्रमण खर्चकै प्रकृतिको खर्च दावी गरेको तथा लेजरमा सो कस्तो प्रकृतिको खर्च हो भनि उल्लेख नगरी विभिन्न मितिमा खर्च भएको विवरण मात्र राखेकोले जर्ति खर्च

भनि उल्लेख भएको सो रकमले कर योग्य आयलाई प्रत्यक्ष प्रभाव पार्ने हुँदा रु.१३ लाख ४२ हजार अमान्य गरी सोमा आयकर ऐन, २०५८ को अनुसूची-१ अनुसार २५ प्रतिशतले हुने रु.३ लाख ३५ हजार कर र दफा १२० (क) अनुसारको शुल्क असुल गर्न छानविन हुनुपर्दछ ।

१६. **विकि आय नदेखाएको :** निर्माण सम्बन्धी काम गर्ने एक करदाताको आ.व. २०७१।७२ को आर्थिक कारोवारको करपरीक्षणको फाइलपरीक्षण गर्दा करदाताले आ. व. २०७१।७२ मा पेश गरेको अग्रिम आयकर प्रतिवेदन अनुसार रु.५ करोड ३१ लाख ५८ हजारको विक्री र रु.७ लाख ९७ हजार भुक्तानी गरेको देखिन्छ । करदाताले सोही अवधिमा पेश गरेको अनुसूची-१० को विवरणमा अग्रिम क्रेडिट दावि अनुसार रु.२७ लाख ५९ हजार अग्रिम आयकर दावि गरेको छ । अग्रिम आयकर प्रतिवेदनमा उल्लेख भएको रकममध्ये रु.४६ हजार अनुसूची-१० मा समायोजन नदेखाएकोले कुल अग्रिम आयकर रु.२८ लाख ५ हजार हुन गएको छ । यसको आधारमा कुल विक्री रु.१८ करोड ७० लाख १५ हजार हुन आउँछ । करदाताले देखाएको विक्री रु.१८ करोड ३५ लाख ९६ हजार मात्र देखिंदा बढी भएको विक्री रु. ३४ लाख १९ हजारको कुल विक्रीमा लागत अनुपात ४४.८४ देखिएकोले रु.१५ लाख ३३ हजार थप आय देखिंदा ऐनको अनुसूची-१ अनुसारको २५ प्रतिशतले लाग्ने कर रु. ३ लाख ८३ हजार र दफा १२० (ख) अनुसारको शतप्रतिशत जरिवाना एवं दफा ११९ अनुसारको व्याज समेत असुल गर्न कर निर्धारण हुनुपर्दछ ।

१७. **व्याज खर्च :** आयकर ऐन, २०५८ को दफा १४ बमोजिम ऋण दीयत्वको व्याज मात्र कट्टी गर्न पाउने व्यवस्था छ । विविध वस्तुहरुको आयात निर्यात गर्ने एक करदाताले आ.व. २०७१।७२ मा गरेको कुल विक्री तथा अन्य आयगरी रु.२ करोड ३८ लाख ३१ हजारको कारोवार गरेकोमा कार्यालयबाट कर लेखापरीक्षण भई रु.५० लाख १ हजार करयोग्य आय कायम गरेको छ । करदाताले यो वर्षरु.२१ करोड ५४ लाख ९८ हजार ऋण लिएको देखाएको छ । र छोटो अवधिको ऋण/सापटी ४ जना संचालकलाई रु.३ करोड ५२ लाख २१ हजार र एक इम्पेक्स इन्टरनेशनललाई रु.४ करोड ३ लाख ५० हजार समेत रु.७ करोड ५५ लाख ७० हजार सापटी दिएको देखिन्छ । कर लेखापरीक्षण प्रतिवेदनको सि.नं. १२(घ) मा करदाताले ४ जना संचालकलाई दिएको सापटीबाट १५ प्रतिशत व्याज प्राप्त भएको भनि आय विवरणमा समावेश गरेको छ । तर सो इन्पेक्सबाट बैंकलाई तिरेको व्याज दर (अर्थात ८.५ प्रतिशत) मा नै सापटी दिएको भनि रु.२८ लाख १५ हजार व्याज आम्दानी प्राप्त गरी आयमा समावेश गरेको देखिन्छ । व्यवसायीले व्यवसायिक प्रयोजनको लागि मात्र ऋण लिनुपर्नेमा गैर व्यवसायिक प्रयोजनमा ऋण लिएको र सो ऋणलाई सापटी दिएको तथा स्वयं सञ्चालकले करदातालाई तिरेको व्याज दर भन्दा न्यून दरमा सापटी दिइ ऋणको दुरुपयोग समेत गरेकोले सो इम्पेक्सलाई दिएको रकमको दर कम्तिमा पनि सञ्चालकलाई दिएको १५ प्रतिशत दरभन्दा कम हुन नहुने देखिदा १५ प्रतिशतले दरले हुन आउने रु.४९ लाख ६८ हजारमा एक इम्पेक्स इन्टरनेशनलले तिरेको रु.२८ लाख १५ हजार व्याज घटाउँदा हुने रु.२१ लाख ७३ हजारलाई करयोग्य आय थप भएको मानि आयकर ऐनको अनुसूची-१ अनुसार २५ प्रतिशतले हुने रु.५ लाख ४३ हजार कर र दफा १२० (क) अनुसारको शुल्क तथा दफा ११९ अनुसारको व्याज असुल गर्न छानविन गर्नुपर्ने देखिन्छ ।

१८. आयकर ऐन, २०५८ को दफा ४० मा कुनै सम्पत्तिबाट दायित्व हटेमा सो सम्पत्तिको निसर्ग गरेको मानिने व्यवस्था छ । तामा तथा पित्तल धातुको प्रयोग गरी ब्राससिट एण्ड सर्कल तथा कपर सिट र सर्कल बनाउने एक करदाताले आर्थिक वर्ष २०७१।०७२ को आर्थिक विवरण साथ रु.८३ लाख ४८ हजार करयोग्य आय स्वय निर्धारण गरी कारोबार विवरण पेश गरेकोमा कार्यालयबाट पूर्ण लेखापरीक्षण गरी २०७३।२।३२ को निर्णयबाट रु.९७ लाख २० हजार संशोधित कर निर्धारण गरेको छ । प्रा.लि.ले यो वर्ष मेशिन बिक्री भनी रु.४० लाख नगद प्रवाह विवरणमा आम्दानी देखाएको छ । वित्तीय विवरणको अनूसूची-४ स्थिर सम्पत्तिको ह्रास कट्टी विवरणमा मेशिनको विक्री मुल्य रु.२१ लाख ७६ हजारमात्र देखाएकोले रु.१८ लाख २४ हजार बिक्री मुल्यभन्दा किताबी मूल्य कम हुनगएको देखिंदा सो रकमको सम्बन्धमा हिसाव भिडान विवरण पेश नभएकोले दफा ४० अनुसार निसर्गबाट प्राप्त आम्दानी मानि

अनूसूची-१ अनुसार २५ प्रतिशतले हुने रु.४ लाख ५६ हजार कर र दफा १२० (क) अनुसारको शुल्क तथा दफा ११९ अनुसारको व्याज असुल गर्न छानविन हुनुपर्ने देखियो ।

१९. **वैंक ऋण :** आयकर ऐन, २०५८ को दफा १४ वमोजिम व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसायबाट आय आर्जन हुने कार्यका लागि सृजना भएको ऋण दायित्वको खर्च कट्टी लिन पाउने व्यवस्था छ । विविध वस्तुको व्यापार व्यवस्थापन गर्ने एक करदाताले आय वर्ष २०७१।७२ को आय विवरण साथ पेश गरेको बासलात अनुसार तिर्न बांकी बैंक ऋण रु.२१ करोड ५० लाख ५५ हजारको व्याज खर्च वापत रु.१ करोड ३४ लाख २२ हजार खर्च दावि गरेको छ। यसरी ऋण लिएको मध्ये एक बैंकको नोभेम्बर ३०,२०१५ को पत्रबाट निज करदाताको नाममा रु.४ करोड ५३ लाख ऋण रहेको र सोमध्ये छोटो अवधिको ऋण रु.१७ लाखको रु. २२ लाख ४८ हजार व्याज चार्ज गरेको आधारमा करदाताले सोही बमोजिम व्याज खर्च दावि गरेको देखिन्छ। यसरी जरीवाना लाग्ने गरी छोटो अवधिको ऋण लिई निज करदाताले दावि गरेको व्याज खर्च मध्ये औसत व्याज दर अधिकतम १० प्रतिशतले रु.१७ लाखको रु.१ लाख ७० हजार व्याज खर्च मान्य र बांकी रु.२० लाख ७८ हजार खर्च अमान्य गरी सोमा आयकर ऐन, २०५८ को अनुसूची-१ दफा २ बमोजिम २५ प्रतिशतले लाग्ने कर रु.५ लाख १९ हजार र ऐनको दफा १२० (क) बमोजिम ५० प्रतिशत थप शुल्क समेत छानविन गरी असुल गर्नुपर्ने देखिन्छ।

२०. **संचालक सापटी :** आयकर ऐन, २०५८ को दफा १४ वमोजिम व्यवसायबाट भएको आय गणना गर्ने प्रयोजनको लागि सो व्यवसायबाट आय आर्जन हुने कार्यका लागि सृजना भएको ऋण दायित्वको खर्च कट्टी लिन पाउने व्यवस्था छ। मदिराजन्य बस्तु खरिद तथा बिक्री वितरण गर्ने एक कर दाताले आय वर्ष २०७१।७२ को आय विवरण साथ पेश गरेको नाफा नोक्सान हिसाबमा व्याज खर्च भनी रु.९२ लाख ३५ हजार खर्च दावि गरेको छ । करदाताले पेश गरेको बासालात अनुसार विभिन्न बैंकहरुबाट ऋण लिएको रु.११ करोड १ लाख ७२ हजारको आधारमा कुल रकमको औषत व्याजदर ८ प्रतिशतले खर्च दावि गरेको देखिन्छ । करदाताले रु.७ करोड ७४ लाख २२ हजारसोहि प्रतिशतको व्याज दरले २ संचालकलाई ऋण दिएको छ। कर लेखापरीक्षणको क्रममा पेश भएको व्याजदर ८ प्रतिशत भएको भनि सम्बन्धित बैंकले दिएको विवरण अनुसारको रु. ५६ लाख ६७ हजार अन्य व्यवसायिक आम्दानीमा समायोजन गरेको देखिन्छ । यसरी बैंकबाट ऋण सापटी लिंदाको व्याजदरमा नै गैह्र व्यवसायीक प्रयोजनको लागि ऋण दिएको देखिदा बैंकबाट प्राप्त कर्जाको दुरुपयोग भएको स्पष्ट हुन्छ। आयकर ऐन अनुसारको सामान्य व्याजदर पनि आम्दानी नगरेको हुँदा ऋण रकमको औषत १५ प्रतिशतले हुने रु.१ करोड १६ लाख १३ हजार आम्दानी देखिनुपर्नेमा सञ्चालकले तिरेको रु.५६ लाख ६७ हजार घटाई हुन आउने रु. ५९ लाख ४६ हजारमा अनुसूची-१ अनुसारको २५ प्रतिशतले हुने रु.१४ लाख ८७ हजार छानविन गरी असुल गर्नुपर्ने देखियो।

२१. **लेखापरीक्षण :** कार्यालयमा आर्थिक वर्ष २०७१।७२ सम्मको आय विवरण पेश गरेका मध्ये केही करदाताहरुको छनौट गरी परीक्षणगर्दा देखिएको व्यहोरा निम्न छन् :-

२१.१ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ (३) अनुसार करदाताले कर योग्य आय एवं प्रत्यक्ष सम्बन्ध राख्ने खर्चहरु मात्र समावेश गरी कर कट्टी गर्न पाउने व्यवस्था गरेको छ। ढुङ्गा क्रसरको कारोवार गर्ने एक करदाताले आर्थिक वर्ष २०६९।७० देखि २०७१।७२ सम्म रु.१० करोड २९ लाख ५१ हजारको विक्री गरेकोमा रु.७ करोड ७७ लाख ८९ हजारको निर्यात गरेको, रु.२ करोड ५ लाख ५ हजारको मु.अ.कर छुटको विक्री गरेको र रु.४६ लाख ५७ हजार करयोग्य विक्री गरेको छ। कुल विक्रीमा मुल्य अभिवृद्धि कर नलाग्ने विक्री १९.९१ प्रतिशत हुनआउँछ । यसै अवधिमा करदाताको २०७२ आषाढ मसान्तसम्म रु.९१ लाख ६५ हजारको मुल्य अभिवृद्धि कर क्रेडिट दावी गरेको छ । निज करदाताले समानुपातिक क्रेडिटवापत कुनै रकम डेबीट समायोजन गरेको छैन । विक्री रकममा मुल्य अभिवृद्धि कर नलाग्ने विक्रीको अंश १९.९१ प्रतिशत रहेकोले सो आधारमा समानुपातिक हिसाबले रु.१८ लाख २५ हजार

समायोजन गर्नुपर्नेमा नगरेकोले बढि क्रेडिट दावी गरेको सम्बन्धमा छानविन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

२१.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ अनुसार दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित वस्तु वा सेवा आयात गर्दा तिरेको करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न पाउने व्यवस्था गरेको छ । एग्रो प्रोडक्टस गर्ने एक प्रा.लि. ले आ.व. २०६९/७० देखि २०७१।७२ सम्म पेश गरेको रिटर्न डिटेल विवरण अनुसार यो अवधिमा कुल रु.१ करोड ९८ लाख ३३ हजार मुल्य अभिवृद्धि करयोग्य वस्तु खरिद, रु.४३ लाख २१ हजार करयोग्य आयात र कर छुटको खरिद रु.१६ लाख ५१ हजार गरेको छ । सो करदाताले सोही अबधिमा रु.१ करोड ९४ हजारको निर्यात गरेको र रु.७ लाख ६९ हजारको कर योग्य विक्री गरेको छ । निजले मुल्य अभिवृद्धि कर रु.५३ लाख २८ हजार क्रेडिट दावी गरेको देखिन्छ । करदाताको खरिदभन्दा विक्री रकम न्यून देखिन्छ । पुंजीगत तथा प्रशासनिक प्रकृतिको खरिद समेत देखिदैन । उक्त एग्रो प्रोडक्टस प्रा. लि. ले पेश गरेको वित्तीय विवरण अनुसार २०७२ आषाढ मसान्तसम्म रु.५८ लाख १२ हजारको सामान अन्तिम मौज्दात देखिन्छ । सो आधारमा मु.अ.कर रु.७ लाख ५६ हजार मात्र क्रेडिट हुनुपर्नेमा करदाताले रु.५३ लाख २८ हजार मु.अ.कर क्रेडिट देखाएकोले बढि क्रेडिट दावी गरेको रकम समायोजन गर्न कर निर्धारण हुनुपर्ने देखियो ।

२१.३ सामान्य लेखाको सिद्धान्त अनुसार व्यवसायमा भएको सबै विक्रीलाई आर्थिक विवरणमा समावेश गर्नु पर्दछ । एक कन्स्ट्रक्सनले आर्थिक वर्ष २०७१।७२ मा पेश गरेको वित्तिय विवरणमा रु.१३ करोड ३ लाख ३७ हजार विक्री देखाएको छ । सोही अवधिमा पेश गरेको रिर्टन डिटेल्समा कर योग्य विक्री रु.१४ करोड ६ लाख ४२ हजार  देखिएकोले रिर्टन डिटेल्सभन्दा वित्तीय विवरणमा पेश गरेको विक्री रु.१ करोड ३ लाख ४ हजार घटी देखिन्छ । यसरी घटी विक्री देखाएकोमा उक्त कन्स्ट्रक्सनले सोही वर्ष पेश गरेको कुल मुनाफा दर ४.२६ प्रतिशतले हुने रु.४ लाख ३९ हजारमा आयकर ऐन, २०५८ को अनुसूची-१ अनुसार २५ प्रतिशतले लाग्ने कर रु. १ लाख १० हजार  र सोमा लाग्ने शुल्क जरिवाना र व्याज समेत छानविन गरी असुल गर्नुपर्ने देखिएको छ ।

२१.४ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ (३) अनुसार करदाताले कर योग्य आय एवं प्रत्यक्ष सम्बन्ध राख्ने खर्चहरु मात्र समावेश गरी कर कट्टी गर्न पाउने व्यवस्था गरेको छ । एक करदाताले आर्थिक वर्ष २०६९।७० देखि २०७१।७२ सम्म पेश गरेको रिटर्न डिटेल अनुसार करयोग्य विक्री रु.८९ लाख १७ हजार र कर छुटको विक्री रु.१८ करोड ३४ लाख २९ हजार समेत कुल विक्री रु.१९ करोड २३ लाख ४७ हजार विक्री देखिन्छ । कुल विक्रीमा कर छुटको विक्री ९५.३६ प्रतिशत रहेकोले कुल मुल्य अभिवृद्धि कर क्रेडिट बांकी रकम समेत सोही बमोजिम समायोजन गर्नुपर्नेमा गरेको छैन । करदाताले मुल्य अभिवृद्धि कर क्रेडिट देखाएको रु.९५ लाख ५९ हजारको ९५.३६ प्रतिशतले रु.९१ लाख १६ हजार नपाउने मुल्य अभिवृद्धि कर रकम उपर छानविन गरी असुल गर्न कर निधार्रण हुनुपर्ने देखियो ।

२१.५ करदाताले आयकर ऐन, २०५८ को दफा ७ वमोजिम व्यवसायीक मुनाफा गणना गर्दा सो दफाको उपदफा २ (घ) अनुसारको सम्पत्ति निसर्गबाट प्राप्त आय समेत समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । खाद्य सामानको उत्पादन गरी विक्री वितरण गर्ने एक उद्योगले आर्थिक वर्ष २०७२।०७३ मा लिपनी विर्ता वडा नं. ५ को कि.नं. २७१ को  विभिन्न ३ वटा कित्ताको १२ कठ्ठा ११ धुर जग्गा एक वनस्पति प्रा.लि.लाई २०७३।३।२८ र.नं. ८८०० (क) बाट रु.६० लाख  थैलि कायमगरि विक्री गरेको देखिन्छ । उक्त जग्गाको परल मुल्य र लागेको शुल्क रु.२ लाख ४० हजार समेत रु.६२ लाख ४० हजारको सम्पत्ति खरिद भनि सो उद्योगले आर्थिक विवरणमा जनाएको छ । उद्योगले पेश गरेको वासलातमा स्थिर सम्पतितर्फ रु.१४ लाख ४ हजारले गत वर्षभन्दा कमि रहेको देखिन्छ । त्यसैगरी नगद प्रवाह विवरण तर्फ स्थिर सम्पति/लगानी विक्री भनि रु.४१ हजार  मात्र आम्दानी देखाएको छ । करदाताले पेश गरेको अनुसूची-५ को विवरणमा उत्पादन तर्फ विक्री देखाएको छैन । तर व्यवसायसंग प्रत्यक्षरुपमा सम्बन्धित लगानीबाट प्राप्त गरेको रु.३६ लाख मात्र देखाएको र विवरण पूर्ण नभएको स्थिति छ । ह्रास कट्टीको विवरणमा गत वर्षसम्म रु.१६ लाख २७ हजार मात्रको जग्गा रहेकोमा यो वर्ष रु.४१ हजार

निसर्ग गरेको भनि रकम खुलाएकोले रु.१५ लाख ८६ हजारको जग्गा बाँकी देखिएको छ । माथि उल्लेखित अवस्था र आधारबाट करदाताले यो वर्ष निसर्गबाट प्राप्त आम्दानीलाई यथार्थ रुपमा आर्थिक विवरणमा समावेश गरेको छैन । करदाताले लगानी सम्बन्धी विवरण अनुसूची-४ मा राखेको व्यहोरा वासलातमा रहेता पनि सो अपलोड गरेको पाइएन । जसले गर्दा ह्रास कट्टीको विवरणमा उल्लेखित जग्गाको निसर्गबाट प्राप्त विक्री रु.४१ हजारभन्दा बढी वास्तविक निसर्ग हुन गएको रकम रु.५९ लाख ५९ हजारलाई वास्तविक आय मानिएको हुँदा लगानीबाट प्राप्त आय रकममा २५ प्रतिशतले लाग्ने कर रु. १४ लाख ९० हजार र दफा १२० (ख) अनुसारको शतप्रतिशत रकम जरिवाना एवं व्याज समेत असुल गर्न छानविन हुनुपर्ने देखिन्छ ।

२२. **स्वास्थ्य सेवा शुल्क** : यस कार्यालय अन्तर्गत दर्ता भई स्वास्थ्य सेवा संचालनमा संलग्न रहेका करदातामध्येका करदाता छनौट गरी आयवर्ष २०७१।७२ मा पेश गरेको आय विवरण र स्वास्थ्य सेवाशुल्क दाखिला गरेको कार्यालयको अभिलेखको आधारमा परीक्षण गर्दा विभिन्न ६ करदाताले रु.४५ लाख ४६ हजार दाखिला गर्नुपर्नेमा रु.१४ लाख ४१ हजार मात्र दाखिला गरेको देखिएकोले घटी दाखिला रु.३१ लाख ५ हजार स्वास्थ्य सेवा शुल्क र सोमा लाग्ने जरिवाना एवं व्याज समेत असुल गर्नुपर्ने देखिन्छ ।

२३. **कारोबार नदेखाएको** : आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम प्रत्येक व्यक्तिले आयवर्ष समाप्त भएको तीन महिनाभित्र आन्तरिक राजस्व विभागले तोकेको स्थानमा तोकिएबमोजिम आय विवरण पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गतका ७ करदाताले आर्थिक वर्ष २०६९।७० देखि २०७१।७२ सम्म अन्य करदातासंग रु.१३ करोड २८ लाख १० हजार कारोवार गरेको मिस म्याच प्रतिवेदनबाट देखिएको छ । कार्यालयबाट पर्याप्त अनुगमन हुन नसक्दा त्यस्ता करदाताहरुले कर बिवरण पेश नगरेकोले छानविन गरी नदेखाएको उक्त कारोबारमा आयकर ऐन, २०५८ को अनुसूचि-१ बमोजिम २५ प्रतिशतले लाग्ने कर रु.३ करोड ३२ लाख २ हजार तथा शुल्क र जरीवाना समेत असुल गर्न कर निर्धारण गर्नुपर्ने देखियो ।

२४. **भवन निर्माण** : सम्झौता मितिले १५ महिना भित्र काम सम्पन्न गर्ने गरी मु.अ.कर बाहेक रु.३ करोड ७१ लाख ३३ हजारको लागतमा कार्यालय भवन निर्माणको लागि २०७०।१०।२६ मा एक निर्माण व्यवसायीसँग सम्झौता भएको छ । काम सम्पन्न गर्नुपर्ने म्याद समाप्त भएको मितिले २०७३ चैत्र मसान्तसम्मको लागि २ वर्ष ११ महिना ६ दिन अर्थात शुरु अवधिको १३५ प्रतिशत बढी अवधि म्यादथप गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम सम्झौता रकमको ०.०५ प्रतिशतले लाग्ने पुर्व निर्धारित क्षतिपूर्ति बेगर म्यादथप गरेको मनासिव देखिएन । यो वर्ष मु.अ.कर समेत रु.२ करोड ४१ लाख ८९ हजार आठौं रनिङ्ग विलसम्मको भुक्तानी भएको छ । आ.ब.को अन्तसम्म उक्त निर्माण व्यवसायीको नाममा फछ्र्यौट नभई बांकी रहेको गत विगतको पेश्की रु.१७ लाख आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ बमोजिम असुल फछ्र्यौट हुनुपर्दछ ।

२५. **धरौटी** : आर्थिक विवरणमा धरौटी तर्फ श्रेस्ताअनुसार रु.१ करोड ६६ लाख ५६ हजार मौज्दात देखिएकोमा धरौटीको व्यक्तिगत विवरणमा नामनामेसी नखुलेको रु. ५० हजार समेत रु.१ करोड ६२ लाख ५ हजार बैंकमा मौज्दात रहेको देखिन्छ । श्रेस्ताभन्दा घटी मौज्दात रहेको रु.४ लाख ५० हजार सम्बन्धमा छानविन गरी एकिन गर्नुपर्ने भनी विगत वर्षहरुदेखि औंल्याउदै आएकोमा स्थिति यथावत छ ।

## कारागार कार्यालय

१. **कानूनको पालना** : हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा तालुक कार्यालयले समयमा नै खर्च गर्ने अख्तियारी

नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, आन्तरिक लेखापरीक्षणको वेरुजु उपर कारवाही नगरेको, अधिंकाश बजेट रकम आषाढ महिनामा खर्च गरेको, कार्यक्रमगत खाता नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **औषधी खर्च** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाइ सहितको खर्च प्रमाणित गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष रु.१३ लाख ६५ हजार औषधी खरिदमा खर्च गरेको छ । औषधि खरिदको भुक्तानीमा विरामीको प्रेस्क्रीप्सन वेगर एक मेडिकललाई भुक्तानी गरेको छ ।

३. **सामाजिक सुरक्षा खर्च** : यो वर्ष रु.३ करोड ५ लाख ४८ हजार सामाजिक सुरक्षाबाट वन्दीको नगद सिदा, सिरक डसना, तन्ना र नेपाल खाद्य संस्थानवाट चामल खरीद वापत खर्च लेखेको छ । वन्दीहरुको मासिक विवरण उपलब्ध भएन । नेपाल खाद्य संस्थानसंग यो वर्ष २७५१.४०० क्विन्टल चामल खरीद गरी रु.१ करोड १८ लाख ३१ हजार भुक्तानी गरेको छ । दैनिक तथा मासिक कैदी वन्दी र दैनिक सिदा खर्चको विवरण पेश नभएकोले उक्त खर्च यकिन गर्न सक्ने अवस्था रहेन ।

४. **चामल वितरण** : वर्षान्तमा चामलको आम्दानी खर्च खातामा ६०.४९५० क्वीन्टल बढी खर्च भनी ह्रास मौज्दात देखाएको छ । कैदी वन्दीलाई अत्यावश्यक र न्यूनतम नभै नहुने सुविधा मध्येको रासन वितरण गर्न वांकी छ भन्ने जवाफ तर्क संगत र कानूनी देखिएन । स्वीकृत वजेट अपुग भएको भनी उक्त शिर्षकमा थप वजेट माग गरेको नदेखिंदा रकम अपुग भै चामल खरिद गर्न नसकेको अवस्था पनि छैन । उक्त अपुग चामलको हुने रकमको मुल्य भुक्तानी दिन वांकीको अभिलेखमा पनि समावेश गरेको कागजात पेश नभएकोले चामल वितरण कार्य र प्रक्रिया ठिक छ भन्ने अवस्था देखिएन । नेपाल खाद्य संस्थानको तत्कालिन खरिद मूल्य प्रति क्वी.रु.४३००।- दरले फरक परीमाण ६०.४९५० को हुने रु.२ लाख ६० हजार खर्च उपर सम्वन्धीत मन्त्रालयवाट आवश्यक छानविन हुनुपर्दछ ।

५. **सिरक, डस्ना र तन्ना वितरण** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष ७५९ जना कैदी वन्दीलाई प्रति सिरक रु.२,०३४।- डस्ना रु.१,५८२।- र तन्ना रु.६८७।- का दरले वितरण देखाएकोमा ३ वन्दीले उक्त सामान वुझि लिएको भरपाई पेश नभएकोले खरिद मुल्यमा रु.१२ हजार ९०९ वढी खर्च लेखेको रकम असुल गर्नु पर्दछ ।

६. **मू.अ.करको जानकारी** : प्रतिस्पर्धाको माध्यमवाट यो वर्ष एक सप्लायर्सवाट सिरक, डस्ना र तन्ना खरिदको रु.३२ लाख ५० हजार भुक्तानी दिएको छ । आपूर्तकले कारोवारको वीजक आर्थिक वर्ष शुरु भएको करीव ८ महिना पछि मात्र जारी गरेको छ । मुल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६(क) को व्यवस्था अनुसार उल्लेखित मु.अ.कर रु.३ लाख ७४ हजार भुक्तानी भएको सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिएको नदेखिदा समायोजन भएको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

७. **प्रमाण वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई संलग्न गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यो

वर्ष २०७२ फागुनको तलव रु.१ लाख ७२ हजार र भत्ता रु.७ हजार समेत रु.१ लाख ७९ हजार खर्च लेखेकोमा ३ कर्मचारीले वुझी लिएको भरपाई वेगर रु.५१ हजार ७४७ अनियमित खर्च लेखेको देखिन्छ ।

८. **आय व्यय तर्फ** : गत वर्ष कारागार क्षेत्र भित्र बायोग्यास प्लान्ट जडान गर्न रु.४ लाख ९५ हजार र सोलारको लागि रु.१ हजार समेत रु.४ लाख ९६ हजार वजेट विनियोजन भएकोमा चालुवर्षमा समेत उक्त रकम खर्च नगरी विविध खातामा मौज्दात राखेको पाइयो । खर्च नभएको सो रकम संचित कोष दाखिला गरी हिसाव मिलान गर्नु पर्दछ ।

९. **धरौटी** : सार्वजनिक खरिद नियमावली,२०६४ को दफा १२३ अनुसार सार्वजनिक निकायले ठेक्का पट्टाको रकम  कर वीजकको आधारमा भुक्तानी गर्दा ५ प्रतिशतले हुने रकम धरौटी कट्टा गर्नु पर्नेमा रु.३२ लाख ५० हजार एक आपूर्तकलाई भुक्तानी दिएकोमा ५ प्रतिशतले हुने रु.१ लाख ६२ हजार धरौटी कट्टा गर्नु पर्नेमा सो नगरी बिल रकमको सबै भुक्तानी गरेको नियमित देखिएन ।

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्य नभएको, कार्यालयको लक्ष्य हासिल गर्न बाधा पुऱ्याउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको,बार्षिक खरिद योजना तयार नगरेको, रसिद नियन्त्रण खाता नराखेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **कानूनको पालना** : हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली मुल्यांकन गर्दा समयमा खर्च गर्ने अख्तियारी  नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, अनुदान वितरण खर्च सार्वजनिक नगरेको, आन्तरिक लेखापरीक्षणको वेरुजु उपर कारवाही नगरेको, तोकेको ढाँचामा धरौटीको अभिलेख खाता नरहेको, म.ले.प.फा.नं. २ को अभिलेख नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **प्रतिफल** : यस वर्ष लक्षित कार्यक्रमका लागि जिल्ला कृषि विकास समितिको २०७३।३।२८ को निर्णय वाट १२० जनालाई प्रति व्यक्ति रु.३० हजारका दरले रु.३६ लाख अनुदान भुक्तानी भएको छ । व्यावसायिक तरकारी खेतीमा उत्पादन वृद्धि भइ तरकारी वजारसम्म पुगी व्यावसायिकरण भए नभएको स्थलगत प्रतिवेदन पेश भएको छैन । यसबाट लक्षित वर्गले प्रतिफल प्राप्त गर्न सके/नसकेको विषयमा यकिन गर्न सकिएन ।

३. **गुणस्तर परीक्षण** : कृषकलाई वितरण गर्ने धान, गहुँ, घाँसको गुणस्तर कृषकले उपयोग गर्ने कृषि सामाग्रीको स्पेशिफिकेशन, त्यसको उपयोगको तरीका वारे कृषि कार्यालयका प्राविधिकवाट निरीक्षण तथा अनुगमन गर्नुपर्दछ । यसवर्ष रु.४ लाख ९९ हजारको बीउ तथा रु.१७ लाख ६५ हजारका एरियटर-७, थ्रेसर-४, मेनुल पेडोल हार्भेष्टर-१४, र कल्टीभेटर खरिद भएकोमा सामाग्रीको स्पेशिफिकेशन निर्धारण गरेको छैन । प्राप्त सामानको स्पेशिफिकेशन र गुणस्तरको अनुगमन निरीक्षण, परीक्षण नगरेकोले गुणस्तरयुक्त सामाग्री वितरणको निश्चितता भएन ।

४. **आन्तरिक लेखापरीक्षण** : आन्तरिक लेखापरीक्षण समेतबाट औंल्याइएका देहायका व्यहोराहरु उपर आवश्यक कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।

४.१ एक तरकारी संकलन केन्द्र निर्माण उपभोक्ता समितिको विल भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन संलग्न नराखी रु.३ लाख ६७ हजार भुक्तानी गरिएको छ ।

४.२ एक कृषि सहकारी संस्था लिमिटेडलाई हर्दिनाथ धानको ५० प्रतिशत अनुदान दिंदा रु. २२५०।- वढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

४.३ कृषकले अनुदान प्राप्त गर्ने सामाग्री कृषकले खरीद गरी पेश गरेको विलमा ७५ प्रतिशत नगद अनुदान दिनुपर्नेमा त्यसो नगरी कार्यालयले आफै खरीद गरि वितरण गरेको छ । सामान खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको पालना गरेको देखिंदैन ।

४.४ बिल र भर्पाइभन्दा वढी भुक्तानी गरेको रु.२४९९।- असुल उपर हुनु पर्दछ ।

४.५ एक ह्याचरी मर्मत कार्यका लागि रु.५० हजार प्राविधिक मूल्याङ्कन वेगर भुक्तानी गरिएको छ ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्य नभएको, जिन्सी निरीक्षण प्रतिवेदनअनुसार समयमै लिलाम नगरेको, खर्च भएर जाने जिन्सी खाता हराएको भनी पेश नभएको, कार्यालयको निरीक्षणबाट देखिएका व्यहोरा र तत्पश्चात गरिएका सुधारहरुको अभिलेख नराखेको, कार्यालयको लक्ष्य हासिल गर्न बाधा पुऱ्याउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, जिन्सी खातामा रहेका कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कार्यालयका विभिन्न कर्मचारीहरु भ्रमणमा जादाको अभिलेख आंशिक रुपमा मात्र राखिएको, तलब र नन्स्यालरी बापत रकम पठाएका स्वास्थ्य संस्थाको अनुगमन तथा मुल्याङ्कन नगरेको, निर्माण कार्यको लागत अनुमान तयार गरी स्वीकृत गर्दा सो कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय उल्लेख गर्ने नगरेको, राजस्वतर्फ भौचर, रसिद नियन्त्रण खाता, म.ले.प. फा.नं. १०८ नराखेको, प्रगति विवरण तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **तलबी प्रतिबेदन** : निजामति सेवा ऐन ,२०४९ को दफा ७ (ख) मा जिल्ला स्थित कार्यालयका निजामति कर्मचारीहरुको सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नु पर्ने उललेख छ । कार्यालयले तलबी प्रतिवेदन पास नगरी यस बर्ष कर्मचारीहरुको तलबमा रु.८ करोड ८५ लाख ४५ हजार खर्च लेखेको देखिएकाले उक्त खर्च

ऐन सम्मत देखिएन । अतःऐन अनुसार तलबी प्रतिवेदन पास गरेर मात्र तलब खर्च लेख्ने गर्नु पर्दछ ।

३. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धामा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न हुदैन भन्ने व्यवस्था छ । कार्यालयले २ बजेट उपशिर्षकहरुबाट बिभिन्न सप्लार्यस तथा फर्महरुबाट औषधी पटक पटक सोझै खरिद गरी उक्त फर्महरुलाई रु.१४ लाख ४३ हजार भुक्तानी दिएको देखिन्छ । यसरी प्रतिस्पर्धामा सिमित हुने गरी पटक पटक खरिद गर्ने कार्य नियम सम्मत भएन ।

४. **अग्रिम आय कर** : कार्यालयले आयकर ऐन, २०५८ अनुसार भाडा, ढुवानी, पुरस्कार,पारीश्रमिक र सेवा शुल्क भुक्तानी गर्दा रु.१ लाख ७५ हजार कर कट्टा गर्नुपर्नेमा कट्टा गरेको नदेखिएकाले ऐन अनुसार कट्टा गरी सम्बन्धीत राजस्व खातामा दाखिला गर्नु पर्दछ ।

५. **फरक शिर्षकमा खर्च** : आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम ३५ (२) मा अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र, सम्बन्धित खर्च शिर्षकमा पर्दछ तथा खर्च गर्न बाँकी छ भने खर्चको निकासा दिनु पर्ने व्यवस्था छ । कार्यालयले औषधि खरिद,अन्यसेवा शुल्क जस्ता खर्च शिर्षक बाट बैठक भत्ता,छपाई आदी खर्च शिर्षकमा रु.३ लाख ८३ हजार खर्च लेखेको नियमसम्मत देखिएन ।

६. **सोझै खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा ढुवानीको लागत अनुमान तयार गरी ढुवानी खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद भएका औषधि तथा भ्याक्सिन मध्ये के कति परिमाण कुन कुन स्वास्थ्य केन्द्रमा ढुवानी गरेको हो सोको आम्दानी तथा निकासीको बिबरण समेत नखुलाई बिना लागत अनुमान सिधै रु.१० लाख ९१ हजार ढुवानी खर्च लखेको नियमसम्मत देखिएन ।

७. **नियुक्तिपत्र** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विल भरपाई एवं प्रमाण सम्लग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक चिकित्सक लाई करार सेवामा नियुक्ती गरी २०७२ भाद्र,असोज र दशै खर्च समेत रु.८१ हजार भुक्तानी दिएकोमा निजको नियुक्तिपत्र पेश नभएकाले पेश गर्नुपर्दछ ।

८. **प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गरी स्वीकृत गर्नु पर्ने उल्लेख छ । कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अनुसारका ७ तालिम, सेमिनार, गोष्ठी आदी विभिन्न कर्मचारी मार्फत सञ्चालन गरी नियमानुसारको प्रतिवेदन तयार तथा स्वीकृत नगराई रु.२७ लाख ६१ हजार खर्च लेखेको नियमसम्मत देखिएन ।

९. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमवाली ,२०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था छ । प्राथमिक स्वास्थ्य पूर्नजागरण कार्यक्रमबाट बिरगंज उपमहानगरपालिका स्थित तीन शहरी स्वास्थ्य केन्द्र लाई सञ्चालन अनुदान बापत रु. १२ लाख ४० हजार निकासा दिएकोमा उक्त खर्चको विल भरपाई पेश भएको छैन ।

१०. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमवाली ,२०६४ को नियम ३६ (३) र (८) मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न स्वास्थ्य चौकीलाई पोशाक भत्ता,सुत्केरी यातयातखर्च,आपिडि टिकट छपाई,भिटामिन ए कार्यक्रम भत्ता आदी भुक्तानी गर्दा नियमवाली अनुसार खर्चको बिल भरपाई

प्राप्त गरी रीतपुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी गर्नुपर्नेमा बीना बिलभरपाई सिधै रु.८३ लाख ६३ हजार खर्च लेखेको छ । यसैगरी कार्यालयले एक स्वास्थ्य केन्द्र स्थापनार्थ फर्निचर लगायतका सामग्री एवं औषधि खरिदको लागि रु.४ लाख ४९ हजार भुक्तानी गरेकोमा उक्त खर्चको विल भरपाई समेत पेश नभएकाले पेश हुनुपर्ने देखिन्छ ।

११. **न्यानो झोला** : कार्यालयको बजेट उपशिर्षक ३७०८०४३ बाट संचालित न्यानो झोला बितरणको स्वीकृत बार्षिक कार्यक्रममा ३००० थान झोला खरिद गरेकोमा निम्न व्यहोरा देखियो:

११.१. स्वीकृत बार्षिक कार्यक्रममा ३००० थान झोला मध्ये प्रथम चौमासिकमा १०२०, दोस्रो चौमासिकमा १०२० र तेस्रो चौमासिकमा ९६० थान बितरण गर्नुपर्ने उल्लेख छ । प्रसुति हुने वित्तिकै नवजात शिशुलाई तुरुन्त वितरण गर्ने उद्धेश्यले सालवसाली रुपमा स्विकृत भएको वार्षिक कार्यक्रम अनुसार खरिद गरी चौमासिक रुपमा वितरण गर्नुपर्नेमा २०६३ आषाढ २२ र २८ गते झोला खरिद गरेको देखिएकाले यस कार्यक्रमले निर्दिष्ट गरे अनुसार सेवाग्राहीहरुले समयमा सेवा प्राप्त गरेको सुनिश्चितता गर्न सकिएन । कार्यालयले स्विकृत वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।

११.२. स्वास्थ्य सेवा विभागबाट जारी निर्देशिका बमोजिम न्यानो झोला तोकेको स्पिेशिफिकेशन अनुसार भए नभएको आधिकारीक निकायबाट गुणस्तरको परीक्षण गर्नुपर्ने उल्लेख भएकोमा गुणस्तर परीक्षण गरेको नदेखिएकाले उक्त झोलाहरु गुणस्तरयुक्त रहे नरहेको सुनिश्चत हुने आधार देखिएन । कार्यालयले निर्देशिकाको पुणरुपमा पालना गर्नुपर्दछ ।

११.३. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ मा खरिद जिन्सी मालसामान आम्दानी बाँधी श्रेस्ता खडा गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक फर्मबाट रु.२१ लाख ३५ हजार मूल्यका ३००० थान न्यानो झोला खरिद गरेकोमा आम्दानी जनाई वितरण गरको अभिलेख राख्नुपर्नेमा आम्दानी एवं वितरणको अभिलेख राखेको छैन ।

१२. **पेश्की** : स्वास्थ्य सम्बन्धी वार्षिक प्रतिवेदन तयारी तथा छपाई कार्यको लागि एक कर्मचारीलाई रु.१ लाख ५० हजार पेश्की उपलब्ध गराएको छ । कार्यालयले उक्त छपाईको रकम सोझै आपुतर्कलाई उपलब्ध गराउनु पर्नेमा कर्मचारीलाई पेश्की दिएकाले नियमसंगत देखिएन । उक्त पेश्की रकम आ.व.को अन्त्य सम्म पनि फछ्र्यौट भएको नदेखिएकोले आर्थिक कार्यविधि नियमवाली, २०६४ अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

१३. **बिल भरपाई र प्रमाणित कच्चावारी बिना भुक्तानी** : आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम ३६ र ४० मा चालु बर्षको बजेटले नपुग्ने भएमा भुक्तानी दिन बाँकीको कच्चवारी प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । कार्यालयले एक मेडिकल कलेज लाई भुक्तानी दिन बाँकीको प्रमाणित कच्चवारी र सम्बन्धित सुत्केरीले रकम बुझेको भरपाई तथा बर्थसटिफिकेट समावेश नगरी २०७२ अषाढ महिनाको यातायात र सोधभर्ना खर्च रु.५ लाख ६५ हजार भुक्तानी दिएको नियमित देखिएन ।

१४. **बिलभरपाई** : आर्थिक कार्यविधि नियमवाली २०६४,को नियम ३६ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था छ । कार्यालयले कार्यक्रम खर्च शिर्षकबाट एक नगर स्वास्थ्य केन्द्रलाई रु.४ लाख भुक्तानी दिएकोमा खर्चको विल भरपाई सहितको श्रेस्ता पेश नभएकोले खर्चलाई पुष्ट्याई गर्ने प्रमाण पेश गर्नुपर्दछ ।

**१५.** **पेश्की** : कार्यालयले ३ कर्मचारी तथा एक संस्थालाई बिभिन्न कार्यक्रम संचालनकालागि रु.७ लाख ८० हजार पेश्की दिएकोमा आर्थिक बर्षको अन्त्य सम्म फछ्र्यौट गरेको नदेखिएकाले आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ७९(१) अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

**१६.** **राजस्व दाखिला** : आर्थिक वर्षको अन्त्यमा राजस्वको आर्थिक विवरणमा नगद बांकी देखिएको राजस्व रु.११००।- खातामा दाखिला गर्नुपर्दछ ।

**१७.** **धरौटी** : आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम ७१(२) अनुसार स्रेस्तामा आम्दानी जनिएको तर बैक मौज्दात कम भएको धरौटी हिसाब छानविन गरी असुल उपर गर्ने व्यवस्था छ । कार्यालयको श्रेस्तामा रु.५ लाख ९८ हजार बांकी देखिएकोमा बैंक अनुसार मौज्दात रु.५ लाख २३ हजार देखिएकाले घटी रु.७५ हजारको सम्बन्धमा छानविन गरी हिसाब मिलान गर्नुपर्दछ ।

## जिल्ला पशु सेवा कार्यालय

**१.** **कानूनको पालना** : सम्बन्धित ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा समयमा नै खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, आन्तरिक लेखापरीक्षणको वेरुजु उपर कारवाही नगरेको, अधिंकाश बजेट रकम आषाढ महिनामा खर्च गरेको, कार्यक्रमगत खाता नराखेको, अनुदान वितरणको अनुगमन नगरेको, म.ले.प.फा.नं. २ को अभिलेख नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

**२.** **ऋण लगानी** : घुम्ती कोष निर्देशिका, २०५५ को प्रकरण २४ मा ऋण लिने ऋणीले ऋण लिएको मितिले ६/६ महिनाको अन्तरमा बराबरी किस्तामा साँवा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको घुम्ती कोषको विवरण अनुसार म्याद नाघेको रु.१ लाख ९८ हजार र म्याद ननाघेको रु.९६ हजार ऋण लगानी गरेको देखाएको छ । निर्देशिकामा उल्लेख भए अनुसार कुनै पनि ऋणीले नियमित रुपमा साँवा बुझाएको नदेखीएकोले निर्देशिका अनुसार ऋण असुल गर्नु पर्दछ ।

## जिल्ला प्रशासन कार्यालय

**१.** **कानूनको पालना** : हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा समयमा नै खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, आन्तरिक लेखापरीक्षणको

वेरुजु उपर कारवाही नगरेको, आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **जरीवाना** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ (३) मा सरारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल भर्पाइ संलग्न गरी लेखा राख्नुपर्ने व्यवस्था छ । जिल्ला प्रशासन कार्यालयले २०७०/११/१४ मा सवारी साधनहरु (ना १ भ्ह १,बा १ भ्ह ७६७१, ना १ ब १९६९) नबिकरण तथा बिमा बापत रु.१ लाख ४ हजार खर्च लेखेकोमध्ये जरीवाना समेत रु.१५ हजार खर्च लेखेको छ । समयमा नबिकरण तथा बिमा नगरी नेपाल सरकारलाई जरीवाना बापत रु.१५ हजार बढी व्ययभार परेको छ ।

## जिल्ला प्रहरी कार्यालय

१. **कानूनको पालना** : हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा भ्रमण अभिलेख नरहेको, भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको, प्रयोगहिन जिन्सी सामानहरु लिलाम विक्रि नभएको, तोकिएको ढाँचामा जिन्सी अभिलेख नरहेको, कार्यालय प्रमुख र फाँटवालाबाट जिन्सी खाता प्रमाणित नगरेको, ईन्धन खर्चको लगबुक नराखेको आदि व्यहोरा देखिएको छ । कानूनको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. एक निर्माण व्यबसायीलाई पूँजिगत खर्चबाट भुक्तानी भएको मध्येको रु.८ लाख ७२ हजार र कार्यसञ्चालन कोषबाट एक अन्य निर्माण व्यबसायीलाई भुक्तानी भएको मोबिलाईजेसन पेश्की रु.४ लाख ८४ हजार नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१ **कानुनको पालना** : कार्यालयले आन्तरिक नियन्त्रण भरपर्दो र प्रभावकारी वनाउनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण मुल्यांङ्कन गर्दा खरिद योजना नवनाएको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको, भ्रमण अभिलेख नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन माथि कारवाही नगरेको, जिन्सी सामानको मूल्य खुलाई नराखेको, वार्षिक आर्थिक तथा कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर कारबाही नगरेको, खर्च भएको सबै विल भरपाईमा सिलसिलेवार नम्बर राखी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी भुक्तनी भएको जनाउने छाप नलगाएको, बेरुजुको लगत राख्ने, अनुगमन गर्ने, सम्परीक्षण गर्ने, असुलको लागि ताकेता गर्ने कार्य नगरेको जस्ता कमिकमजोरी देखिएका छन । यसमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

२ **चौमासिक खर्च** : कार्यालयले वार्षिक बजेट तथा कार्यक्रम अनुसार चौमासिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयमा वर्षको कुल खर्च रु.६ करोड २१ लाख ४२ हजारमध्ये तेश्रो चौमासिकमा रु.४ करोड ६७ लाख ९८ हजार र आषाढ महिनामा मात्र ५०.१२ प्रतिशत खर्च गरेको देखिन आएको छ । यसरी वर्षान्तमा काम गर्दा कामको गुणस्तरमा कमी हुने तथा अनुगमन कार्य प्रभावकारी नहुन सक्ने देखिन्छ । यस सम्बन्धमा विगतका प्रतिवेदनमा समेत औंल्याइएकोमा अद्यापि सुधारको स्थिति यथावत छ ।

३ **लक्ष्य प्रगति** : कार्यालयले निर्धारण गरेका लक्षित कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नुपर्दछ । कार्यालयबाट प्राप्त प्रगती विवरण अनुसार विभिन्न २५ कार्यक्रमहरुको प्रगती ७५ प्रतिशतभन्दा घटी रहेको छ । लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ ।

४ **अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिमार्फत निर्माण कार्य गराएकोमा उपनियम (६) बमोजिमको विल, भर्पाइ र खर्च सम्बन्धित समितिको बैठकबाट अनुमोदन गराई कुल खर्चको विवरणको अभिलेख राख्नुपर्नेमा राखेको देखिएन । अभिलेख राख्नुपर्ने व्यहोरा विगत वर्षमा समेत उल्लेख गरिएकोमा अध्यापि सुधार भएको छैन ।

५ **राजश्व** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार राजस्व लेखा तोकिएको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले राजस्वको बैंक नगदी किताब तथा गोश्वारा भौचर समेत आंशिक रुपमा मात्र खडा गरेको छ । नेपाल सरकारलाई प्राप्त राजश्व संचित कोष दाखिला हुनु पर्नेमा जिल्ला विकास समितिको खातामा जम्मा गरेको रु.७५ हजार असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ ।

६ **ठेक्का व्यवस्थापन** : राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्य संचालन सम्बन्धमा देखिएको व्यहोरा निम्न बमोजिम छन् :

६.१ आर्थिक वर्ष २०७१/७२ मा ठेक्का स्वीकृत गरी क्रियाकलाप अगाडि बढाउने कार्य रहेता पनि सो वर्षको अन्तमा सुचना प्रकाशन गरेकोले मिति २०७२।४।१५ सम्म रु.२६ करोड ५५ लाख ७५ हजारको ४ ठेक्काको बोलपत्र खोलेकोमा २०७२।११।१२ मा ठेक्का स्वीकृतगरी सम्झौता २०७२ चैत्र ५ सम्म मात्र सम्पन्न गरेको देखिदा बोलपत्र खोलेको झन्डै ७ महिना २० दिन पछि सम्झौता भएकोले समयमा ठेक्का व्यवस्था भएको देखिएन ।

६.२ कार्यालयले २०७०।७१ मा ४ वटा सडकमा ठेक्का सुरु गरी चालु अवस्थामा रहेको मध्ये यो वर्ष २ वटा कोटेशन मार्फत रु.५ लाख ३४ हजार मर्मत बापत खर्च गरेको छ । यसरी ठेक्का बन्दोवस्त चालु रहेको अवस्थामा २ वटा सडकमा पुन सोझै निर्माण कार्य गराएको नियमसम्मत देखिएन ।

६.३ चारवटा सडकहरुको मर्मत तथा स्तरोन्नती सम्बन्धी कार्यको लागि ५ जना परामर्श दाता नियुक्त गरी रु.३० लाख ७२ हजार खर्च लेखेको अवस्थामा सोही सडकमा आवश्यक पर्ने पुलको लागि सर्भे तथा विस्तृत आयोजना प्रतिवेदनतयार गर्न २ परामर्शदातासंग मौजुदासूची तथा कोटेसन र कार्यालयको जनशक्तिबाट सो कार्य सम्पन्न हुन सक्ने नसक्ने यकिन बेगर रु.८ लाख ६ हजारको सम्झौता गरेको नियमित देखिएन ।

६.४ विभिन्न ३ निर्माण व्यवसायीको नाममा ४ वटा ठेक्का वापत मोबिलाइजेशन पेश्की दिएकोमा वर्षको अन्त सम्म फछ्र्यौट नभै रु.१ करोड ८४ लाख ६३ हजारबाँकी देखिएकोले आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७९ वमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ ।

६.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा मु.अ.कर वाहेकको लागत अनुमानमा खर्च रकमको ५ प्रतिशत सम्म थप गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयले कन्टिजेन्सी वापत खर्च लेख्दा मु.अ.कर वापतको १३ प्रतिशत थप गरिएको रकमको ५ प्रतिशत कट्टा गरेको देखिएकोले रु.५२ हजार वढी कट्टा गरेकोमा हिसावमिलान गरेको रु.३० हजार कटाई बाँकी रु.२२ हजार राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

७ **कार्यालय भवन निर्माण** : जिल्ला प्राविधिक कार्यालयको भवन निर्माणको मु.अ.कर समेत रु.१ करोड २७ लाख ६९ हजारमा २०७१।३।१२ भित्र काम सम्पन्न गर्ने गरी मिति २०७०।१२।११ मा

कार्यादेश दिएकोमा तोकिएको अवधिमा काम सम्पन्न नगरी विभिन्न कारण देखाई मिति २०७३।३।३१ सम्म विभागीय प्रमुखबाट २ वर्ष १९ दिन म्याद थप भएको समयावधिमा रु.१ करोड ३३ लाख ६ हजार को कार्य सम्पन्न भई भुक्तानी दिएको देखियो । उक्त निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार भवनको भरेङ्गमा साल काठको हाते रेलिङ्ग लगाउने गरी सम्झौता भएकोमा सो बमोजिम नगरी फलाम पाइप लगाएको देखिन्छ । ४ प्रतिशत भेरिएसन दिएको र शत प्रतिशत रकम भुक्तानी भएको छ ।

लेखापरीक्षण अवधिमा भवनको अवलोकन हुँदा उक्त फलामे रेलिङ्गमा लगाएको इनामेल उडिसकेको,भवनको दोस्रो तलाको ३ वटा पिलर र विम सँगै चर्किएर मर्मत गर्नुपर्ने देखिदा भवनको गुणस्तर प्रभावकारी नरहेको स्पष्ट हुन्छ । सो कामको डि.एल.पि अवधि २०७४ आषाढसम्म मात्र रहेकोले उक्त निर्माण व्यवसायिको धरौटी,कार्य सम्पादन जमानत रोक्का राखी मर्मत संभार गराउनु पर्दछ ।

## जिल्ला वन कार्यालय

१. **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार अनुसूची-२ को ढाँचामा बार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धीत निकायमा पठाएको नपाईएकोले बार्षिक कार्यक्रम अनुसार प्रगति हासिल भए नभएको सम्बन्धमा अध्ययन विश्लेषण गरी प्रतिवेदन गर्न सकिएन । कार्यालयले प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने व्यवस्था गर्नु पर्दछ ।

२. **कानूनको पालना :** कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा समयमा नै खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, आन्तरिक लेखापरीक्षणको वेरुजु उपर कारवाही नगरेको, म.ले.प.फा.नं. २ को अभिलेख नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

३. **टाँचा :** काठको व्यापार व्यवसाय गर्ने स:मिलहरुले उपयोग गर्ने टांचा वन कार्यालयमा दर्ता भई प्रत्येक आ.व.मा नवीकरण गर्नु पर्दछ । यस वर्षसम्म ६० टांचा कार्यालयमा दर्ता भएकोमध्ये ४० ले मात्र नवीकरण गरेका छन् । २० स:मिलहरुले नविकरण गराएका छैनन् । टांचा नविकरण नगराउने ठेक्काको अनुगमन भैरहेको कार्यालयको भनाइ छ ।

४. **कार्य योजना** : वन विभागवाट कार्यालयको आर्थिक वर्ष २०६९।७० वाट २०७३।७४ सम्म पांच वर्षिय कार्य योजना स्वीकृत गरेको छ । कार्ययोजना अनुसार रु.४ करोड ६७ लाख ४७ हजार राजश्व आम्दानी हुनुपर्नेमा रु.१६ लाख २० हजार मात्र असुल भएको छ । कार्ययोजना अनुसार कार्य गर्नु पर्ने भनी कार्यालयले प्रस्ताव गरे अनुसारको काम भएको छैन भने सो अनुसार प्रगति विवरण समेत तयार गरेको छैन ।

५. **वन अतिक्रमण :** वन ऐन, २०४९ को दफा ४९ वमोजिम राष्ट्रिय वन क्षेत्र भित्र कसैले अनाधिकृत रुपमा उपयोग गर्न पाइने छैन । यसरी अनाधिकृत रुपमा उपयोग गरेमा वन ऐन अनुसार कारवाही गरी उपयोग गर्नेलाई हटाउनु पर्ने देखिन्छ । गत विगत वर्ष देखिनै ३८१.५

हेक्टर जमीन अतिक्रमण भएको प्रतिवेदनमा उल्लेख छ । सो अतिक्रमण हटाइ त्यस क्षेत्रमा वृक्षारोषण गरी वन विस्तार गर्नु पर्नेमा हालसम्म वन अतिक्रमण गर्नेलाई वन ऐन अनुसार कारवाही गरेको छैन ।

६. **अनुगमन :** स्वीकृत वार्षिक कार्यक्रम अनुसार रु.५० लाखको ६ लाख १० हजार विरुवा उत्पादन गरी वितरण समेत गरेको देखिन्छ । सो विरुवा वितरण भएको मध्ये वृक्षारोपणको स्थिति यकिन गर्न स्थलगत अनुगमन गरेको छैन । विरुवा वितरण मात्र गर्ने त्यसको रोपण, स्याहार सम्भार नगर्ने, सुरक्षा र संरक्षण नगर्ने हो भने विरुवा वितरण गर्नाको औचित्य देखिंदैन । स्थलगत अध्ययन र अवस्था किटान गरी संभार संरक्षणको व्यवस्था गर्नु पर्दछ ।

७. **वन मुद्दा :** गत वर्षको जिम्मेवारी ९८ समेत १४९ थान मुद्दा दर्ता रहेकोमा यो वर्ष ११५ थान फछ्र्यौट गरी ३४ थान मुद्दा फछ्र्यौट गर्न बाँकी देखिएको छ । वन पैदावार र वन अतिक्रमण मुद्दालाई अविलम्व फछ्र्यौट हुनु पर्ने देखिन्छ ।

८. **लगत :** यस वर्ष घाट गद्दीमा रहेका काठहरुको न्यूनतम मूल्य तोकी सो को अनुमानित राजस्व रकमको लगत कायम गरी आर्थिक विवरणमा देखाउनु पर्नेमा घाटगद्दीमा रहेको काठको परिमाणको न्यूनतम मूल्य कायम गरी राजस्वमा लगत कायम गरेको छैन । यो वर्ष रु.७ लाख ९९ हजार मूल्य बराबरको १४४४.५१ क्यू.फिट काठ घाटगद्धी गरेको विवरण प्राप्त भएको छ ।

९. **मुद्दाको लगत :** यस वर्ष ११० थान मुद्दाको फैसलाबाट रु.११ लाख ६३ हजार राजश्वको लगत कायम गरेकोमा रु.९ लाख मात्र असुली गरेको छ । बाँकी रु.२ लाख ६३ हजार असुली गरिनु पर्दछ ।

१०. **भवन निर्माण** : कार्यालय अन्तर्गत एक इलाका वन कार्यालयको भवन निर्माण कार्य रु.१६ लाख ९० हजार (मू.अ.कर वाहेक) मा सम्पन्न गर्न एक निर्माण व्यवसायीसंग २०७२।२।१८ मा संभौता भइ २०७३।२।१८ मा कार्यसम्पन्न गर्न म्याद दिएकोमा २०७३ असार मसान्तसम्म रु.२ लाख २ हजार भुक्तानी भएको छ । उक्त कार्यमा हालसम्म रु. ५ लाख २४ हजार भुक्तानी भएकोमा २०७३।८।१८ सम्म म्याद थप भएको छ । यो वर्ष वजेट व्यवस्था नभएकोले निर्माण कार्य सम्पन्न नहुने अवस्था नरहेकोले भवन निर्माण सम्पन्न गर्ने व्यवस्था हुनुपर्दछ ।

११. **पेस्की :** एक व्यक्तिको नाममारु २४ हजार र एक क्न्स्ट्रक्शनको नाममा रु.१ लाख ८५ हजार समेत रु.२ लाख ५ हजार पेश्की बाँकी देखिएकोमा नियमानुसार फछ्र्यौट गर्नु पर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आर्थिक विवरण र बैंक हिसाब :** कार्यालयले लेखापरीक्षणको लागि तयार गरेको एकिकृत आर्थिक विवरण अनुसार यो वर्षको अन्त्यमा रु.६ करोड ५७ लाख ९ हजार मौज्दात देखाएको छ । कार्यालयको नाममा रहेको नेपाल राष्ट्र बैंक र कृषि विकास बैंकको १५ वटा खाताको बैंक विवरण अनुसार रु.१४ करोड ९१ लाख ४६ हजार मौज्दात देखिएकोमा लेखापरीक्षण अवधिमा चालु खर्च खाता र पूंजिगत खर्च खातामा मौज्दात रहेको रु.८ करोड १९ लाख ६६ हजार २०७३ श्रावणमा चेक साटिएको भनि बैंक समायोजन पत्र पेश भएको छ । उक्त रकम घटाउदा बैंक अनुसार रु.६ करोड ७१ लाख८० हजार मौज्दात देखिएको छ ।श्रेस्तामा भन्दा बैंकमा बढी देखिएको रु.१४ लाख ६१ हजार श्रेस्तामा आम्दानी जनाई श्रेस्ता र बैंक हिसाब अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

२. **आन्तरिक नियन्त्रण** : कार्यालयले कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यवस्था तयार गर्नुपर्दछ । उक्त व्यबस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना बनाएकोमा कार्यान्वयन नभएको, समयमै पेश्की फछ्र्यौट नगरेको अवस्थामा फिर्ता दाखिला रकममा व्याज लिने नगरेको, अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्थाको आंशिक रुपमा मात्र कार्यान्वयन गरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत, संभार र लिलाम बिक्री नभएको, जिन्सी खाता अद्यावधिक र प्रमाणित गरी नराखेको, खर्च भएका सबै बिल भरपाईहरुमा सिलसिलेवार नम्बर राखी प्रमाणित नगरेको, परियोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान नगरेको, आन्तरिक लेखापरीक्षकले औल्याएका बेरुजूहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै फछ्र्यौट नगरेको, नापी किताबमा मिति र चेनेज नम्बर आंसिक लेख्ने गरेको जस्ता व्यहोरा देखिएका छन् । कानुनको पालन गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउनु पर्दछ ।

३. **घटी रकमका योजना** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिका, २०६९ को बुदा नं. ११ मा रु.५ लाख भन्दा घटीका योजना छनोट गर्न नहुने उल्लेख छ । निर्देशिका विपरित ९ वटा वजेट उपशिर्षक तर्फ रु.५ लाखभन्दा कम रकमका ९५ वटा योजनामा रु.२ करोड ७६ लाख ३३ हजार विनियोजन तथा खर्च गरेको देखिएको मनासिव देखिएन ।

४. **अख्तियारी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ अनुसार बजेट विवरण र खर्च गर्ने अख्तियारी पत्र प्राप्त भएको १५ दिन भित्र पठाउनुपर्ने व्यवस्था भएतापनि केन्द्रिय बजेट तर्फको विभिन्न ४ वटा शिर्षकमा रु.७५ लाख ७९ हजार बर्षको अन्तमा अख्तियारी पठाएकोले नियमको पालना भएको देखिएन ।

५. **बोलपत्र** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिकमा ठेक्का व्यबस्था गर्नु पर्नेमा यो वर्ष तेस्रो चौमासिकमा मात्र १५ ठेक्का व्यवस्था शुरु गरेकोले नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

६. **करारका कर्मचारी** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा रिक्त रहेको पद, नयाँ नियुक्ति, बढुवाद्वारा पूर्ति गरिने र कुनै पद सिर्जना वा रिक्त रहेको १ वर्षसम्म पदपूर्ति नभएमा स्वतः खारेज हुने व्यवस्था छ । कार्यालयले १ वर्षभन्दा बढी रिक्त रहेको पदहरुमा जि.वि.स. कोष तर्फ करारमा ९ जना कर्मचारी नियुक्ति गरी तलब भत्ता खर्च गरेको मनासिव देखिएन ।

७. **लक्ष्य प्रगति** : कार्यालयले पेश गरेको २०७२।७३ को वार्षिक लक्ष्य प्रगति प्रतिवेदन अनुसार १६६ कार्यक्रम तथा योजनाहरुमध्ये यो वर्ष भिस्वा हरीपुर सडक लगायत २१ कार्यक्रमको प्रगति शून्य रहेको छ ।

८. **ठेक्का प्रतिष्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६४ को दफा २६ बमोजिम आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ । प्राप्त बिवरण अनुसार पूर्वाधार निर्माण तर्फ ८ योजनाको लागि २२० बोलपत्र बिक्री भएकोमा ७७ बोलपत्र मात्र दाखिला भएको छ । बोलपत्र बिक्री र दाखिला भएको संख्या बीच तुलना गर्दा ३५ प्रतिशत मात्र दाखिला भएको र उक्त ठेक्काहरुको लागत अनुमान र स्वीकृत ठेक्का अंक बिच तुलना गर्दा २ ठेक्कामा लागत अनुमानको तुलनामा ०.०३ देखि ०.०४ प्रतिशतसम्म मात्र घटी अंकमा कार्य गराएकोले पर्याप्त प्रर्तिस्पर्धा नभएको देखिएको छ ।

९. **चौमासिक खर्च** : कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष कार्यालयले पुजिगत तर्फका विभिन्न ८ वटा शिर्षकमा जम्मा रु.५ करोड ७६ लाख २६ हजार खर्च गरेकोमा दोश्रो चौमासिकमा रु.१ लाख ८४ हजार (३.४४ प्रतिशत) तेश्रो चौमासिकमा रु.५ करोड ५६ लाख ४1हजार (९६.५५ प्रतिशत) र अषाढ महिनामा तेश्रो चौमासिकको शत प्रतिशत खर्च गरेको देखिन्छ । नियमानुसार चौमासिक रुपमा कार्य सम्पन्न गरी खर्च गर्दै जानुपर्नेमा तेश्रो चौमासिकमा ९६.५५ प्रतिशत तथा अषाढ २५ गते पछि १४ वटा बजेट उपशिर्षकमा रु.८ करोड ६४ लाख ५५ हजार अर्थात ती शीर्षकको कुल खर्चको ३७.३६ प्रतिशत खर्च गरेको मनासिव देखिएन ।

१०. **अन्य निकायको खर्च** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७ विपरित छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका अन्य निकायको लागि भुक्तानी दिन नहुने व्यवस्था छ । जिल्ला बिकास समिति पूंजिगत कोषबाट विभिन्न ३ कार्यालयलाई रु.६ लाख ४९ हजार भुक्तानी गरेकोमा खर्चको विलभरपाई प्राप्त नभएको र अनुगमन मुल्यांकन प्रतिवेदन समेत पेश नभएकोले नियमको पालना भएन ।

११. **कार्यकम सञ्चालन** : जिल्लाको एकिकृत विकास ढांचा निर्माण गर्ने र विकास निर्माण कार्यमा दोहोरोपन आउन नदिन जिल्ला परिषदवाट कार्यकम स्वीकृत गरी निर्माण कार्य अगाडी वढाउनु पर्नेमा २०७२।०७३ मा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अन्तर्गतका योजनाहरु मध्ये रु.१ करोड ३४ लाख को विभिन्न १२ योजनाहरु जिल्ला परिषदवाट स्वीकृत वेगर सञ्चालन भएको छ ।

१२. **कन्टिन्जेन्सी कट्टी** : सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम निर्माण सम्वन्धि कार्यमा आवश्यक पर्ने साना तिना अन्य खर्च र वर्क चार्ट स्टाफ खर्चकोलागि मात्र लागत अनुमानको आधारमा तोकिएको रकम कट्टा गरी खर्चगर्न पाउनेमा कार्यालयले निर्वाचन क्षेत्र विकास कार्यक्रमको रकमबाट मालसमान तथा सेवा खरिदगरी वितरण गरेकोमा समेत रु.१ लाख २१ हजार कन्टिजेन्सी वापत कट्टा गरी खर्च लेखेको नियमित देखिएन ।

१३. **फ्रिज** : स्थानीय निकाय निशर्त पुँजिगत अनुदान तर्फ विभिन्न ६६ गाउँ विकास समिति १ नगरपालिका तथा १ उप–महानगरपालिकाको लागि निकासा दिएको पूंजिगत अनुदान वापतको रकम वर्षान्तसम्म खर्च नभई बचत रहेकोमा कार्यालयले विवरण मांग गरि संचित कोष दाखिला गराउनु पर्नेमा ३२ गाउँ विकास समितिको रु.५४ लाख ६७ हजार फ्रिज गर्नुपर्ने रकम फ्रिज नगरेकोले सो फिर्ता गराई संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ ।

१४. **अग्रिम कर** : राजस्व दाखिला नगरेको विभिन्न व्यक्तीबाट कट्टा गरेको अग्रिम कर रु.४९ हजार दाखिला गरेको नदेखिएको सम्वन्धित वाट असुलगरी दाखिला गर्नुपर्दछ ।

१५. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४को नियम १८३ वमोजिम तोकिएको समय भित्र पेश्की फछ्र्यौट हुनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न निर्माण व्यवशायी ,व्यक्ती, पदाधिकारी एवं उपभोक्ता समितिहरुलाई उपलव्ध गराएको रु.१ करोड २२ लाख २४ हजार आर्थिक वर्षको अन्त सम्म फछ्र्यौट नभएकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्दछ ।

१६. **सापटी** : कन्टिजेन्सी खाताबाट विभिन्न खाताहरुलाई दिएको सापटी रु.५ लाख फिर्ता गरी सो खातामा आम्दानी गर्नु पर्दछ ।

१७. **कन्टिन्जेन्सी** : अर्थ मन्त्रालयको परिपत्र अनुसार कन्टिजेन्सी खर्च गर्दा ३ प्रतिशत सम्म चालु प्रकृतिका र दुई प्रतिशत सम्म पुँजिगत प्रकृतिको कार्यमा खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले पूंजिगत शिर्षकवाट ३ प्रतिशत कट्टी गरेकोमा परीक्षण गरिएका विभिन्न १४ वटा भौचरबाट चालु प्रकृतिको विविध खर्चमा रु.३ लाख ९ हजार भुक्तानी दिएको देखिन्छ । त्यसै गरी अन्य कन्टिजेन्सी शिर्षकमा रु.३४ लाख ३१ हजार खर्च भएको छ । कुल खर्च मध्ये पुजिगत प्रकृतिको खर्चमा रु.२१ हजार अर्थात ०.६२% मात्र खर्च भएको र बाँकी मसलन्द अतिथि सत्कार तथा भ्रमण कार्यक्रम खर्च भएकोले अर्थ मन्त्रालयको निर्देशन को पालना भएको देखिएन ।

१८. **भ्रमण खर्च** : भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम कर्मचारी काज खटाउदा अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण खभिलेख राख्नुपर्ने उल्लेख छ । विभिन्न स्थानमा भ्रमण गरेको भनि कार्यक्रम खर्च उल्लेख गरिएकोमा भ्रमण अभिलेख खाता नराखेको, कार्यालयसंग असम्बन्धीत व्यक्तिलाई समेत भ्रमण खर्च तथा सुविधा वापत रु.८१ हजार दिएको मनासिव देखिएन ।

१९. **फरक कार्यक्रममा खर्च** : स्थानीय यातायात पूर्वाधार क्षेत्र विकास कार्यक्रमबाट तोकिएको बजेट तथा कार्यक्रममा समावेश भएका योजनामा मात्र खर्च गरी लक्ष्य हासिल गर्नुपर्नेमा एक प्रा.वि. पोखरीयाको कम्पाउण्डवाल लगाएको भनी एक उपभोक्ता समितिलाई रु.१ लाख ४ हजार मा कन्टीजेन्सी वापत रु.३ हजार र अग्रिम आयकर रु.१ हजार कट्टी गरि रु.१लाख भुक्तानी दिएको नियमित देखिएन ।

२०. **दाखिला** : राजश्व दाखिला प्रमाण पेश नभएको अग्रिम आयकर रु.१६ हजार दाखिला गरेको भनी उल्लेख भएकोमा बैंक दाखिला भएको प्रमाण पेश नभएकोले दाखिला प्रमाण पेश हुनु पर्दछ ।

२१. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्था गरेको छ । ऐनमा भएको उक्त व्यवस्थाअनुसार कार्यालयले यो वर्ष कर, दस्तुर, सेवा शुल्क, बिक्री ढुङ्ग डिट्टी वालुवा निकासी आदीवाट समेत आम्दानी गरेकोमा देहाय बमोजिमका व्यहोरा देखिएका छन् :

२१.१. कार्यालयले आन्तरिक आय ठेक्का व्यवस्थाको लागि प्रथम पटक २०७२।१०।२७ मा मात्र सूचना प्रकाशन गरे वमोजिम एक खोलाबाट ५ लाख ५४ हजार घ.फि. ढुङ्गा, गिटी, बालुवा गिटी तथा ग्रेभलको उत्खनन गर्न एक निर्माण सेवाले रु.२१ लाख कबोल गरे बमोजिम निजसँग १३ प्रतिशत मु.अ.कर र १.५ प्रतिशत अग्रिम कर थप समेत रु.२४ लाख ५ हजारमा ठेक्का सम्झौता भएको देखियो । सम्झौता अनुसार ४० प्रतिशत सम्झौता अवधिमा ३० प्रतिशत चैत्र मसान्त भित्र र बांकी ३० प्रतिशत जेष्ठ १५ गते भित्र कबोल अंक दाखिला गर्नुपर्नेमा रु.९ लाख ७४ हजार मु.अ.कर समेत असुल गरी बांकी रु.७ लाख ६८ हजार असुल गर्न नसकेको र सोको बैंक जमानतको म्याद समेत २०७३ असाढ मसान्तमा समाप्त भएकोले बांकी रकमनिज निर्माण व्यवसायीबाट आवश्यक कारवाही गरी असुल गर्नुपर्दछ ।

२१.२. ठे.नं.७०७२।०७३ एक खोलाको ठेक्काबाट असुल भएको रकम मध्ये रु.१७ हजार दाखिला बाँकी भएकाले राजस्व खातामा दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

२१.३. निजी तथा भाडाका सवारी साधनमा कर उठाउने ठेक्का व्यवस्थाको लागि न्यूनतम कबोल अंक रु.२६ लाख निर्धारण गरी सोही बमोजिम बोलपत्र आव्हान गरेकोमा दर्ता भएको बोलपत्रदाता

एक व्यक्तिको रु.३२ लाख २५ हजार को ठेक्का स्वीकृत गरे बमोजिम सम्झौता रकम रु.३६ लाख ९३ हजारको ३३ प्रतिशतले हुने रु.१२ लाख १९ हजार शुरुमा प्राप्त गरेकोमा तराईमा भएको आन्दोलनको कारण सवारी साधन चल्न नसकेको कारण देखाई २०७२ श्रावण देखि माघ सम्मको कवोल रकम मिन्हाको लागि माग दाविगरी संझौता रकम वुझाएको देखिएन । कार्यालयले ठेक्का सम्झौता गर्दा नियमानुसार बैंक जमानत लिनुपर्नेमा जमानत बेगर ठेक्का सम्झौता गरेको पाइयो । कार्यालयले निज निर्माण व्यवसायीबाट सम्झौता बमोजिम मु.अ.कर र अग्रिम कर समेत रु.२४ लाख ७४ हजार असुल गर्ने गरी मिति २०७२।११।५ मा ठेक्का तोड्ने निर्णय गरे अनुसारको रकम सम्बन्धीत व्यक्तिबाट असुल गर्नुपर्ने देखिन्छ ।

२१.४. एक वोलपत्रदाताको मु.अ.कर र अग्रिम कर समेत रु.१४ लाख ९४ हजार कबोल अंकको बोलपत्र स्वीकृत गरी ठेक्का सम्झौता भए बमोजिम पहिलो किस्ता वापत रु.५लाख ९८ हजार असुल गरी बैंक दाखिला गरेको छ । बांकी रकमको लागि २०७३।३।१७ सम्मको बैंक जमानत रहेको देखिन्छ । सम्झौता बमोजिम असुल हुन बाँकी रहेको रु.८ लाख ९७ हजार दाखिला गरेको प्रमाण पेश हुनु पर्दछ ।

२२. **बढी भुक्तानी** : आत्माराम पथको सिक्टा खोला पुल निर्माणको लागि रु.४ करोड १७ लाख ४ हजारको लागत अनुमान स्वीकृत भएकोमा बोलपत्रदाताको रु.२ करोड ८० लाख ३६ हजारमा ठेक्का सम्झौता भई यो वर्ष सम्म रु.१ करोड ७१ लाख ५९ हजारको मूल्यांकन भएको देखिन्छ । उक्त पुल निर्माणको शुरु लागत अनुमानको २.८४ प्रतिशत भेरिएशन सहित Revised Estimate स्वीकृत भएको देखियो । यसरी मू.अ.कर समेत रु.७ लाख ९६ हजार मात्र थप सम्झौता हुनपर्नेमा मु.अ.कर समेत रु.८ लाख ९४ को सम्झौता एवं भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रु.९७ हजार असुल हुनुपर्ने देखिन्छ ।

२३. **पूर्व निर्धारित क्षतिपूर्ति** : गोविन्दपुर बटसौरा स्लाब कल्भर्ट निर्माणको लागि मु.अ.कर बाहेकको रु.२६ लाख ६० हजार को लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान गरे बमोजिम दर्ता हुन आएका विभिन्न ५ बोलपत्रमध्ये २ बोलपत्रदाताले निवेदन गरी आ-आफनो बोलपत्र फिर्ता लिएको र अन्य ३ वोलपत्रमध्ये सबैभन्दा घटी कबोल गर्ने एक निर्माण कम्पनीको मु.अ.कर बाहेक रु.२६ लाख ४४ हजारको बोलपत्र स्वीकृत भएको छ । लागत अनुमान भन्दा ०.६१ प्रतिशत मात्र घटीमा वोलपत्र स्वीकृत भएको र वोलपत्र फिर्ता समेत भएबाट पर्याप्त प्रतिस्पर्धा भएको देखिएन । ठेक्का सकेपछि ९ प्रतिशत थप गरी Revised Estimate गरेको मनासिव देखिएन । २०७०।३।२५ सम्म उक्त काम सम्पन्न हुनुपर्नेमा नभएको कारण २०७२ माघ मसान्तसम्म २ वर्ष ७ महिना ५ दिन म्याद थप दिएकोमा पूर्व निर्धारित क्षतिपूर्तिसमेत लिएको देखिएन ।

२४. **तलवी प्रतिवेदन** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा निजामति सेवा ऐन, २०४९ को ७ (ख) २ बमोजिम बार्षिक रुपमा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च लेख्नुपर्नेमा कार्यालयले यो वर्ष सो बमोजिमको तलबी प्रतिवेदन पारित नगराई रु.२७ लाख ८१ हजार तलब भत्ता खर्च लेखेको नियमित देखिएन ।

२५. **दोहोरो तलब भत्ता** : कार्यालयवाट रमाना लिई जि.वि.स. मकवानपुर गएका एक गाउँ विकास समिति सचिवको रमाना पत्रमा २०७२ मंसिर महिनाका तलब भत्ता भुक्तानी लिएको उल्लेख भएकोमा २०७२ पौषको तलव भत्ता समेत खर्च लेखेकोले दोहोरो तलव भत्ता खर्च लेखेको रु.२० हजार असुलगरी राजश्व दाखिला गर्नुपर्दछ ।

२६. **पारिश्रमिक कर** : अधिकृतस्तरका ५ जना कर्मचारीहरुको पारिश्रमिक आयमा आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम लाग्ने पारिश्रमिक कर कट्टी गर्न पर्नेमा नगरेकोले रु.२७ हजार असुल गर्नु पर्दछ ।

२७. **प्रोत्साहन भत्ता** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ मा स्थानीय निकायका कर्मचारीहरुले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा निर्धारणगर्दा नेपाल सरकारको निजामति कर्मचारीले पाउने तलब भत्ता र सुविधालाई आधार मान्नुपर्ने र नेपाल सरकार मन्त्री परिषदको मिति २०७३।३।२७ को निर्णयवाट सुविधाको क्षेत्रहरु खुलाएको छ । २१ औं जिल्ला परिषदको निर्णय नं. २२ अनुसार जिल्ला विकास समितिको कार्यालयमा कार्यरत रहेका कर्मचारीहरुलाई तलब स्केलको १० प्रतिशत मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरी रु.१० लाख ४५ हजार र परिषदमा अतिरिक्त समय काम गरेको भनि बोर्ड बैठकबाट एक महिनाको थप तलब वापत रु.११ लाख ४७ हजार खर्च लेखेको छ । कुनै स्पष्ट नियम, कार्यसम्पादन सुचक एवं कार्यविधि वेगर पटके निर्णयको आधारमा सुविधा दिने प्रचलनलाई नियन्त्रण गर्नु पर्दछ ।

२८. **हिसाव मिलान** : निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फ निकासा भएको रकम रु.३ लाख ५७ हजार जिल्ला विकास समिति अनुदान (चालु तर्फ) खर्च लेखेकोमा हिसाब मिलान नगरेकोले अनियमित देखिएको छ । वर्षान्तमा खर्च नभई बांकी रहेको रु.१ लाख ९ हजार संचित कोष दाखिला गर्नुपर्ने देखियो ।

२९. **बढी भुक्तानी** : उपभोक्ता समिति मार्फत काम गराउँदा सम्बन्धित उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिम ४ योजनाको ३ प्रतिशत कन्टिजेन्सी रकम र तोकिए वमोजिम कर कट्टा गरी बांकी रकम भुक्तानी दिनुपर्नेमा विभिन्न ४ उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको रु४१ हजार असुल हुनुपर्ने देखियो ।

३०. **कन्टिन्जेन्सी खर्च** : जिल्ला विकास समितिबाट विभिन्न योजनाहरुको उपभोक्ता समितिलाई सम्झौता रकम भुक्तानी दिदा २ वटा योजनामा कन्टिजेन्सी वापतको रकम कट्टा गर्दा तोकिए भन्दा रु.३ हजार बढी कट्टा गरी खर्च गरेकोले असुल हुनुपर्ने देखिन्छ ।

३१. **कन्टिन्जेन्सी कट्टी** : कार्यालयबाट विभिन्न सडक निर्माणको रकम भुक्तानी दिंदा मुल्य अभिवृद्धि कर बाहेकको रकममा कन्टिन्जेन्सी कट्टा गर्न पाउनेमा सो समेतको रकममा ३ प्रतिशत कट्टी गरी रु.२४ हजार ट्रान्सफर गरेकोले सो रकम संचित कोष दाखिला गरिनु पर्दछ ।

३२. **बढी भुक्तानी** : निर्मलबस्ती २ मा खानेपानी पाइप लाइन विस्तारको लागि जिल्ला विकास समिति र उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिम जिल्ला विकास समितिले दिनुपर्ने अनुदान रु.६ लाख ७९ हजारमा कन्टिजेन्सी र अग्रिम कर वापतको रकम कट्टा गरी बांकी रकम भुक्तानी दिनुपर्नेमा कुल सम्झौता रकम भन्दा बढी रु.७ लाख ७ हजार भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.२८ हजार असुल हुनुपर्दछ ।

३३. **बाँकी रकम** : सामाजिक सुरक्षा निर्देशिका बमोजिम बाँकी रकम फिर्ता गर्नुपर्दछ । विभिन्न गाउँ विकास समितिमा गएको निकासा मध्ये वर्षान्त सम्म वितरण नभई बांकी रहेको तथा भरपाई भन्दा बढी  खर्च दावि गरेको विभिन्न ५ गा.वि.स.को रु.३६ हजार असुल गर्नु पर्दछ । साथै ती गा.वि.स.वाट फिर्ता भएको रु.७३ हजार समेत संचित कोष दाखिला गर्नुपर्ने देखिएको छ ।

३४. जिल्ला विकास समितिको लागि ११.५ कि.वा. क्षमताको सौर्य ऊर्जा प्रणाली जडान गर्ने कार्यको लागि विद्युत रोयल्टी तर्फको बजेटबाट यो वर्ष जिल्ला परिषदबाट रु.४५ लाख ९ हजार रकम बरावर लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान गरेकोमा विभिन्न ५ वटा बोलपत्रदाता मध्ये एक ईनर्जी प्रा.लि.को मु.अ.कर समेतरु.३२ लाख २८ हजारको बोलपत्र स्वीकृत गरी २०७३ अषाढ मसान्त सम्म जडान गर्ने गरी सम्झौता भएकोमा सो ट्रेडर्सले यो वर्ष सम्झौता बमोजिम तोकिएको समयावधिमा जडान नगरेको र म्याद थप पनि नभएको अवस्थामा यो वर्ष सोलारको केही सामान आपूर्ति गरेको विलको आधारमा कार्य सम्पन्न प्रतिवेदन वेगर रु.२० लाख ९० हजार भुक्तानी गरेको मनासिव देखिएन । साथै सोलार जडान गर्ने गरी ठेक्का सम्झौता भई सकेको अवस्थामा एक ट्रेडिङ्ग हाउसको सोलार व्याट्री र अन्य मालसामान खरिद गरे वापतरु.२ लाख भुक्तानी दिएकोले सो सामान प्रयोग सम्वन्धमा यकिन गर्न सकिएन ।

३५. **बढी खर्च एवं अग्रिम कर :** जि.वि.स.कोष चालु तर्फ आन्तरिक आय संकलनको क्रममा अवैध रुपमा ढुङ्गा, गिटी, बालुवा निकासी गरेको पत्ता लगाई असुल गराए वापत असुल भएको रकमको २० प्रतिशत रकम कर्मचारीहरुलाई प्रोत्साहन वापत पुरस्कार दिने भनि रु.२९ हजार खर्च गर्ने निर्णय भएकोमा रु.३३ हजार खर्च लेखेकोले बढी खर्च लेखेको रु.४ हजार आयकर ऐन २०५८ बमोजिम १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा कट्टा नगरेको रु.५ हजार समेत रु.९ हजार असुल हुनुपर्दछ ।

३६. **योजना खण्डीकरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(१) मा जिल्ला परिषदबाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था भएता पनि परिषदबाट पारित योजना र बजेटलाई एकल बोर्डको निर्णयको आधार खण्डीकरण गरी परिषदले पारित नगरेका विभिन्न ५ योजनामा रु.११ लाख २९ हजार खर्च गरेको नियमित देखिएन ।

३७. **बाँकी रकम** : कार्यालयले बैठक भत्ता वापतको रकम भुक्तानी खर्च लेखेकोमा २७ जनालाई बुझाउन बाँकी रकम फिर्ता नगरेकोले रु. २३ हजार दाखिला गर्न पर्दछ ।

३८. **दैनिक तथा भ्रमण भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ बमोजिम भ्रमण गर्ने कर्मचारीले फर्केको दिनको दैनिक भ्रमण भत्ताको २५ प्रतिशत खाजा खर्च पाउने उल्लेख भएकोमा विभिन्न ६ कर्मचारीहरुलाई फर्केको दिनको ५० प्रतिशत दैनिक भत्ता भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.३ हजार असुल गर्नु पर्दछ ।

३९. **मर्मत :** कार्यालयबाट सवारी लगबुक बेगर सिलिपको आधारमा जि.वि.स. कोष चालु शिर्षकवाट विभिन्न ८ भौचर मार्फत इन्धन खर्चवापत रु.४ लाख ९२ हजार भुक्तानी गरेको र गाडि मर्मत वापतको खर्च पुष्टयाई वेगर रु.४ लाख ३९ हजार खर्च लेखेको नियमित देखिएन । यसरी खर्च गर्ने पद्धतीमा नियन्त्रण गर्नु पर्दछ ।

४०. **अग्रिम कर कट्टी :** बागमोर्चा झो.पु.को निर्माण कार्यका लागि ढुवानी भाडा वापत रु.२ लाख १५ हजार खर्च लेखिएकोमा आय कर ऐन, २०५८ को दफा ८७ बमोजिम १० प्रतिशत भाडा कर नकटाएकाले रु.२२ हजार असुल गरी राजस्व दाखिला गर्नु पर्ने देखियो ।

४१. **पेश्की फछ्र्यौट :** बौगी खोला पक्की पुल निर्माणको लागि निर्माण व्यवसायी लाई दिएको पेश्की रु.३ लाख ३० हजार पेश्की फछ्र्यौट गरेकोमा ठेक्का विल, नापि किताव लगायतको आवस्यक प्रमाण पेश नभएकोले पेश हुनु पर्दछ ।

४२. **भाडा कर** : एक सांस्कृतिक परिषद मार्फत सडक नाटक सम्पन्न गरेको विल भरपाईको आधारमा रु.४ लाख भुक्तानी दिदाँ गाडी भडा वापत रु.२६ हजार र जेनेरेटर भाडा रु.४८ हजार समेत रु.७४ हजारमा १० प्रतिशत भाडा कर नकटाएकोले रु.७ हजार ४ सय असुल गर्नु पर्दछ ।

४३. **कन्टीन्जेन्सी** : ग्रामिण खानेपानी शिर्षकमा खर्चको आधारमा रु.२ लाख ७६ हजार मात्र कन्टिन्जेन्सी रकम कट्टा गर्नुपर्नेमा रु.४ लाख ६५ हजार कट्टा गरेकोले बढी कट्टा गरी फ्रिज नहुने खातामा स्थानान्तरण गरेको रु.१ लाख७६ हजार संचित कोषमा जम्मा गर्नुपर्दछ ।

४४. **फिर्ता** : संचित कोष दाखिला हुनुपर्ने कार्यालयले वर्षान्तमा खर्च नभई बांकी रहेको र विभिन्न व्यक्ती एवं संस्थावाट कटाएको राजस्व र कन्टिजेन्सी खातामा वढि लगेको विभिन्न ११ बजेट उपशिर्षकको रु.१ करोड २६ लाख ३ हजार संचित कोष दाखिला गरेको प्रमाण पेश हुनुपर्नेदेखिन्छ ।

४५. **मूल्य अभिवृद्धि कर** : कर समायोजन पेश हुनुपर्ने कार्यालयले विभिन्न भुक्तानीमा मु.अ.कर विजक पेश गरेको आधारमा रकम भुक्तानी दिएको देखिन्छ । परीक्षण गरिएका भौचरहरु मध्ये विभिन्न ८ विक्रेतालाई रु.२० लाख १६ हजार भुक्तानी गर्दा रु.२ लाख ३२ हजार मूल्य अभिवृद्धि कर वापत भुक्तानी दिएको छ । मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६(क) वमोजिम आन्तरिक राजस्व कार्यालयमा मुल्य अभिवृद्धिकर भुक्तानीको जानकारी पठाउनुपर्नेमा नपठाएकोले भुक्तानी भएको मु.अ.कर समायोजन भएको प्रमाण पेश नभएमा रु. २ लाख ३२ हजार असुल हुनुपर्दछ ।

४६. **पेश्की फछ्र्यौट** : आ.व. २०७२।७३ मा सामाजिक सुरक्षा र वाल संरक्षण भत्ता वितरणको लागि विभिन्न गा.वि.स.को नाममा पेश्की दिएकोमा सो फछ्र्यौट हुंदा पेश भएको फांटवारी अनुसार वचत रकम संचितकोष दाखिला गर्नुपर्नेमा विभिन्न ७ गा.वि.स.वाट घटि दाखिला भएको रु.१ लाख ९० हजार असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिन्छ ।

४७. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२(३) अनुसार कार्यालयले सामाजिक सुरक्षा तथा वाल संरक्षणका लागि विभिन्न ६ गा.वि.स.को ३ वटा वैंकको नाममा दिएको पेश्की रु. ३ करोड २१ लाख २५ हजार आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट गरेको नदेखिंदा नियमानुसार आवश्यक कारबाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

४८. **बाँकी एवं बढी खर्च** : वर्षान्तमा खर्च नभई वचत रहेको रकम फिर्ता गरी संचित कोष दाखिला गर्नु पर्नेमा दाखिला नगरेकोले विभिन्न ६ गा.वि.स. वाट रु.१ लाख ७० हजार असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिन्छ । कार्यक्रम पेश्की फछ्र्यौट हुंदा पेश भएको फांटवारी अनुसार विभिन्न खरिदमा आयकर ऐन २०५८ को दफा ८९ वमोजिम १.५ प्रतिशत कट्टि नगरेकोले ९ विक्रेतावाट रु.३३ हजार असुल गरी दाखिला गर्नु पर्ने देखियो । बैरिया विर्ता र मिर्जापुरका विभिन्न वडाहरुमा संचालित तालिम कार्यक्रममा विभिन्न व्यक्तिगतवाट कट्टा गरेको कर रकम दाखिला नगरेको, भत्ता खर्च लेखेकोमा सम्वन्धित व्यक्तिले नवुझेको रु.६ हजार समेत रु.२ लाख ९ हजार असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

४९. **जिल्ला उर्जा कोष** : रु.७ लाख ५४ हजार आम्दानी जनाएकोमा यो वर्ष रु.७ लाख ५० हजार खर्चगरी वांकी रु.४ हजार वैंक मौज्दात रहेको देखिएकोमा सो आम्दानी खर्च जिल्ला विकास समितिको एकिकृत आय व्ययमा समावेश गरिएको छैन । यस सम्वन्धी अन्य व्यहोरा निम्न छन :

४९.१ वायोग्यास जडान गरेका १०० घरधुरीहरुलाई नेपाल सरकारको अनुदानको अतिरिक्त प्रतिघर धुरी रु.५ हजार प्रोत्साहन भत्ता वापत वितरण गर्न रु.५ लाख पेश्की लगेकोमा ९६ घरधुरीलाई वितरण गरेको वील भरपाई पेश भएकोले रु.२० हजार असुल हुनुपर्दछ ।

४९.२ आयोजना भत्ता भनी एक कर्मचारीलाई ११ महिनाको रु.६६ हजार र अर्को एक कर्मचारीलाई एक वर्षको रु.७२ हजार उपलव्ध गराएकोमा निजहरुको नियुक्तीको आधार र संभौता पेश नभएकोले पेश गर्नु पर्दछ।

४९.३ उर्जा तथा बातावण ईकाईले रु.१२ लाख ८० हजार वजेट खर्च लेखेकोमा सो पुष्ट्याई हुने कार्यक्रम,प्रगती र अन्य आवश्यक प्रमाण लेखापरीक्षणमा पेश नगरेकोले खर्च एकिन गर्न सक्ने आधार भएन।

**५०.** **सोभै खरिद** : युनिसेफ मार्फत संचालित पोषण कार्यक्रमको लागि जिल्ला कृषि विकास कार्यालयलाई रु.१७ लाख ५० हजार पेश्की फछ्र्यौट हुँदा २ विक्रेतावाट रु.६ लाख ७४ हजारको पोषण सामाग्री सोभै खरिद गरेको अनियमित देखिएको र अग्रिम आयकर नकटाएको रु.२ हजार असुल गर्नुपर्ने देखिन्छ।

**५१.** **अग्रिम कर** : बाल मैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनको क्रममा विभिन्न व्यक्तिहरुबाट कट्टा गरेको अग्रिम कर दाखिला गर्न बाँकी रहेको रु.५ हजार राजस्व दाखिला गर्नुपर्दछ।

**५२.** **स्थानीय निकायको लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ र १३५ बमोजिम जिल्लाका स्थानीय निकायहरु १ उप-महानगरपालिका,१ नगरपालिका र ६६ गा.वि.स. मध्ये आर्थिक वर्ष २०७२।७३ को लेखापरीक्षणकोलागि जिल्ला विकास समितिवाट मिति २०७३।७।३० देखि २०७३।८।३० सम्म लेखापरीक्षण सक्नेगरी ६६ गा.वि.स.को लागि मिति २०७३।७।३० मा ४१ जना लेखापरीक्षक नियुक्ती गरेको देखियो। २०७३ माघ मसान्त सम्म १ उप-महानगरपालिका, १ नगरपालिकाको लेखापरीक्षण सम्पन्न भएको भनिएकोमा प्रतिवेदन वांकी रहेको छ, । उप-महानगरपालिकाको लेखापरीक्षण शुरु हुने प्रकृयामा रहेको वुभिएको छ। ६६ गा.वि.स मध्ये २ वटा गा.वि.स.को आर्थिक कारोवार रु.१ करोड ३४ लाख २३ हजार को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन प्राप्त भई सकेको अवस्था छ। सो प्रतिवेदन अनुसार असुल गर्नु पर्ने रु.११ लाख र अनियमित भएको रु.५२ लाख ७८ हजार समेत रु.५२ लाख ९० हजार वेरुजु कायम गरिएको विवरण प्राप्त भएको छ । लेखापरीक्षणकोलागि लेखापरीक्षक नियुक्ती, लेखापरीक्षण सम्पन्न गर्ने समयसीमा निर्धारण गर्ने लगायतको विषयमा मापदण्ड स्वीकृत गरेको पाईएन। लेखापरीक्षक नियुक्त गरेको ३ महिना व्यतित हुंदा सम्म ६४ गा.वि.स. र २ नगरपालिकाको लेखापरीक्षण सम्पन्न नभएको मनासिव देखिएन।

**५३.** **आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०२ (१) मा आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजु वा त्रुटी अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडी नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्ने वा असुल उपर गर्नुपर्नेमा नियमित गरी, प्रमाण संकलन गरी र प्रमाण संलग्न गरी अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। आन्तरिक लेखापरीक्षण समेतबाट देखिएका निम्नानुसारको वेरुजु असुल फछ्र्यौट नगरेकोले यकिन गरी कायम गरिएको छ।

५३.१ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (३) बमोजिम विल भरपाई सहितको लेखा राख्नुपर्नेमा विभिन्न शिर्षक तथा भौचरवाट विल भर्पाई तथा कार्य सम्पन्न

प्रतिवेदन लगायत आवस्यक प्रतिवेदन वेगर रु.१ करोड १२ लाख ९४ हजार भुक्तानी भएको देखिएकोले सो बमोजिमको आवश्यक प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

५३.२ कार्यालयले जि.वि.स.को चालु र पूँजिगत तर्फ वाट ऊर्जा कोषलाई सापटी दिएको रु.१ लाख ९७ हजार फिर्ता लिनु पर्दछ ।

५३.३ कार्यालयले यो वर्ष ७ वजेट उप शिर्षक तर्फको विभिन्न व्यक्ति एवम् संस्थाबाट कटा गरेको अग्रिम कर रु.१ लाख ५९ हजार संचित कोष दाखिला नगरेकोमा असुल गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

५३.४ भलुवायी खोला भेडिहा खोलामा अमानतबाट ढुङ्गा गिटि संकलन तथा सवारी कर असुली गर्दा प्रयोग भएको नगदी रसिदको जोडजम्मा भन्दा रु.२ लाख ९८ हजार घटि दाखिला भएको रकम असुल गर्नुपर्दछ ।

५३.५ अमानतबाट बालुवा ढुङ्ग गिट्टी तथा सवारी कर संकलन गर्दा मु.अ.कर वापत असुल भएको रु.२ लाख ९१ हजार राजस्व खातामा दाखिला गर्नु पर्दछ ।

**५४.** **खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ (२) बमोजिम पाँच हजार भन्दा बढी मुल्यको खरिद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएको सँगमात्र खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा सि.एफ.एल.डि. एजुकेशन कार्यक्रम संचालनमा रु.६ लाख को सामान तथा सेवा खरिद गर्दा सोमा दर्ता नभएको संग खरिद गरेको देखिएको नियमित देखिएन ।

**५५.** **अग्रिम कर** : सुनौला हजार दिन कार्यक्रम सञ्चालनको लागि विभिन्न ५ गा.वि.स लाई दिएको रकम खर्च नभई बचत रहेको रु.३ लाख ६१ हजार फिर्ता नगरेकोले फिर्ता गरी संचित कोष दाखिला गर्नु पर्दछ । साथै कार्यक्रम सञ्चालनको क्रममा विभिन्न व्यक्ति एवम् पार्टीहरुबाट कट्टा गरेको अग्रिम कर रु.३५ हजार संचित कोष दाखिला गर्नुपर्दछ ।

**५६.** **असम्बन्धित खर्च** : पोषण सम्बन्धी व्यवहार परीवर्तन गर्ने उदेश्यका साथ लागू भएको कार्यक्रमबाट एक गा.वि.स.ले बाल्टीन, बाटा, जग तथा पोशाक वितरण गरेको छ । यस तर्फ सम्वन्धित पक्षको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

**५७.** **कार्य सम्पन्न प्रतिवेदन** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १३३ उपनियम २ बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा विभिन्न निर्माण रु.२८ लाख १४ हजार बजेट खर्च गरेकोमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालनागरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयले खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्य नभएको, जिन्सी निरीक्षण प्रतिवेदनअनुसार समयमै लिलाम नगरेको, कार्यालय निरीक्षणबाट देखिएका व्यहोरा र तत्पश्चात गरिएका सुधारहरुको अभिलेख नराखेको, कार्यालयको लक्ष्य हासिल गर्न बाधा पु¥याउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, जिन्सी खातामा रहेका कतिपय सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, कार्यालयका विभिन्न कर्मचारीहरु भ्रमणमा जादाको अभिलेख आंशिक रुपमा मात्र राखिएको, तलब र नन्स्यालरी बापत रकम पठाएका विद्यालयहरुको अनुगमन तथा मुल्याङ्कन नगरेको, निर्माण कार्यको लागत अनुमान तयार गरी स्वीकृत गर्दा सो कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय उल्लेख गर्ने

नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **आषाढ महिनाको खर्चको स्थिति** : कार्यालयले ३ पूँजीगत बजेट उपशिर्षक बाट रु.४२ करोड ५९ लाख ८४ हजार कुल बजेट खर्च गरेकोमा आषाढ महिनामा मात्र रु.१३ करोड ७० लाख ४० हजार( ३२ प्रतिशत ) खर्च गरेको छ । यसरी स्वीकृत बजेटमध्ये अधिकांश खर्च आषाढ महिनामा गर्दा गुणस्तरयुक्त निर्माण कार्य हुन नसक्ने, खरिद सम्झौताको अवधि थप गर्नुपर्ने अवस्था सिर्जना हुने भएकाले आषाढ महिनामा मात्र अधिकांश बजेट खर्च गर्ने प्रबृतिमा सुधार गर्नुपर्दछ ।

३. **लक्ष्य प्रगति** : आर्थिक कार्यबिधि नियमावली, २०६४ बमोजिम कार्यालयले आफ्नो लक्षित कार्यक्रम तोकिएको समयमा कार्य सम्पन्न गरी प्रगति हासिल गर्नु पर्छ । कार्यालयबाट संचालित ५ वटा कार्यक्रमको रु.५ लाख ६० हजार बजेट व्यवस्था भएकोमा कार्यक्रम संचालन गरेको देखिएन । लक्ष्य अनुसार कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।

४. **सामाजिक लेखापरीक्षण** : शिक्षा विभागद्धारा स्विकृत कार्यक्रम कार्यान्वयन निर्देशिका २०७२।७३ को कम्पोनेन्ट नं. २.१५.११.११ मा जिल्ला शिक्षा कार्यालयले सामुदायिक तथा सरकारी विद्यालयहरुको सामाजिक लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन लिनु पर्ने उल्लेख छ । कार्यालयले ३२८ विद्यालयलाई रु.२३ लाख ४८ हजार निकासा दिएकोमा सम्बन्धित विद्यालयहरुको सामजिक लेखापरीक्षण भएको प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश हुनुपर्दछ ।

५. **अनुगमन** : कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७२ को कम्पोनेन्ट नं.५.१.८.१.१ र ५.२.८.१.२ मा व्यवस्था अनुसार धार्मिक प्रकृतिका सामुदायिक विद्यालयहरुलाई अध्यापन व्यवस्थापन कार्यमा सहयोग गर्न प्राथमिक तहका लागि रु.१६८०००/- र नि.मा.वि. तहका लागि रु.३७५०००/- एकमुष्ट अनुदान दिने, विद्यालयलाई अनुदान निकासा गर्नु पहिले जिल्ला शिक्षा अधिकारी वा निजले तोकेको अधिकृतबाट स्थलगत निरीक्षण गरी तोकिएबमोजमको विद्यार्थी संख्या नियमित रुपमा अध्ययनरत भएमा मात्र निकासा दिने, यसरी वितरीत रकम कुन धार्मिक विद्यालयलाई वितरण गरिएको हो सो को विवरण लगायत विद्यार्थी संख्या समेत शिक्षा विभाग वैकल्पिक शिक्षा शाखामा प्रतिवेदन पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले प्राथमिक तहका ३३, निम्न माध्यमिक तहका १ गरी ३४ विद्यालयलाई रु.५८ लाख ३३ हजार निकासा गरेकोमा निकासा दिदा जिल्ला शिक्षा अधिकारी वा निजले तोकेको अधिकृतबाट अनुगमन गरी प्रतिवदेन पेश गरेको आधारमा निकासा दिनुपर्नेमा अनुगमन गरेको छैन ।

साथै धार्मिक वा वैकल्पिक शैक्षिक कार्यक्रमको रुपमा अनुमतिलिई संचालनमा रहेका विद्यालयहरुलाई प्रति इकाइ लागतमा आधारित शिक्षक अनुदान उपलब्ध नगराउने र राहत शिक्षक भए स्थानान्तर गरेर मात्र अनुदान वितरण गर्नुपर्नेमा २ स्थायी विद्यालयमा रु.३ लाख ३६ हजार निकासा दिएकाले उक्त निकासा रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्दछ ।

६. **प्रतिवेदन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम, सेमिनार, गोष्ठि लगायतका कार्यक्रम संचालन गर्दा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्ने उल्लेख छ । कार्यालयको ५ वटा तालिम, सेमिनार, गोष्ठी विभिन्न कर्मचारी मार्फत सञ्चालन गरी नियमानुसारको प्रतिवेदन तयार तथा स्वीकृत नगराई रु.८ लाख ७६ हजार खर्च लेखेको नियमसम्मत देखिएन ।

७. **बढि निकासा** : आर्थिक कार्यविधि नियमवाली ,२०६४ को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बिभिन्न ६ बिद्यालयहरु लाई शिक्षकको तलब भत्ता तथा छात्रावृति रकम निकासा दिदाँ  बिद्यालयको माग फारम र बिल भरपाई भन्दा रु.५ लाख ४४ हजार  बढी निकासा दिएको देखिएकाले उक्त रकम सम्बन्धित बिद्यालयबाट असुल गर्नुपर्दछ ।

८. **बिल भरपाई** : आर्थिक कार्यविधि नियमवाली ,२०६४ को नियम ३६ (३) र (८) मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको बिल भरपाई सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था छ । कार्यालयले  ५ जना द्धन्दपिडित बिद्यार्थी लाई छात्रावृति बापत रु.३३ हजार बितरण गरेकोमा सम्बन्धित बिद्यार्थीले रकम बुझेको भरपाई पेश नभएको हुदाँ पेश हुनुपर्दछ ।

९. **भौतिक निर्माण** : शिक्षा मन्त्रालयले २०७२।०६।११ मा स्वीकृत गरेको विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ अनुसार विद्यालयको भवन निर्माण, नयां कक्षा कोठा निर्माण, भवन मर्मत, शौचालय निर्माण, वाह्य वातावरण सुधार वापत विद्यालयलाई निर्माण कार्य शुरु गरेको १५ दिन भित्र पहिलो किस्ता ३० प्रतिशत, पहिलो किस्ताको नापी किताब अध्यावधिक गरेपछि ५० प्रतिशत दोस्रो किस्ता र कार्य सम्पन्न प्रतिवेदन तयार भएपछि बांकी २० प्रतिशत रकम विद्यालयलाई निकासा दिनु पर्ने उल्लेख छ । कार्यालयले विभिन्न १७२ वटा विद्यालयलाई भवन निर्माण,शौचालय निर्माण तथा मर्मत एवं बाहिरी वातावरण सुधारको लागि रु.९ करोड ४३ लाख ५० हजार निकासा दिएकोमा पहिलो किस्ताको नापी किताब अध्यावधिक नगरी दोस्रो किस्ता र कार्यसम्पन्न प्रतिवेदन तयार नहुदै अन्तिम किस्ता निकासा दिएको देखिन्छ । यसरी निर्देशिका अनुसार निर्माण कार्यको नापी किताब र निर्माण कार्य सम्पन्न गरेको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको अवस्थामा निर्देशिका र आर्थिक कार्यविधि नियमावली, २०६४ बिपरीत बजेट फ्रिज हुन नदिने उद्देश्यले आर्थिक बर्षको अन्त्यमा निकासा दिने कार्य नियमसम्मत देखिएन । उक्त खर्चको प्राबिधिक मूल्याङ्कन गरी निर्माण कार्य सम्पन्न भएको नापि किताब र कार्यसम्पन्न प्रतिवेदन पेश नभएकाले पेश हनुपर्दछ ।

१०. **बिल भरपाई** : आर्थिक कार्यविधि ऐन, २०६३ को दफा ३६ (३) मा खर्चको विल भरपाई सहितको श्रेस्ता राख्नुपर्ने र कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार विद्यालयहरुलाई रकम निकासा दिंदा कार्यक्रम प्रभावकारी रुपमा संचालन भए नभएको सम्बन्धमा जिल्ला शिक्षा कार्यालयले अनुगमन गरि अनुगमन प्रतिवेदनका पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले  २ विद्यालयलाई रु.४४ लाख ४० हजार निकासा  दिएकोमा खर्चको विल भरपाई र अनुगमन प्रतिवेदन पेश नभएकाले पेश हनुपर्दछ ।

११. **पि.सि.एफ तलब** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी दिंदा रीत पुगे नपुगेको जांच गर्नुपर्ने उल्लेख छ । कार्यालयले जिल्लामा संचालित १४७ सामुदायिक तथा सरकारी विद्यालयहरुलाई पि.सि.एफ. तलब निकासा दिंदा विद्यालय निरीक्षक र श्रोत व्यक्तिले संकलन गरी प्रमाणिकरण गरेको विद्यार्थी संख्या र शिक्षक दरबन्दीको तथ्याङ्कलाई शिक्षा विभागबाट स्वीकृत गराई निकासा दिनुपर्नेमा सम्बन्धित विद्यालय निरीक्षकबाट प्रमाणिकरण तथा शिक्षा विभागबाट स्विकृत भएको तथ्याङ्क एवं दरबन्दी वेगर रु.७३ लाख २८ हजार  निकासा दिएको देखिएकोले शिक्षा विभागबाट स्विकृत भएको विद्यार्थी संख्या तथा शिक्षक दरबन्दीको तथ्याङ्क पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

१२. **पेश्की** : विभिन्न ३ कर्मचारीलाई  कार्यक्रम संचालन गर्नको लागि रु.७ लाख ५८ हजार र ४ विद्यालयलाई शिक्षकहरुको तलब भत्ता वापत रु.४ लाख १६ हजार पेश्की दिएकोमा आर्थिक

वर्षको अन्त्यसम्म पनि फछ्र्यौट भएको नदेखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) अनुसार फछ्र्यौट हुनुपर्दछ ।

१३. **स्थलगत निरीक्षण** : लेखापरीक्षणको क्रममा जिल्ला स्थित ३ वटा विद्यालयहरुको भौतिक तर्फको स्थलगत निरीक्षण गर्दा एक बिद्यालयको भवन निमार्ण तर्फ डिपिसि मात्र भएको र छात्रा शौचालयको काम हालसम्म शुरु भएको नदेखिएकोले उक्त कार्य यथाशिघ्र सम्पन्न गर्नुपर्ने एवं जिल्ला शिक्षा कार्यालयले निर्माणकार्यको अनुगमन प्रभावकारी रुपले गर्नुपर्ने देखिन्छ ।

## नापी कार्यालय

१. **जिम्मेवारी नसारेको** : कार्यालयले नक्सा प्रिन्टको लागि आवस्यक पर्ने एमोनियापेपर गत वर्ष कति मौजदात थियो जिम्मेवारी सारेको गरेको देखिएन । यो वर्ष ३६९ थान खरिद गरी ३५० थान खर्च गरेको जिन्सी खाता तथा श्रेस्ता परीक्षणवाट देखिन्छ । बाँकी रहेको १९ थान आगामी वर्षको लागि जिम्मेवारी सार्नुपर्नेमा नसारेकोले जिम्मेवारी सार्नुपर्ने देखिएको छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : कुनैपनि कार्यालयले आ-आफ्नो कामको प्रकृति अनुसारको उपयुंक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा सार्वजनिक खरिद ऐन बमोजिम खरिद योजना तयार नगरेको, यो वर्ष खरिद गरेको समेत पुराना मालसामान को मुल्य कायम गराई जिन्सी आम्दानी नगरेको, राजस्व आम्दानीको गोश्वारा भौचर खडा नगरेको, जिन्सी निरीक्षण गराई तोकिएको समयमा प्रतिवेदन तयार नगरेको जस्ता व्यहोरा देखिएको छ । प्रचलित कानुनको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नु पर्दछ ।

३. **कर समायोजन** : मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरीक राजश्व कार्यालयलाई दिनुपर्ने उल्लेख छ । कार्यालयवाट भएको भुक्तानीको जानकारी आन्तरीकराजस्व कार्यालयमा पठाएको नदेखिएकोले २ आपूर्ति कर्तालाई विभिन्न १४ भैचरवाट भूक्तानी भएको रु.१३ लाख ३३ हजार मा मू(अ(कर रु.१ लाख ५३ हजार समेत भुक्तानी दिएकोले सोको सम्वन्धित आन्तरीक राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश हुनु पर्ने अन्यथा सो असूल हुनु पर्दछ ।

४. **करारमा नियुक्ती** : कार्यालयले विभिन्न १२ जना कर्मचारीहरु करारमा नियुक्ती गरेको भनी दैनिक प्रति व्यक्ति रु.३९०।०० का दरले यो वर्ष रु.१७ लाख ३८ हजार भुक्तानी गरेको देखियो । कार्यालयले नाप नक्सा सम्बन्धी कामकोलागि विभागले निर्धारण गरेको नर्मशको आधारमा जनजीरदार नियुक्त गरी कार्य प्रगति अनुसार कामदारको ज्याला भुक्तानी दिनुपर्नेमा सो बमोजिम नाम नक्साको कार्य तर्फ नभई नियमित रुपमा भुक्तानी खर्च लेखेको, ती करारका कर्मचारीहरुसँग करार सम्झौता समेत गराएको नपाइएकोले अनियमित देखिएको छ ।

५. **प्रगति विवरण** : नाप नक्साङ्कन गरेको भनी असार महिनामा विभिन्न १९ जना कामदारको १५ दिनको दैनिक ४३०।०० का दरले रु.१ लाख १६ हजार भुक्तानी दिएको देखियो । उक्त अवधिमा के कति नक्साङ्कन गरिएको हो सो खुल्ने प्रगति विवरण बनाएको नदेखिएकोले खर्चको यथार्थता एकिन गर्न सकिएन ।

६. **डिजिटल डाटावेश** : नापी कार्यालयले जग्गाहरुको नाप नक्साहरु जि.ई.ओ डाटाबेसमा समाबेश गर्नुपर्नेमा सो बमोजिम नभई नक्साहरुको ईमेज मात्र उपलब्ध गराउने गरेको, डिजिटल कित्ताकाट गर्न नसकेको र डिजिटल डाटाबेसमा नगर क्षेत्रको मात्र कार्यान्वयनमा ल्याएको, केही

गा.वि.स.को आंशिक मात्र सो प्रविधि अनुसार काम गर्ने प्रकृया अघि बढाएको पाइएकोले सरकारीको नीति अनुरुप जि.ई.ओ.डाटाबेश प्रणालीको कार्यान्वयन गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनु पर्दछ ।

७. **सफ्ट वेयर** : कार्यालयले फिल्डबुक स्केनीङ्ग गरी IRM software मा प्रविष्ट गर्नुपर्नेमा सो बमोजिम पुर्ण रुपमा गरेको पाइएन ।

## नारायणी उपक्षेत्रिय अस्पताल

१. **मौज्दात** : कार्यालयले पेश गरेको अस्पताल विकास समिति को आर्थिक विवरणमा गत बर्षको जिम्मेवारी समेत रु.५करोड ३० लाख ९८ हजार आम्दानी गरेकोमा रु.५करोड ४७ लाख ८७ हजार बजेट खर्च गरी रु.१६ लाख ८९ हजार ऋणात्मक मौज्दात देखाएकोमा आम्दानी भन्दा बढी खर्चभएको रकम कुन श्रोत बाट गरेकोले आवश्यक छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

२. **आषाढ महिनाको खर्च** : कार्यालयले ४ बजेट उपशिर्षक बाट रु.२ करोड ८७ लाख ५५ हजार कुल बजेट खर्च गरेकोमा आषाढ महिनामा मात्र रु.२ करोड ८७ लाख ५५ हजार (१०० प्रतिशत) खर्च गरेको छ ।स्वीकृत बजेट मध्ये शतप्रतिशत खर्च अन्तिम चौमासिकमा गर्दा गुणस्तर युक्त निर्माण कार्य हुन नसक्ने, खरिद सम्झौताको अवधि थप गर्नुपर्ने अवस्था सिर्जना हुने भएकाले अन्तिम चौमासिकमा मात्र अधिकांश बजेट खर्च गर्ने प्रबृतिमा सुधार गर्नुपर्दछ ।

३. **फिज** : आर्थिक कार्यविधि नियमवाली, २०६४,को नियम ४० (७)मा महालेखा नियन्त्रकको कार्यालयले फ्रिज नहुने भनी तोकेको उपशिर्षक बाहेक अन्य उपशिर्षकको आर्थिक बर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले फ्रिज नहुने एक बजेट उपशिर्षकबाट अस्पताल बिकास समिति खातामा सापटी गएको रु.४८ हजार आर्थिक बर्षको अन्त्यसम्म सापटी सोधभर्ना भएको नदेखिएकाले संचित कोष दाखिला गर्नुपर्दछ ।

४. **तलबी प्रतिबेदन** : निजामति सेवा ऐन ,२०४९ को दफा ७ (ख) मा तलबी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नु पर्ने उल्लेख छ । कार्यालयले तलबी प्रतिवेदन पास नगरी यो वर्ष रु.८२ लाख खर्च लेखेको देखिएकाले उक्त खर्च ऐन सम्मत देखिएन । तलबी प्रतिवेदन पास गरेर मात्र तलब खर्च लेख्नु पर्दछ ।

५. **बार्षिक खरिद योजना** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायले खरीद कार्यको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले सो बमोजिम गुरुयोजना र खरीद योजना तयार गरेको देखिएन ।

६. **बहाल कर** : आयकर ऐन, २०५८ को दफा ८८(१) मा भाडा भुक्तानी रकममा १० प्रतिशतका दरले बहाल कर लाग्ने व्यवस्था भएकोमा अस्पतालले सटरहरुको बहाल वापत रु.५ लाख ७७ हजार आम्दानी गरेकोमा बहाल कर रु.५७ हजार समेत सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

७. **घर बहाल** : अस्पतालको नाममा रहेको घरका सटरहरु औषधि पसल र चमेना गृह संचालनको लागि बहालमा लगाउँदा अस्पताल र बहालवालाबीच भएको सम्झौताको दफा २ मा बहालमा लिनेले अस्पताललाई प्रत्येक महिनाको ७ गते भित्र बहाल नबुझाएमा बिस प्रतिशत थप दस्तुर बुझाउनु पर्ने, थप दस्तुर समेत तीन महिना भित्र नबुझाएमा सम्झौताको म्याद समाप्त हुने

उल्लेख छ । अस्पतालको नाममा रहेको घरका सटरहरु विभिन्न व्यक्तिहरुसँग तोकिए अनुसारको बहाल बुझाउनेगरी सम्झौता भएकोमा सम्झौता अनुसार अस्पताललाई बहालवलाले यस बर्ष रु.१२ लाख ८८ हजार बहाल बुझाउनु पर्नेमा रु.५ लाख ७७ हजारमात्र बुझाएकाले बुझाउन बाँकी रु.७ लाख ११ बहाल रकम सम्बन्धित बाट सम्झौता अनुसार थप दस्तुर सहित असुल गर्नुपर्दछ ।

८. **सोझै खरिद** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न हुदैन भन्ने व्यवस्था छ । अस्पतालले २ बजेट उपशिर्षकबाट बिभिन्न सप्लार्यस तथा फर्महरुबाट कार्यालय सामान,औषधी लगायतको सामान पटक पटक सोझै खरिद गरी रु.२२ लाख २४ हजार भुक्तानी दिएको देखिन्छ । प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९. **कर दाखिला** : अस्पताल विकास समितिको खाताबाट बिभिन्न व्यक्ति तथा संस्था लाई भुक्तानी गर्दा कट्टा गरेको आयकर रु.२ लाख १ हजार दाखिला देखाएकोमा बैंक भौचर बाट रु.१ लाख ७३ हजार मात्र दाखिला भएको देखिएकाले दाखिला गर्न बाँकी रु.२८ हजार दाखिला गर्नुपर्दछ ।

१०. **चाडपर्ब खर्च** : नारायणी उपक्षेत्रिय अस्पताल कर्मचारी नियमावली, २०६३ मा ज्यालादारी कर्मचारीले चाडपर्ब खर्च पाउने व्यवस्था नभएकोमा अस्पतालले ३० जना ज्यालादारी कर्मचारीहरु लाई चाडपर्ब खर्च रु.२ लाख ७७ हजार भुक्तानी गरेको छ । नियमावली बिपरीत ज्यालादारी कर्मचारीलाई भुक्तनी भएको चाडपर्ब खर्च सम्बन्धितबाट असुल गरी अस्पताल विकास समितिको खातामा दाखिला गर्नुपर्दछ ।

११. **पेश्की** : कार्यालयका २ कर्मचारीलाई बिभिन्न कार्यको लागि रु.१३ हजार पेश्कि दिएकोमा आर्थिक बर्षको अन्त्य सम्म फछ्यौट गरेको नदेखिएकाले आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ७९(१) अनुसार फछ्यौट गर्नुपर्दछ ।

## नारायणी सिंचाई व्यवस्थापन डिभिजन

१. **कानूनको पालना** : हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा समयमा नै खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, आन्तरिक लेखापरीक्षणको वेरुजु उपर कारवाही नगरेको, अधिंकाश बजेट रकम आषाढ महिनामा खर्च गरेको, कार्यक्रमगत खाता नराखेको, म.ले.प.फा.नं. २ को अभिलेख नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **वीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाख भन्दा बढीको सम्झौता रकमको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले वीमा गराउनु पर्नेमा यस बर्ष सम्झौता भएका ३ मर्मत सुधार योजनाको सम्झौता अंकमा बीमा रकम समावेश रु.३ लाख ८० हजार रहेकोमा सम्झौता बमोजिम विमा गराएको छैन । नियमावलीले निर्माण कार्यमा हुने क्षतीको न्यूनीकरण गर्न वीमा गर्नु पर्ने व्यवस्था गरेकोमा सोको पालना गरेको छैन ।

३. **नापी किताब** : सार्वजनिक खरिद नियमावली, २०६४ ले ठेक्का वीलको रकम भूक्तानी गर्दा प्राविधिकले नाप जाच गरी आएको प्रत्येक आइटमको परिमाणलाई नापी किताबमा समावेश गरेको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस बर्ष नहर मर्मत तथा निर्माणको कार्यक्रमको भुक्तानी गरेको रु.३ करोड ८० लाख ८ हजारको नापी किताव लुज सिटमा बनाई भुक्तानी गरेको छ । निर्माण कार्य सम्पन्न भएका सबै आइटमका परिमाणहरुलाइ नापी किताबमा समावेश नगर्दा अघिलो विलमा भुक्तानी भएको परिमाण यकिन हुन नसक्ने भई दोहोरो भुक्तानी हुन सक्ने देखिन्छ । यसर्थ नापी किताबमा भुक्तानी परिमाण र रकमको अभिलेख राख्नु पर्दछ ।

४. **बिल भर्पाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितिसंगको सहकार्यमा गरेको निर्माण कार्यको वील भर्पाइ, त्यसलाइ पुष्टयाईगर्ने कागजात समिति वा समुदायको बैठकबाट खर्च अनुमोदन गरी सार्वजनिक निकायमा पेश गर्नु पर्दछ । यस बर्ष कार्यालयबाट नारायणी सिंचाइ व्यवस्थापनका ब्लक नं. १, ७, ९ र १० मा उपभोक्ता समितिहरुसंगको सम्झौताबाट निर्माण कार्य भएको बील भर्पाइ त्यसलाई पुष्ट्याई गर्ने आधार सहितको प्रमाण र खर्चको अनुमोदन पेश नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी रु.९६ लाख ९५ हजार भुक्तानी गरिएको छ । नियमावलीले व्यवस्था गरे बमोजिम रकम अनुमोदन गरेको प्रमाण पेश हुनुपर्दछ ।

५. **पेश्की** : आन्तरिक लेखापरीक्षणको व्यहोरा यकिन गर्दा ५ निर्माण व्यवसायीको नाममा वर्षान्तमा रु.२ करोड ७५ लाख ९३ हजार पेश्की बाँकी रहेको रकम असुल फछ्र्यौट गर्नु पर्दछ ।

६. **धरौटी फिर्ता** : आन्तरिक राजस्व विभागको २०६९।६।१० को पत्रमा अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व भुक्तानी लिएको रकम र मूल्य अभिवृद्धि कर सम्वन्धित निर्माण व्यवसायीले कर विवरणमा समायोजन गरे नगरेको सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट यकिन गरी भुक्तानी दिने पत्र जारीगरेपछि मात्र भुक्तानी गर्ने उल्लेख छ । कार्यालयले यो वर्ष २३ निर्माण व्यवसायीको रु.८ लाख ९२ हजार धरौटी फिर्ता गरेकोमा मुल्य अभिवृद्धि कर समायोजन प्रमाण वेगर धरौटी फिर्ता गरेको देखियो । तोकिएको प्रकृया पुरा गरेर मात्र फिर्ता गर्नुपर्दछ ।

आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७१ अनुसार धरौटी फरक गरेको रकमको हिसाव मिलान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष मौज्दात देखाएको मध्ये ४७ संघ/संस्था र निर्माण व्यवसायीको रु.१४ लाख ४६ हजार धरौटी दायित्व बाँकी रहेको अवधि स्पष्ट देखिएन । अवधि नखुलेको धरौटीको प्रयोजन समाप्तको यकिन गरी धरौटी रकम सदरस्याहा गर्नुपर्दछ ।

## पर्यटन कार्यालय

१. **कानूनको पालना** : हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको कामसंग सम्बन्धित ऐन कानूनको पालनागरी कार्यसम्पादन गरिनुपर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा समयमा नै खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, आन्तरिक लेखापरीक्षणको वेरुजु उपर कारवाही नगरेको, अधिंकाश बजेट रकम आषाढ महिनामा खर्च गरेको, कार्यक्रमगत

खाता नराखेको, तोकिएको ढाँचामा गोश्वारा अभिलेख खाता नराखेको, आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **प्रमाण वेगर खर्च :** एक संरक्षण तथा पर्यटन प्रवर्द्धन समिति मार्फत उपरदाङ्ग गढी ऐतिहासिक क्षेत्र संरक्षणको काम रु.१० लाख ७२ हजारको लागतमा सम्पन्न गर्न र सो लगत अनुमानको ८० प्रतिशतले हुने रु.८ लाख ५५ हजार कार्यालयले व्यहोर्ने गरी २०७२।८।२४ मा संझौता भएको छ । उक्त कार्यको लागि २०७२।८।२४ मा दिएको रु.२ लाख ९७ हजार पेश्की फछ्र्यौट गरी कार्यालयको तर्फवाट संझौता अनुसारको सम्पूर्ण रकम भुक्तानी भएको छ । पेश्की फछ्र्यौट साथ संलग्न फांटवारी अनुसार प्रति ज्यामी प्रति दिन रु.५५०।- देखि रु.६००।- सम्मले रु.४ लाख १० हजार ज्यामी ज्याला खर्च लेखेकोमा ज्यामीले ज्याला वुझेको भरपाइ पेश नभएको रु.४ लाख १० हजारको प्रमाण पेश हुनु पर्दछ ।

३. **मुल्य अभिवृद्धि करको जानकारी :** मुल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६(क) को व्यवस्था अनुसार कर विजकमा समावेश मु.अ.कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने उल्लेख छ । यो वर्ष ३ फर्मलाई मु.अ.कर रु.३८ हजार भुक्तानी गरेकोमा सम्वन्धित आन्तरीक राजस्व कार्यालयलाई सो भुक्तानीको जानकारी दिएको प्रमाण पेश गर्नुपर्दछ ।

४. **कर वीजक :** मुल्य अभिवृद्धि कर ऐन,२०७२ को दफा १४ अनुसार रु.५ हजार भन्दा वढीको सामान खरिदमा कर वीजक लिनुपर्ने व्यवस्था छ । कार्यालयले ऐनको उल्लेखित व्यवस्था विपरित कर वीजक वेगर रु.५ हजार भन्दा वढीको रु.८४ हजारका सामान खरिद गरी भुक्तानी दिएको नियमित देखिएन ।

५. **ज्यामी ज्याला :** ज्यामी ज्याला खर्च सम्बन्धमा देखिएका व्यहोरा देहाय वमोजिम छन् :

५.१ आर्थिक कार्यविधि नियमावली,२०६४ नियम ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाइ सहित खर्च पुष्टि गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । दाहारखानी-१ चितवनमा मन्दिर तथा नयां वाटो निर्माण कार्यको ८०.५ श्रम दिन को रु.४२ हजार ज्यामी ज्याला खर्च लेखेकोमा ज्यामीले रकम प्राप्त गरेको भरपाई वेगर खर्च लेखेको रकमको प्रमाण पेश गर्नुपर्दछ ।

५.२. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित खर्च पुष्टि गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । एक सह-लेखापालले मिति २०७२।११।१७ देखि ११।२३ र ८।१५ देखि ८।२१ सम्म चितवन र मकवानपुर तथा ६।११ देखि ६।१७ सम्म वाराको भ्रमण गरेको देखाइ रु.३० हजार दैनिक भत्ता भुक्तानी लिएको छ । सो अवधिमा निजले गाडी भाडा प्रयोगको प्रयोजन नखुलाई रु.४५ हजार गाडी रिजर्भको र ४६४ लिटर डिजेलको लगवुक संलग्न नै नगरी रु.३४ हजार भुक्तानी दिएको छ । गाडी भाडा र डिजेल खर्चको समेत रु.७९ हजार खर्च लेखेकोले रकम असुल गर्नु पर्दछ ।

५.३. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित खर्च पुष्टि गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । एक वौद्ध गुम्वामा विश्रामस्थल निर्माण गर्न उपभोक्ता समितिले रु.२ लाख ३० हजार र कार्यालयले रु.४ लाख ७५ हजार व्यहोर्ने गरी संझौता भएको छ । नापी किताव र उपभोक्ता समितिले पेश गरेको विल अनुसार रु.६ लाख ८५ हजारको मात्र काम भएको छ । नापी किताव अनुसार कूल खर्चको ८० प्रतिशतले हुने भन्दा रु.१६ हजार वढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ । पेश भएको

फाँटवारी अनुसार ज्याला खर्च लेखेको मध्ये एक व्यक्तिले ५७ श्रम दिनको रु.२६ हजार वुझिलिएको भरपाई वेगर खर्च लेखेको रकमको प्रमाण पेश गर्नुपर्दछ ।

५.४. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित खर्च पुष्टि गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । एक मन्दिर तथा सुरुङ संरक्षण एवं व्यवस्थापन समितिलाई रु.४ लाख ७५ हजार भुक्तानी दिएकोमा पेश भएको खर्चको फांटवारी अनुसार ज्याला खर्च रु.१ लाख ८१ हजार सम्वन्धितले वुझेको भरपाइ वेगर खर्च लेखेको रकमको प्रमाण गर्नुपर्दछ ।

५.५. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित खर्च पुष्टि गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । एक उपभोक्ता समितिलाई रु.४ लाख ७५ हजार भुक्तानी दिएकोमा पेश भएको खर्चको फांटवारी अनुसार ज्याला खर्च रु.१ लाख ८० हजार सम्वन्धितले वुझेको भरपाइ वेगर अनियमित खर्च लेखेको असुल गर्नु पर्दछ ।

५.६. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित खर्च पुष्टि गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । एक सहलेखापालले २०७३।२।२ देखि २।५, २।११ देखि २।१५ देखि २।१९ र २।२४। देखि २।३० सम्म रौतहट, वारा, पर्सा, चितवर र मकवानपुरको भ्रमण देखाई रु.१८ हजार दैनिक भ्रमण भत्ता भुक्तानी लिएकोमा कामको विवरण र भ्रमण प्रतिवेदन वेगर भ्रमण खर्च लेखेको छ । त्यस्तै एक सहलेखापालले रु.५४ हजार गाडी भाडा र ५७८० लिटर डिजेलको रु.४३ हजार भुक्तानी लिएकोमा गाडी प्रयोग र इन्धन खर्चको प्रयोजन वेगर रु.९८ हजार खर्च लेखेको असुल गर्नु पर्दछ ।

६. **अन्य निकायको खर्च :** कार्यालयले अन्य निकायको लागि बजेट खर्च गरेको सम्बन्धमा देखिएका व्यहोरा देहाय वमोजिम छन् :

**६.१** एक पर्यटन प्रवर्द्धन विकास समितिका अध्यक्षलाई २०७२।९।१ देखि ९।७ सम्म पर्यटकीय पूर्वाधार विकास कार्यक्रमको अनुगमनको भ्रमण भत्ता भनी रु.९ हजार भुक्तानी दिएको छ । अनुगमनको भ्रमण प्रतिवेदन पेश भएको छैन । अन्यत्रको व्यक्तिलाई अनुगमनमा खटाउन पाउने आधार समेत नदेखिंदा रु.९ हजार अनियमित खर्च लेखेको छ ।

**६.२** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियमको १८ भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछी नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बिल भर्पाइ सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था छ । एक विकास समितिले एक व्यक्तिलाई २०७२।१०।१५ देखि १०।२१ र ११।३ देखि ११।९ सम्मको रु.१७ हजार र सोही समितिको एक सदस्यलाई २०७२।१०।१५ देखि १०।२१ को रु.९ हजार समेत रु.२६ हजार भ्रमण भत्ता भुक्तानी दिएको छ । अनुगमनको कार्य विवरण र भ्रमण प्रतिवेदन पेश भएको छैन । अन्यत्रको व्यक्तिलाई यसरी अनुगमनमा खटाउन पाउने आधार समेत नदेखिएकोले खर्च नियमित देखिएन ।

**६.३** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियमको ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित खर्च पुष्टि गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । एक विकास समितिले एक व्यक्तिलाई २०७२।११।१३ देखि ११।१९ र २०७२।४।२५ देखि ४।३१ सम्म काठमाडौं जांदाको भ्रमण खर्च रु.२० हजार भुक्तानी दिएको छ । निजलाई कार्यालयको काममा काठमाडौं पठाउनुपर्ने कारण नखुलेको र भ्रमण प्रतिवेदन वेगर अनियमित खर्च लेखेको देखिन्छ ।

७. **थप व्ययभार** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित खर्च पुष्टि गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । एक इन्जिनीयरलाई २०७२।९।१ देखि ९।७ सम्म हेटौडा ९।१२ देखि ९।१८ सम्म चितवनको ९।२४ देखि ९।३० सम्म पुनः चितवन १०।३ देखि १०।९ सम्म मकवानपुर र चितवन भ्रमणको रु.३१ हजार भ्रमण भत्ता भुक्तानी दिएकोमा सोही अवधिमा ७ दिन भाडाको गाडी प्रयोग गरेको देखाइ रु.२१ हजार भुक्तानी दिएको छ । गाडी रिजर्भ गरी खर्च गर्नु पर्ने कारण स्पष्ट नभएकोले रु.२१ हजार खर्च लेखेको रकम असुल गर्नु पर्दछ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाई सहित खर्च पुष्टि गर्ने लेखा राख्नुपर्ने व्यवस्था छ । एक व्यक्तिलाई २०७२।१०।११ देखि १०।१७ सम्म र १०।२० देखि १०।२६ सम्म पर्सा, वारा र रौतहट भ्रमणमा खटाएको देखाई रु.१६ हजार भ्रमण भत्ता भुक्तानी दिएकोमा सोही अवधिमा ५ दिन भाडाको गाडी प्रयोग गरेको देखाइ रु.१५ हजार र पेट्रोल ३० लिटरको रु.३ हजार भुक्तानी दिएको छ । गाडी रिजर्भ र इन्धनको थप खर्च गर्नु पर्ने कारण स्पष्ट नभएकोल १८ हजार खर्च लेखेको रकम असुल गर्नु पर्दछ ।

८. आन्तरिक लेखापरीक्षणको व्यहोरा यकिन गर्दा कन्टिन्जेन्सीको सीमा भन्दा वढी खर्च लेखेको रु.२ लाख ५३ हजार, पर्यटन सम्वन्धी अन्तरक्रिया, होडिङ वोर्ड, व्राउज आदि वापत खर्च भएको रु.३ लाख ६५ हजार समिति वोर्डवाट अनुमोदन गराइ नियमित गर्नु पर्दछ । कार्यालय प्रमुखले पर्यटन मन्त्रालयवाट काजमा यस कार्यालयमा आउँदाको दैनिक भ्रमण भत्ता भुक्तानी लिएको रु. ६७६५/- असुल गर्नुपर्दछ ।

## पर्सा वन्य जन्तु आरक्ष

१. **कानूनको पालना** : हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा समयमा नै खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, म.ले.प.का.नं २ को मर्मत अभिलेख नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **वन अतिक्रमण** : वन्यजन्तु आरक्ष नियमावली, २०३४ को नियम ६(क) (ख) वमोजिम आरक्षको मध्यवर्ती क्षेत्र अतिक्रमण हुन नदिने र अतिक्रमण भएको अवस्थामा हटाउनु पर्ने व्यवस्था छ । गत विगत वर्ष देखिनै आरक्ष क्षेत्रका ४ गा.वि.स.को ५ स्थानमा १३५ हेक्टर जमीन अतिक्रमण भएको प्रतिवेदनमा उल्लेख छ । सो अतिक्रमण हटाइ त्यस क्षेत्रमा वृक्षारोपण गरी वन विस्तार गर्नु पर्नेमा हालसम्म वन अतिक्रमण गर्नेलाई वन ऐन अनुसार हटाउने कार्य गरेको छैन ।

३. **मुद्दा** : कार्यालयले पेश गरेको वन्यजन्तु सम्वन्धी मुद्धाको विवरण अनुसार कार्यालयमा गत वर्ष २८ मुद्दाको लगत रहेकोमा यस वर्ष ३ मुद्दा थप भइ ३१ मुद्दा कायम भएको छ । सोमध्ये २ मुद्दा फैसला भएको र २ मुद्दा अदालतमा पठाइएको छ । वांकी २७ वटा मुद्दाको कारवाही टुङ्ग्याउनु पर्दछ ।

४. **भवन निर्माण** : पसाहा पर्सामा पोष्ट भवन निर्माण गर्न रु.२८ लाख ५१ हजारमा २०७३ जेठ मसान्तमा सम्पन्न गर्ने गरी २०७२/११/१९ मा सम्झौता भइ एक निर्माण व्यवसायीलाई कार्यदेश दिएको छ । सम्झौता बमोजिम जेठ मसान्तमा कार्य सम्पन्न नभएकोले २०७३ असार मसान्तसम्म म्याद थप भएको छ । थप भएको म्याद भित्र पनि निर्माण कार्य सम्पन्न भएको छैन । बाँकी कार्य पुरा गराउनु पर्दछ ।

५. **भवनको उपयोग :** कर्मचारीहरुको सुरक्षा र अन्य कागजात तथा सार्वजनिक सम्पतिको सुरक्षाको लागि पोष्ट भवन निर्माण २०७३ असार मसान्तसम्ममा सम्पन्न गर्नेगरी सम्झौता भएकोमा म्यादभित्र निर्माण कार्य सम्पन्न भएको छैन । निर्माण व्यवसायीको म्याद थप नभएकोले बाँकी भवन निर्माण कार्य पुरा गरी उपयोगमा ल्याउनु पर्दछ ।

६. **नापी किताव :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा निर्माण कार्यको नाप जाँचगरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले पसाहा पोष्ट भवन निर्माण कार्यको नाँपजाँच नापी किताबमा समावेश नगरी लुज सिटमा गरेको छ । नापी किताब तयार गरी कार्यालय प्रमुखबाट प्रमाणित गराइ सोमा भुक्तानी रकम समावेश गरी अभिलेख राख्नु पर्दछ ।

७. **बीमा** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले रु. १० लाख भन्दा बढीको निर्माण कार्य गराउँदा वीमा गराउनुपर्ने व्यवस्था छ । यस बर्ष पोष्ट भवन निर्माण गर्ने कामको सम्झौता रु.२८ लाख ५८ हजार रहेकोमा निर्माण कार्यको वीमा गरेको छैन । बिमा नगर्दा निर्माण कार्यमा हुने क्षति न्यूनीकरण हुन सक्ने अवस्था देखिएन । नियममा भएको व्यवस्था अनुसार वीमा गराई कार्य गराउनु पर्दछ ।

८. **बढी भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा निर्माण कार्यको स्थलगत नाप जाच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।महादेव खोला पानी स्रोत व्यवस्थापन गर्न २०७२/०३/१५ मा सम्पन्न गर्ने गरी २०७१/११/२६ मा सम्झौता भइ निर्माण कार्य शुरु भएकोमा २०७२/११/३१ कार्य सम्पन्न भएकोमा ५ आइटमको नापजाँचभन्दा बढीले रु.४६ हजार बढी भूक्तानी भएकोले असुल गर्नुपर्दछ ।

९. **पेश्की :** विभिन्न ६ कर्मचारीको नाममा रु.३ लाख ४५ हजार पेश्की बाँकी रहेकोमा फछ्र्यौट नगरेकोले आवश्यक कारवाही गरी फछ्र्यौट गर्नु पर्दछ ।

१०. **बढी भुक्तानी** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(५) वमोजिम भुक्तानीका लागि पेश भएका विल भरपाईलाई कार्यालय प्रमुखले प्रमाणित गरी भुक्तानी दिनु पर्दछ । आर्थिक वर्ष २०७१।७२ को लेखापरीक्षण गर्दा बिल भन्दा बढी भुक्तानी भएको रु.३ लाख ५८ हजार असुल हुनु पर्दछ ।

११. **कार्यसम्पन्न प्रतिवेदन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यको प्राविधिक कर्मचारीले नापजांच गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । आ.व. ०७१।७२ को तटवन्ध निर्माण कार्यको कार्यसम्पन्न भएको भनी एक कर्मचारीलाई निजको नाममा रु.३ लाख ८० हजार पेश्की फछ्र्यौट गरि भुक्तानी दिएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले खर्च रकम नियमसम्मत देखिएन ।

## व्यापारीक मार्ग विस्तार योजना

१. **वित्तिय व्यवस्था-** आयोजनाको कुल लागत रु.५ अरव ५० करोड रहेको छ । योजनाको कुल लागतको स्रोतगत स्थिती खुल्ने विवरण पेश भएन । चालु वर्ष नेपाल सरकारको श्रोतबाट रु.२९ करोड ९६ लाख ६६ हजार  खर्च भएको छ । यो वर्ष आयोजनाले रु.२९ करोड ५ लाख पेश्की

वाहेक रु.९१ लाख ६६ हजार  खर्च गरेको छ। वीरगन्ज ड्राइपोर्ट ICP देखी पथलैया चोकसम्म करीव २८ कि.मी.लामो ५० मीटर चौडाइ र दाँया/वाँया ३.५ मीटरको फुटपाथ हुने गरि ६ लेनको व्यापारीक मार्ग विस्तारको काम २०७५।७६ भित्र सम्पन्न गर्ने गरि ६ प्याकेजमा ३५३७९७७४४४.०० सम्पन्न गर्ने गरी संझौता भइ निर्माण कार्य संचालन भइरहेको छ।

२. **कानूनको पालना:** हाल कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको कामसंग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ। कार्यालयको आन्तरीक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा विभागिय प्रमुखबाट कार्यगत बजेट विवरण, स्वीकृत कार्यक्रम र खर्च व्यहोर्ने श्रोत खोली बजेट खर्च गर्ने अख्तियारी ढिला प्राप्त भएको, भ्रमण अभिलेख नरहेको, भ्रमण प्रतिवेदन लिने नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, खरिद इकाई गठन नगरेको, घरजग्गको लगत नरहेको, आन्तिरिक लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त वेरुजु उपर आवश्यक कारवाही नगरेको आदि देखिएको हुँदा आन्तरिक नियन्त्रण प्रणालिलाई व्यवस्थित बनाई प्रभावकारी ढंगले पालना गर्नुपर्दछ।

३. **खर्च व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) मा विकास आयोजना तर्फ योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार गरी स्वीकृत गराइ वजेटमा निर्धारित गरिएको रकम निकासा लिइ नियमानुसार खर्च गर्नु र समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलव्धि तथा प्राविधिक एवं प्रशासनिक व्यवस्था मिलाई कार्यसम्पादन गर्नु सम्वन्धित कार्यालय प्रमुखको कर्तव्य हुने र नियम ३२(२) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारीमा प्रत्येक चौमासिक रुपमा खर्चको लक्ष्य तोकी सोही अनुसार खर्च व्यवथापन गर्नु पर्ने व्यवस्था छ। तर कार्यालयले पूंजीगत खर्च अन्तर्गतको  कार्यक्रममा प्रत्येक चौमासिकको लागि तोकिए अनुसारको खर्च व्यवस्थापन गर्न नसकी अधिकांश  तेस्रो चौमासिक (आषाढ महिना) मा खर्च गरेको छ।

स्वीकृत कार्यक्रम आषाढ महिनामा कार्यान्वयन गर्ने परिपाटीले आर्थिक वर्षको अन्त्यमा हतार हतारमा वजेट खर्च गर्ने प्रवृतिमा वढावा भै निर्माण कार्य गुणस्तरयुक्त हुन नसक्ने, कार्यवोझ अत्यधिक हुन नसक्ने, अनुगमन हुन नसक्ने आदि समस्या देखिइ योजनाको दिगोपनामानै प्रभावपर्ने हुंदा स्वीकृत कार्यक्रमले तोके अनुरुप चौमासिक रुपमा कार्यक्रम कार्यान्वयन गरी भौतिक प्रगति हासिल गर्नुपर्दछ।

४. **कन्टीन्जेन्सी खर्च :** कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम ७ को अनुसूची-१ को ढाँचामा तयार गर्नुपर्ने र उक्त अनुसूची अनुसार २.५ प्रतिशत वर्कचार्ज स्टाफ खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्च गरी ५ प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था छ। यो वर्ष कन्टीन्जेन्सीवाट कार्यालय सामाग्री, मस्टररोलका आधारमा ज्याला खर्च तथा दैनिक भ्रमण भत्ता, इन्धन, सवारी साधन मर्मत जस्ता कार्यमा यो वर्ष रु. ९३ लाख १६ हजार खर्च लेखी सो मध्ये रु. २५ लाख सडक विभागमा पठाइएको छ। कार्यालयलाई आवश्यक पर्ने पूंजिगत र चालु खर्च कन्टिन्जेन्सीबाट भुक्तानी नगरि वजेटमा व्यवस्था गरिनु पर्दछ। कन्टीन्जेन्सी खर्च गर्नुपर्ने हो भने आवश्यक नीति वनाइ ऐन कानूनले कन्टीन्जेन्सी खर्च व्यवस्थापन गरिनु पर्दछ। कन्टीन्जेन्सी खर्चको लगत समेत अद्यावधिक गरेको नदेखिएकोले सो को लगत राखि अद्यावधिक गरी खर्चलाई योजनाको नापी कितावमा प्रविष्टि गरी आयोजना लागतमा समावेश गर्नुपर्दछ।

५. **स्थलगत निरीक्षण** : योजनाले आइ.सी.पी.ड्राइपोर्ट देखि परवानीपुर हुदै पथलैयासम्मको. करिव २८ किलो मिटरको वाटो ६ लेनमा स्तरोन्नतीको काम गर्दै आएको छ । आइ.सी.पी. ड्राइपोर्ट देखि परवानीपुर (वीरगन्ज-पथलैया मार्ग) करिव १६ किलो मिटर सडकको २ लेनको मार्ग ए.डि.वी. को सहयोगमा विगतवर्ष सडक निर्माण र कालोपत्र गर्ने कार्य समेत सडक विभाग अन्तर्गतको सव रिजनल ट्रान्सपोर्ट फ्यासिलिटेसन प्रोजेक्टले निर्माण गरेको जानकारी प्राप्त भएको छ । स्थलगत अध्ययन गर्दा कालोपत्रको गुणस्तर राम्रो रहेको छ । ६ लेनको व्यापारिक मार्ग निर्माण गर्ने नेपाल सरकारको नीतिगत निर्णय भएको अवस्थामा उक्त सडक निर्माण गर्ने कार्यवाट नेपाल सरकारलाई थप व्ययभार पर्न गएको छ ।

६. **पेश्की** : आन्तरिक लेखापरीक्षणवाट ६ निर्माण व्यवसायीको नाममा वर्षान्तमा रु.२९ करोड ५ लाख अफछ्र्यौट पेश्की बाँकी देखाएकोमा फछ्र्यौट गर्नुपर्दछ ।

## बिरगंज भन्सार कार्यालय

१. **आन्तरीक नियन्त्रण प्रणाली** : कार्यालयबाट प्राप्त विवरण अनुसार विभिन्न तहको ९६ जनाको दरवन्दी स्वीकृत रहेकोमा १११ जना कार्यरत रहेको देखियो भंसार विभागको २०५८।११।११ को परिपत्र अनुसार आन्तरिक लेखापरीक्षण बाट भएको असुलीको अभिलेख पेश नभएकोले भिडान गर्न सकिएन । जांचपास पछिको परीक्षण गर्दा भएको राजस्व असुलीको विवरण पेश नभएकोले सोबाट भएको असुली सम्बन्धमा यकिन गर्न सकिएन जसले गर्दा कार्यालयको आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी देखिएन । अत:प्रचलित ऐन नियमको पालनागरी आन्तरीक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ ।

२. **पासबुक धरौटी** : आर्थिक ऐन, २०७२ को अनुसूची-१ को दफा ११ अन्तर्गत बण्डेड वेयरहाउसको सुविधा बमोजिम पैठारी भएको सामान १२ महिनाभित्र निकासी वा परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी, नियमानुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको १० प्रतिशतको जरिबानासमेत पैठारीकर्ताबाट असुल गरिने व्यवस्था रहेको छ । कार्यालय बाट ३ पैठारीकर्ताले पैठारी गरेको सामानबाट तयारी मालवस्तु बनाई तोकिएको समयभित्र निकासी तथा बिक्री नगरेको तथा म्याद थपको लागि निवेदनसमेत नदिएकोले उक्त पैठारीकर्ताको धरौटी र १० प्रतिशत जरिबानासमेत रु.५८ लाख ७२ हजार असुल गनुपर्दछ ।

३. **बैक ग्यारेन्टी** : भन्सार नियमावली, २०६४ को नियम १६ मा बण्डेड वेयरहाउसको इजाजत पत्र वालाले निकासी वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थमा लाग्ने महसुल बैक जमानत लिई पैठारी गरेको कच्चा पदार्थबाट ११ महिनाभित्र तयारी वस्तु बनाई निकासी नगरेमा वा म्याद थपको अवधिसमेत समाप्त भएको अवस्थामा बैक जमानतबाट भन्सार महसुलमा लाग्ने २५ प्रतिशत थप रकम असुल गरिने व्यवस्था छ । कार्यालयबाट २ उद्योगले बैक ग्यारेन्टीको आधारमा पैठारी गरेको कच्चापदार्थबाट पैठारी मितिले ११ महिनाभित्र तयारी वस्तु निकासी गरेको नदेखिएकोले ती उधोगहरुले पैठारी गरेको कच्चापदार्थमा लाग्ने भन्सार महसुल र सोको २५ प्रतिशत थप महसुल समेत रु.१ करोड ८२ हजार असुल गर्नुपर्दछ ।

४. **अन्तशुल्क** : आर्थिक ऐन, २०७२ मा फिलर मास्टर ब्याचको पैठारीमा १० प्रतिशत मात्र भन्सार महशुल लाग्ने र अन्तशुल्क र मु.अ.कर छुट दिने व्यवस्था रहेको देखिदैन । यस कार्यालयबाट ८ पैठारीकर्ताले क्याल्सियम कार्बोनेट फिलर मास्टर ब्याच उपशीर्षक ३९२०९९० बाट पैठारी गर्दा १० प्रतिशत भन्सार महशुल र मु.अ.कर लिएता पनि ५ प्रतिशत अन्तशुल्क छुट दिई जाँचपास

गरेको छ । यसरी आर्थिक ऐनले नदिएको सुबिधा दिएको कारणले  छुट भएको अन्तशुल्क र सोमा लाग्ने मु.अ.कर समेत रु.२३ लाख ९९ हजार अशुल गर्नुपर्दछ ।

५. **छुट भन्सार महशुल** : भन्सार दरवन्दी ८४८३४००० मा गियर, गियर वक्स र अन्य स्पीड चेन्जरहरु पर्दछन । भन्सार कार्यालयबाट ११ पैठारीकर्ताले गेयर बक्सहरु पैठारी गरेकोमा भन्सार संकेत नम्बर ८४८३४०००० बाट १५ प्रतिशत भन्सार महशुल र १३ प्रतिशत मु.अ.कर लगाइ जाँचपास गर्नुपर्नेमा ५ प्रतिशत लगाई जाँचपास गरेको देखिएकोले छुट भन्सार महशुल र मु.अ.कर रु.२ लाख ७५ असुल हुनुपर्दछ ।

६. **छुट सुविधा** : एकिकृत भन्सार दरबन्दी २०७२।०७३  अनुसार भन्सार दरबन्दी उपशीर्षक २३०९९०बाट फिड सप्लीमेन्टको पैठारी गर्दा ५ प्रतिशत भन्सार महसुल  लगाई जाँचपास गर्नु पर्ने व्यवस्था छ । अर्थिक ऐन, २०७२ को अनुसूची १ को दफा १४ को उपदफा २ (ग) मा दाना तथा पशुपंक्षी उद्योगहरूले स्वदेशमा प्रयोग गर्ने गरी उपशीर्षक २३०९.९०.०० को फिड सप्लीमेन्ट पैठारी गरेमा १ प्रतिशत मात्र भन्सार महशुल लाग्ने व्यवस्था छ। यस भन्सार कार्यालयबाट ६ वटा व्यपारीक फर्महरुलाई फिड सप्लीमेन्ट पैठारी गर्दा उक्त छुट सुबिधा दिई जाँचपास गरेकोमा उक्त पैठारीकर्ताहरु पशुपंक्षीको  दाना उत्पादन गर्ने उद्योग दर्ता भएको प्रमाण पेश नभएकाले प्रमाण पेश हुनुपर्ने अन्यथा छुट भएको भन्सार महशुल रु.३ लाख ७९ हजार असुल गर्नुपर्दछ ।

७. **फरक दरबन्दी** : भन्सार दरवन्दी ८४१४६००० मा अधिकतम १२० से.मी सम्म समतल क्षेत्र भएका ढकनी (हुड) हरु १५ प्रतिशत भन्सार मूल्य र मूल्य अभिबृद्धिकर लगाइ जाँचपास गर्नु पर्ने देखिन्छ । एक पैठारीकर्ताले ८५१४२० भन्सार दरवन्दीबाट (हुड) ० प्रतिशत भन्सार महशुल र १३ प्रतिशत मु.अ.कर लगाई जाँचपास गरेकोले छुट भन्सार महशुल र मूल्य अभिबृद्धि कर रु.६१ हजार असुल गर्नुपर्दछ ।

८. **छुट अन्तशुल्क** : आर्थिक ऐन ,२०७२ को (अन्तशुल्क) अनसूची बमोजिम भन्सार दरबन्दी ३८१४०००० बाट सोल्भेन्ट र थिनर र रोगन लगाउने वा मेटने तयारी सामानहरु पैठारी गर्दा प्रति लिटर रु.२२। का दरले अन्तशुल्क असुल गर्नु पर्नेमा ३८ पैठारीकर्ताले रु.७९ लाख ७२  हजार कारोबार मूल्यका ८७२०७ लीटर थिनर,सालभेनट र रोगन हटाउने मालबस्तु पैठारी गरेकोमा तोकिएको दरमा अन्तशुल्क लगाई जांचपास गर्नु पर्नेमा अन्तशुल्क असुल गरेको नदेखिएकाले छुट भएको अन्तशुल्क र मुअकर समेत रु.२० लाख ४४ हजार असुल गर्नुपर्दछ ।

९. **छुट अन्तशुल्क** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१  बमोजिम वस्तुमा जुन संकेत नम्वर र महसुलको दर लाग्ने हो सो अनुसारकै भन्सार दरबन्दी लगाई राजस्व असुल गर्नु पर्नेमा एक पैठारीकर्ताले अप्टीकल फाईबर पैठारी गरेकोमा भन्सार दरबन्दी ८५४४७० बाट १० प्रतिशत अन्तशुल्क लगाई जांचपास गर्नुपर्नेमा  भन्सार दरबन्दी ९००११ बाट ५ प्रतिशतमात्र भन्सार महशुल लगाई राजस्व असुल गरेकाले छुट भएको राजस्व रु.६ लाख  असुल गर्नुपर्दछ ।

१०. **छुट महशुल** : आर्थिक ऐन, २०७२ को दफा १४ (२) (ज) अनुसार भन्सार दरबन्दी ९०१८९० मा पर्ने मृगौला उपचारमा प्रयोग हुने हेमो डायलाइसिस मेशिन, डायलाइजर र यसको ट्यूविङ्ग मा १ प्रतिशत भन्सार महशुल लाग्ने व्यवस्था भएकोमा एक पैठारीकर्ताले सोही दरबन्दी अन्तर्गत रु.४४ लाख ८८ हजारको डाईलसिस मेशिन पैठारी गरेकोमा १ प्रतिशत भन्सार महशुल लगाएको नदेखिएकोले छुट महशुल रु.४५ हजार असुल हुनुपर्दछ ।

११. **छुट अन्तशुल्क** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने मालबस्तुमा अन्तशुल्क ऐन, २०५८ बमोजिम अन्तशुल्क असुल गर्नुपर्ने व्यवस्था छ । एक पैठारीकर्ताले रु.१ करोड २९ लाख ७८ हजार कारोवारमूल्यको लिड एसिड ब्याट्री पैठारी गरेकोमा भन्सार दरवन्दी ८५०७ बाट १ प्रतिशत महशुल लिइ जाँचपास गरेको देखियो । अन्तशुल्क ऐन, २०५८ को दफा ३ संग सम्बन्धित अन्तशुल्क दरवन्दी को शीर्षक ८५०७२० मा ब्याट्री पैठारीमा ५ प्रतिशत अन्तशुल्क लाग्ने व्यवस्था छ । ब्याट्री पैठारीमा अन्तशुल्क छुट दिने व्यवस्था नभएकोले छुट अन्तशुल्क र सोको मु.अ.कर रु.१ लाख ३० हजार असुल गर्नुपर्दछ ।

१२. **फरक दरबन्दी** : भन्सार दरबन्दी ८७०५ मा व्यक्ति वा वस्तुहरुको यातायातका लागि बनाइएका बाहेक खास उद्देश्यका मोटर गाडीहरु जस्तै ब्रेक डाउन लहरी, क्रेन लहरी, आदि पर्दछन् । उक्त आइटमको भन्सार दरबन्दी व्याख्या अनुसार इन्जिन र ब्रेक जडान भएका गतिशील प्रकृतिका मालवस्तु समावेश हुने उल्लेख छ । यस भन्सार कार्यालयबाट दुई पैठारीकर्ताले पैठारी गरेको घुम्ती क्रेन भन्सार दरबन्दी ८७०५१० बाट भन्सार महसुल १० प्रतिशत र मूल्य अभिवृद्धि कर लगाई जाचपास गर्नुपर्नेमा अन्य दरबन्दीबाट भन्सार महसुल ५ प्रतिशत मात्र लगाई जाचपास गरेकोले घटी असुल हुन गएको महसुल रु.१७ लाख २५ हजार असुल गर्नुपर्दछ ।

१३. **फरक दरबन्दी** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम जुन संकेत नम्वर र भन्सार महसुलको दर प्रतिशत लाग्ने हो सो अनुसारकै भन्सार दरबन्दी लगाई राजस्व असुल गर्नु पर्नेमा यस भन्सार कार्यालयबाट ६ पैठारी कर्ताहरुले पैठारी गरेका स्याम्पल कन्टेन्र सामानमा पैठारी संकेत नम्वर एवं भन्सार दरबन्दी अनुसार लाग्ने संकेत नम्वर भन्दा फरक संकेत नम्वर लगाई राजस्व असुल गरेबाट छुट हुन गएको राजस्व रु.७२ हजार असुल गर्नुपर्दछ ।

१४. **फरक दरबन्दी** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम जुन संकेत नम्वर र भन्सार महसुलको दर प्रतिशत लाग्ने हो सो अनुसारकै भन्सार दरबन्दी लगाई राजस्व असुल गर्नु पर्नेमा यस कार्यालयबाट ६ पैठारी कर्ताहरुले पैठारी गरेका कास्टिङ्ग स्टील, एलोबेरा जुश, ल्फेब मिल्क आदी सामानमा पैठारी संकेत नम्वर एवं भन्सार दरबन्दी अनुसार लाग्ने संकेत नम्वर भन्दा फरक संकेत नम्वर लगाई राजस्व असुल गरेबाट छुट हुन गएको राजस्व रु.२८ लाख ४७ हजार असुल गर्नुपर्दछ ।

१५ **छुट सुविधा** : आर्थिक ऐन, २०७२ को अनुसुचि-१ अनुसार भिटामिन, भिटामिनको रुपमा प्राथमिक तवरले प्रयोग गरिने तिनीहरुका ब्यूत्पत्तिहरु मा भन्सार महशुल ५ प्रतिशत र मु.अ.कर १३ प्रतिशत लाग्ने व्यवस्था छ । सोही ऐनको दफा १५ (२) (ङ) अनुसार पशु सेवा विभागको सिफारिसमा दाना तथा पशुपक्षी उद्योगले पैठारीगर्ने भाग २८, २९ र ३० मा पर्ने कच्चापदार्थमा १ प्रतिशत मात्र भन्सार महशुल लाग्ने व्यवस्था छ । कार्यालयबाट उक्त सुविधाको आधारमा ५ पैठारीकर्ताले भिटामिन र भिटामिनका प्राकतिक सार पैठारी गर्दा १ प्रतिशत मात्र भन्सार महशुल लगाई जांचपास गरकोमा पशु सेवा विभागको सिफारिस पेश नभएकाले पेश हुनपर्ने अन्यथा छुटभएको भन्सार महशुल र मू.अ. कर समेत रु.३ लाख ८२ हजार असुल गर्नुपर्दछ ।

१६. **फरक दरबन्दी** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम भन्सार महशुल लगाउनु पर्ने र दफा ६ मा मूल्य अभिबृद्धिकर ऐन, २०५२ बमोजिम मूल्य अभिबृद्धिकर लगाई असुल गर्नुपर्ने उल्लेख छ । एक उद्योगले रु.३६ लाख ३९ हजार कारोवार मूल्य भएका एसी भल्ब पैठारी गरेकोमा भन्सार उपशिर्षक ८४८१८० बाट २०

प्रतिशत भन्सार महशुल र मू अ कर लगाउनु पर्नेमा ८४८११० बाट १० प्रतिशत भन्सार महशुल र मू अ कर लगाएकोले छुट हुन गएको महशुल रु.४ लाख ११ हजार असुल गर्नुपर्दछ ।

१७ **फरक दरबन्दी** :.आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम जुन संकेत नम्वर र महसुलको दर प्रतिशत लाग्ने हो सो अनुसारकै दरबन्दी लगाई राजस्व असुल गर्नु पर्नेमा नौ पैठारी कर्ताहरुले पैठारी गरेका मिट मसला, चार्ट मसला, करि मसला, फेश वास आदी सामानमा पैठारी संकेत नम्वर एवं भन्सार दरबन्दी अनुसार लाग्ने संकेत नम्वर भन्दा फरक संकेत नम्वर लगाई राजस्व असुल गरेबाट छुट हुन गएको राजस्व रु.१ लाख असुल गर्नुपर्दछ ।

१८. **फरक दरबन्दी** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम भन्सार महशुल लगाउनु पर्ने र दफा ६ मा मूल्य अभिबृद्धिकर ऐन, २०५२ बमोजिम मूल्य अभिबृद्धिकर लगाई असुल गर्नुपर्ने उल्लेख छ ।भन्सार बिभागको वान मोनिटरिङ्गको २०७३।२।१० को निर्देशन अनुसार ई.आर.डब्लु पाइप लाई भन्सार दरबन्दी ठघण्टघण्णबाट ३० प्रतिशत भन्सार महशुल र मू अ कर लगाउनु पर्ने उल्लेख भएकोमा एक पैठारीकर्ताले पैठारी गरेको ई.आर.डब्लु पाईपमा दरवन्दी फरकपारी ७३०४९०० बाट २० प्रतिशत भन्सार महशुल र मू. अ. कर लगाएकोले छुट हुन गएको राजस्व रु.६ लाख ८४ हजार असुल गर्नुपर्दछ ।

१९. **फरक दरबन्दी** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम वस्तुमा जुन संकेत नम्वर र भन्सार महसुलको दर प्रतिशत लाग्ने हो सो अनुसारकै भन्सार दरबन्दी लगाई राजस्व असुल गर्नु पर्नेमा१२ पैठारी कर्ताहरुले पैठारी गरेका टवाईलेट पेपर, ल्किपबोर्ड फेन्सी बोर्ड आदी सामान मालबस्तुमा लाग्ने संकेत नम्वर भन्दा फरक संकेत नम्वर लगाई राजस्व असुल गरेबाट छुट हुन गएको राजस्व रु.४ लाख २५ हजार असुल गर्नुपर्दछ ।

२०. **छुट सुबिधा** : अर्थिक ऐन, २०७२ को अनुसूची १ को दफा १४ को उपदफा २(क) मा १० किलोबाट वा सो भन्दा बढी क्षमताको जेनेरेटर पैठारीमा भन्सार महसुल १ प्रतिशत लाग्ने व्यवस्था भएकोले १० किलो बाट भन्दा कम क्षमताका जेनेरेटर पैठारीमा तोकिएकै दरमा भन्सार महसुल असुल गर्नुपर्नेमा २ पैठारीकर्ताले १० किलोबाट भन्दा कम क्षमता भएका जेनेरेटर पनि छुट सुविधामै पैठारी भएको देखिएकोले छुट भएको भन्सार महशुल र सोको मूल्य अभिवृद्धि कर समेत रु.४ लाख ५१ हजार असुल गर्नुपर्दछ ।

२१. **सदरस्याहा** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६४ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पुरा भएपछि म्याद भित्र र म्याद नतोकिएको भए पन्ध्र दिन भित्र निर्णय गरी त्यस्तो धरौटी रकम राजश्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालयको आर्थिक बर्ष २०७२/७३ को आशिकुडा प्रणालीको तथ्यांक अनुसार ६६८ वटा प्रज्ञापनपत्र बाट यस भन्सार बिन्दुबाट मालवस्तु पैठारी गर्ने बिभिन्न फर्म तथा व्यक्तिहरुले अतिरिक्त महशुल र जरिबाना बापत बुझाउनु पर्ने भन्सार महशुल, अन्तशुल्क र मुल्य अभिवृद्धि कर बापत राखेको धरौटी रु.४ करोड ४७ लाख ८७ हजार सदरस्याहा देखाएकोमा राजश्व दाखिला हुन बाँकी देखिएकाले सो रकम राजश्व दखिला गर्नुपर्दछ ।

२२. **छुट सुबिधा** : एकिकृत भन्सार दरबन्दी २०७२।०७३ अनुसार भन्सार दरबन्दी उपशीर्षक ७३०८९० भित्र पर्ने फलाम तथा स्टीलका पोलहरु पैठारी गर्दा २० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत

मु.अ.कर लगाई जाँचपास गर्नु पर्ने व्यवस्था छ। एक पैठारीकर्ताले १ लाख १ हजार ६९४ के.जी पूर्ण ग्याल्भनाइज्ड स्टील पोलहरु पैठारी गर्दा आर्थिक ऐन, २०७२ को दफा १५(२)त बमोजिम विद्युत विकास विभागको छुट सुविधा पाउने प्रमाण वेगर १ प्रतिशतमात्र भन्सार महशुल लिई जाँचपास गरेकोले प्रमाण पेश हुनुपर्ने अन्यथा सोवाट छुट दिएको राजस्व रु.३८ लाख असुल हुनुपर्दछ।

२३. **फरक दरबन्दी** : भन्सार दरवन्दी ३३०३० मा सुगन्धित वासफाइ सम्बन्धी परफुयम पर्दछन्। डेओडयन्ट स्प्रेय भन्सार दरबन्दी ३३०७२ बाट र परफुयम भन्सार दरबन्दी ३३०३० बाट जाँचपास हुने अन्तराष्ट्रिय प्रचलन देखिन्छ। ६ पैठारीकर्ताले परफुयम लाई भन्सार दरवन्दी ३३०७२ व्यक्तिगत गन्ध हटाइने र पसिना रोक्ने सामानहरु शीर्षकबाट १० प्रतिशत भन्सार महशुल र मु.अ.कर लगाइ जाँचपास गरेकोले छुट भएको भन्सार महशुल र मु.अ.कर समेत रु.७१ हजार असुल गनुपर्दछ।

२४. **फरक दरबन्दी** : आर्थिक ऐन, २०७२ को २४.दफा २ मा विदेशबाट नेपालभित्र पैठारीहुने सामानमा अनुसूची-१ बमोजिम जुन संकेत नम्वर र भन्सार महसुलको दर प्रतिशत लाग्ने हो सो अनुसारकै भन्सार दरबन्दी लगाई राजस्व असुल गर्नु पर्नेमा ५ पैठारीकर्ताले मोटर कार, बस र लहरीहरुमा प्रयोग हुने खालको मोडेलका टायर पैठारी गर्दा उपशिर्षक ४०११११० र ४०११२० मा पर्ने टायरहरु ट्याक्टर र उपशिर्षक ४०११९३ र ४०११६१ बाट निमार्णकार्यमा प्रयोग हुनेलाई वर्गिकरण गरी जाचंपास गरेको छ। आर्थिक ऐन, २०७२ को अनुसुचि-१ को दफा २० अनुसार उक्त उपशीर्षकहरुमा साफ्टा छुट नपाइनेमा सो छुट समेत दिएको देखिएकोले घटी असुल भएको राजस्व रु.३४ लाख असुल हुनुपर्दछ।

२५. **टेलिभिजन पार्टस** : भन्सार ऐन, २०६४ को अनुसूचि १, १४(३) (प) र अन्तशुल्क ऐन २०५८ को दफा ३ संग सम्बन्धित अनुसूची अनुसार टेलिभिजन जडान एसेम्बल गर्ने उद्योगहरुले टेलिभिजन जडानको लागि आवश्यक पाटपुर्जाहरु, अर्धतयारी एल.सी.डी. वा एल.ई.डी, प्यानेल, क्याथोड रे पिक्चर ट्युब तथा सहायक सामग्रीहरु भन्सार उपशीर्षक ८५२८७२१० जडान नगरिएको मालवस्तुबाट पैठारी गर्दा भन्सार महसुल २० प्रतिशत र अन्तःशुल्क ५ प्रतिशत लिई भन्सार जाँचपास गर्नुपर्नेमा दश उद्योगले पैठारी गरेका उक्त सामानहरु उपशीर्षक ८५२९९०१० टेलिभिजन पार्टपुर्जाबाट जाँचपास गरी अन्तःशुल्क १५ प्रतिशत लगाएको छ। सो अन्तःशुल्क उद्योगले बिक्रीमा सकलन गरेको रकमबाट फिर्ता लिएको र फिर्ता नपाउने २० प्रतिशत भन्सार महसुल तिर्नुपर्ने भन्सार दरबन्दी प्रयोग नगरेको कारण सरकारलाई प्राप्त हुनुपर्ने राजस्व घट्न गएको छ। यसरी जडान उद्योगको लागि व्यवस्था गरिएको विशेष दरबन्दी प्रयोग नगरी मर्मत प्रयोजनको लागि पार्टपुर्जा पैठारी गर्दा प्रयोग गर्ने दरबन्दी प्रयोग गरेबाट भन्सार महसुल,अन्तशुल्क र मु.अ.कर छुट भएको राजस्व रु.१० करोड ३४ लाख असुल गर्नुपर्दछ।

यस्तै आर्थिक ऐन, २०७३ को अनुसूचि-१ र अन्तशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूची अनुसार उपशिर्षक ८५२८७२१० मा पर्ने (अनएसेम्वल्ड) टेलिभिजन पैठारी गर्दा २० प्रतिशत भन्सार महसुल र १० प्रतिशत अन्तशुल्क लिई भन्सार जाचपास गर्नुपर्ने उल्लेख छ। दश पैठारीकर्ताले अनएसेम्वल्ड टेलिभिजनहरु पैठारीगर्दा उपशिर्षक ८५२९९०१० बाट ० प्रतिशत भन्सार महसुल र १० प्रतिशत अन्तशुल्क लिई भन्सार जांचपास गरेको देखिएकाले छुट राजस्व रु.७ करोड ७ लाख असुल हुनुपर्दछ।

२६. **छुट सुबिधा** : एकिकृत भन्सार दरबन्दी २०७२।०७३ अनुसार भन्सार दरबन्दी उपशीर्षक ५५०३२०बाट स्टेपल रेशाहरु पैठारी गर्दा ५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मुअकर लगाई

जाँचपास गर्नु पर्ने व्यवस्था छ साथै अर्थिक ऐन, २०७२ को १४ (१) ञ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगहरूले पैठारी गर्ने भाग ५४ र ५५ मा पर्ने आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाई) र सबै किसिमका मानव निर्मित स्टेपुल फाइवरमा भन्सार महशुल पूर्णछुट हुने व्यवस्था छ । दुई वटा व्यपारीक फर्महरुले स्टेपल रेशाहरु पैठारी गर्दा उक्त छुट सुबिधा दिई जाँचपास गरेकोमा उक्त पैठारीकर्ताहरु धागो उत्पादन गर्ने उद्योग दर्ता भएको प्रमाण पेश नभएकाले पेश हुनुपर्ने अन्यथा छुट भएको भन्सार महशुल रु.३ लाख ३१ हजार असुल गर्नुपर्दछ ।

२७. **फरक दरबन्दी :** आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम ग्लास विड्सलाई भंसार उपशीर्षक ७०१८१०९० बाट १५ प्रतिशत भन्सार महशुल र मू.अ.कर लगाई जाँचपास गर्नु पर्नेमा ६ पैठारी कर्ताहरुले पैठारी गरेका ग्लास विड्समा फरक संकेत नम्वर लगाई राजस्व असुल गरेबाट छुट हुन गएको राजस्व रु.३ लाख ६१ हजार असुल गर्नुपर्दछ ।

२८. **फरक दरबन्दी :** आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा अनुसूची-१ बमोजिम जुन संकेत नम्वर र भन्सार महसुलको दर प्रतिशत लाग्ने हो सो अनुसारकै भन्सार दरबन्दी लगाई राजस्व असुल गर्नु पर्नेमा यस कार्यालयबाट ६ वटा पैठारी कर्ताहरुले प्रोजेक्टर,प्रिन्टर र लिडलाइट लगायत सामानमा पैठारी गर्दा लाग्ने संकेत नम्वर भन्दा फरक संकेत नम्वर लगाई राजस्व असुल गरेकाले छुट भएको राजस्व रु.१ लाख ७७ हजार असुल गनुपर्दछ ।

२९. **राजस्व दाखिला** : आर्थिक ऐन, २०७२ को दफा २ मा बिदेशवाट नेपाल भित्र पैठारीहुने मालवस्तुमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाइ असुलउपर गरीने व्यवस्था छ । कार्यालयको आर्थिक वर्ष २०७२।७३ को आशिकुडाको तथ्याङ्क अनुसार विभिन्नसामान पैठारी गर्दा ३० वटा प्रज्ञापनत्र आशीकुडामा इन्ट्री भई सो मा लाग्ने महशुल रु.१७ लाख ७२ हजार निर्धारण गरेको भएता पनि असुल गरेको नदेखिएकाले असुल गर्नुपर्दछ ।

## भूमिगत जलश्रोत विकास समिति

१. **कानूनको पालना :** ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको र इन्धन खर्चको लगवुक नराखेको, नियमानुसार घर जग्गाको लगत नराखेको, म.ले.प.फा.नं. २ को अभिलेख नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. **कार्यक्रम तथा प्रगति :** लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ । भूमिगत डिप तथा स्यालो ट्यूवेल सिंचाई कार्यक्रम अन्तरगत स्यालो ट्युवेल सिंचाइ तर्फ २३४ पम्प जडान गर्ने वार्षिक लक्ष्य तोकिएकोमा २२२ वटा पम्प जडान गरी लक्ष्य अनुसार प्रगति गरेको देखिएन ।

३. **खर्च व्यवस्थापन :** आर्थिक कार्यविधि नियमाावली, २०६४ को नियम ३२(२) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारीमा प्रत्येक चौमासिक रुपमा खर्चको लक्ष्य तोकी सोही अनुसार खर्च व्यवथापन गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले पूंजीगत खर्च अन्तर्गतको कार्यक्रम प्रत्येक चौमासिकको लागि तोकिए अनुसार खर्च व्यवस्थापन नगरी तेश्रो चौमासिकमा रु.१ करोड ७४

लाख ५६ हजार खर्च गरेको छ । सोमध्ये आषाढमा मात्र खर्चको ९०.९७ प्रतिशत अर्थात रु.१ करोड ६१ लाख ७३ हजार खर्च गरेको छ । स्वीकृत कार्यक्रमले तोके अनुरुप चौमासिक रुपमा कार्यक्रम कार्यान्वयन गरी भौतिक प्रगति हासिल गर्ने तर्फ कार्यालय क्रियाशिल हुनु पर्दछ ।

४. **कन्टीन्जेन्सी खर्च** : समितिले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम ७ अनुसार अनुसूची-१ को ढांचामा तयार गर्नुपर्ने र उक्त अनुसूची अनुसार २.५ प्रतिशत वर्कचार्ज स्टाफ खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्च गरी ५ प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार कन्टीन्जेन्सीवाट कार्यालय सामाग्री, मस्टररोलका आधारमा ज्याला खर्च तथा दैनिक भ्रमण भत्ता, इन्धन, सवारी साधन मर्मत जस्ता कार्यमा यो वर्ष रु.४ लाख ७८ हजार खर्च गरेकोले कार्यालयलाई आवश्यक पर्ने पूंजिगत र चालु खर्च वजेटमा समावेश गरी खर्च गरिनु पर्दछ । कन्टीन्जेन्सी खर्चको लगत समेत अद्यावधिक गरेको नदेखिएकाले लगत राखी अद्यावधिक गर्नु पर्दछ ।

५. **लगानी** : पर्सा जिल्लामा २०४८।४९ देखिका १७, बारा जिल्लामा १९ र रौतहट जिल्लामा १७ गरी ५३ सिंचाई योजनामा रु. २६ करोड ६५ लाख लगानी भएको छ । पर्साका ५, बाराका ५ र रौतहटका ६ गरी १६ वटा डिप ट्युवेल काम नगर्ने अवस्थामा रहेको भनी ट्युवेल संचालमा ल्याउन रु.२६ लाख २५ हजारको लगत अनुमान पेश भएको देखियो । संरचना निर्माण हुन वांकी रहेका ३२ वटा तथा मर्मत संभार गर्नुपर्ने ९ रहेका छन् । यसरी निर्माण भएका अनुसन्धानात्मक डिप ट्यूववेललाई कार्यक्रममा समावेश नगर्दा हालसम्म सरकारले गरेको लगानी खेर जाने स्थिति देखिएकोले अधुरा योजनाहरु सम्पन्न गर्न तालुक निकायको ध्यान जानुपर्ने भनी गतको प्रतिवेदनमा औल्याएकोमा स्थिति यथावत रहेको छ ।

६. **धरौटी फिर्ता** : अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व त्यसरी भुक्तानी लिएको रकम र मूल्य अभिवृद्धि कर सम्वन्धित निर्माण व्यवसायी तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट यकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी गर्ने भनी आन्तरिक राजस्व विभागको मिति २०६९।६।१० को पत्रमा उल्लेख छ । कार्यालयले ४ निर्माण व्यवसायी र २ फर्मलाई कर समायोजन तथा आय विवरण दाखिला गरेको प्रमाण वेगर रु.३ लाख ३१ हजार धरौटी फिर्ता गरेको नियमित देखिएन ।

७. **हिसाव मिलान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७१ अनुसार धरौटी फरक परेको रकमको हिसाव मिलान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष मौज्दात देखाएको मध्ये रु.७ लाख ९ हजार कहिलेवाट धरौटी दायित्व सर्दै आएको हो सो उल्लेख गर्न सकेको छैन । प्रयोजन समाप्त भै सकेको धरौटी रकम आर्थिक कार्य विधि नियमावली, २०६४ अनुसार सदरस्याहा गरी हिसाव मिलान गर्नु पर्दछ ।

## भूमिगत जल सिंचाइ विकास डिभिजन

१. **कानूनको पालना** : ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको र इन्धन खर्चको लगवुक नराखेको, नियमानुसार घर जग्गाको लगत नराखेको, म.ले.प.फा.नं. २ को अभिलेख नराखेको

आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

२. **कार्यसम्पादन र हस्तान्तरण** : निर्मलबस्ती पर्सा र बाराको लागि स्यालो ट्यूवेल जडान कार्य बोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायीको कबोल अंक रु.१५ लाख ६४ हजार (मु.अ.कर बाहेक) लाई स्वीकार गरी २०७३/०३/१४ मा काम सम्पन्न भएको उल्लेख भए तापनि हालसम्म कार्य सम्पन्न प्रतिवेदन तयार भएको छैन । उपभोक्ता समूहलाई निर्मित संरचना हस्तान्तरण पनि भएको छैन । व्यवस्थापन पक्षसंग छलफल हुंदा उक्त आयोजना २ वर्षमा सम्पन्न गर्ने कार्यक्रम रहेको र आर्थिक वर्ष २०७३।७४ मा वितरण प्रणालीको काम पूरागरी उपभोक्तालाइ हस्तान्तरण गरिने जानकारी प्राप्त भएको छ ।

३. **अधुरो कार्य** : स्वीकृत ठेक्का विलको परिमाण अनुसार कार्य सम्पन्न गर्नुपर्दछ । एक व्यवसायीले गर्नुपर्ने सम्पुर्ण आइटम मध्येको कार्य नगरी कार्य सम्पन्न गरेको छ । प्राप्त विवरणमा ड्रिलिङ गर्ने कार्यको टेष्ट गर्ने उल्लेख भएकोमा टेष्ट नगरी ड्रिलिङको कार्य गरेको हुंदा गुणस्तरीय कार्य भएको छ भने अवस्था रहेको छैन । आइटममा उल्लेख भएको कार्यको परीक्षण गरिनु पर्दछ । व्यवस्थापक्षसंग छलफल हुंदा यो वर्ष सुझाव अनुसारको कार्य सम्पन्न गरिने जानकारी प्राप्त भएको छ ।

४. **कार्य सम्पन्न** : एक डिप वोरिङको काम रु.१५ लाख ६४ हजार (मु.अ.कर वाहेक) को लागतमा संझौता मितिले ६० दिन भित्र काम सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसंग २०७३।१।२ मा संझौता भएको छ । उक्त काममध्ये रु.४ लाख ९१ हजारको सामान खरिदको भुक्तानी गरी उक्त सामान सम्वन्धित उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको छ । वांकी कार्य सम्पन्न गर्न २ महिनाको समय थप भएकोमा रु.१० लाख ८२ हजारको काम सम्पन्न गर्न बाँकी रहेकोले सम्झौता अनुसार काम गर्नुपर्दछ ।

५. **खर्च व्यवस्थापन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) अनुसार स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारीमा प्रत्येक चौमासिक रुपमा खर्चको लक्ष्य तोकी सोही अनुसार खर्च व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले पूंजीगत खर्च अन्तर्गतको कार्यक्रममा प्रत्येक चौमासिकको लागि तोकिए अनुसारको खर्च व्यवस्थापन गरेको छैन । अधिकांश खर्च तेस्रो चौमासिकमा भएको र खर्च मध्ये ४९.४९% आषाढ महिनामा खर्च भएको छ । स्वीकृत कार्यक्रमले तोके अनुरुप चौमासिक रुपमा कार्यक्रम कार्यान्वयन गरी भौतिक प्रगति हासिल गर्ने तर्फ कार्यालय क्रियाशिल हुनु पर्दछ ।

६. **कन्टीन्जेन्सी खर्च** : डिभिजन कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम ७ अनुसार अनुसूची-१ को ढांचामा तयार गर्नुपर्ने र उक्त अनुसूची अनुसार २.५ प्रतिशत वर्कचार्ज स्टाफ खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्च गरी ५ प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था छ । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार कन्टीन्जेन्सीवाट कार्यालय सामाग्री, मस्टररोलका आधारमा ज्याला खर्च तथा दैनिक भ्रमण भत्ता, इन्धन, सवारी साधन मर्मत जस्ता कार्यमा यो वर्ष रु.१० लाख ७१ हजार खर्च गरेको छ । कार्यालयलाई आवश्यक पर्ने पूंजिगत र चालु खर्च वजेटमा व्यवस्था गरिनु पर्दछ । साथै कन्टीन्जेन्सी खर्च गर्नु पर्ने हो भने आवश्यक नीति वनाइ ऐन कानूनमा व्यवस्था गरी कन्टीन्जेन्सी खर्च व्यवस्थापन गरिनु पर्दछ । कन्टीन्जेन्सी खर्चको नापी किताबमा प्रविष्टी नगर्ने र लगत समेत अद्यावधिक गरेको नदेखिएकाले खर्चको लगत अद्यावधिक राख्नु पर्दछ ।

## मालपोत कार्यालय

१. **जग्गा प्रसाशन** : कार्यालयले पेश गरेको प्रगति विवरण अनुसार यो वर्ष नामसारी, दाखिला खारेज, हकसफा, संशोधन, अन्य समेत २०१६ निवेदन दर्ता हुन आएकोमा १९६९ फछ्र्यौट गरी ४७ वांकी रहेको वांकी निदेदन उपर आवस्यक कारवाही गर्नु पर्दछ ।

२. **पूंजीगत लाभकर** :आयकर ऐन, २०५८ को दफा ९५ (क ) ३ मा तोकिएको दर अनुसार गैरव्यवसायिक सम्पत्ति अन्तर्गतको घरजग्गा निर्सग गर्दा एक व्यक्तिले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.३० लाख वा सो भन्दा बढीको गैरव्यवसायिक कर योग्य सम्पत्ति निसर्ग गरेको अवस्थामा मालपोत कार्यालयले रजिष्ट्रेशन लिखत पास गर्दाको अवस्थामा रजिष्ट्रेशन बापत निसर्ग भएको सम्पत्तिको स्वामित्व ५ वर्ष वा सोभन्दा बढी भए २.५ प्रतिशतका दरले र निसर्ग भएको सो गैरव्यावसायिक करयोग्य सम्पत्ति (जग्गा वा भवर्न को स्वामित्व ५ वर्षभन्दा कम रहेको छ भने ५ प्रतिशतका दरले खूद पूँजीगत लाभमा अग्रिम रुपमै कर असुल गर्नुपर्ने व्यवस्था गरेको छ । यो वर्ष कार्यालयले रु.३० लाखभन्दा बढीको घरजग्गा निसर्ग गर्दा जम्मा २९ जना निसर्ग कर्ता वाट रु.१ करोड १८लाख ८८ हजार पूजीगत लाभकर असुल गरेको छ । पारित गरेका रजिष्ट्रेशन लिखतहरुमध्ये रु.३० लाख वा सोभन्दा बढीको करयोग्य सम्पत्ति निसर्ग गरेका ५२ निसर्गकर्तारुवाट ऐन वमोजिम पूंजिगत लाभकर असुल गरेको नदेखिएकोले खुद लाभ निर्धारण गरी लाभकर दाखिलाको प्रमाण नभएमा सम्पत्तिको आयमा ५ प्रतिशतका दरले हुने रु.१ करोड ४० लाख १९ हजार असुल गरी गर्नुपर्दछ ।

३. **लिखत परीक्षण** : वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार राजिनामा, ८,२९७ वकसपत्र, ४३४५ दर्ताफारी/सगोलनामा २२६, अंशवण्डा १३८२, धितो वन्धक ४४६८, अंश वुझको भर्पाई २९३, विविध १६४ समेत १९,१७५ लिखत पारित गरेको पाइयो । कुल लिखतको पू)जीगत लाभकरको ७० वटा अन्य ३० समेत १०० लिखत परीक्षणबाट देखिएका व्यहोरा विभिन्न दफामा कायम गरिएको छ ।

४. **घटी थैली** : खरिदकर्तालाई रजिस्टेशन लिखत पारीत गरि दिएकोमा लिखत पारित गरी तोकिएको दस्तुर बुझाउनुपर्ने व्यवस्था छ । र नं. १८९१ (क) ५५४७ (क) १००१(घ) ९९३(ख) १३८२(क) बाट घटी थैली कायम गरेकोले ३ निसर्ग कर्ताबाट रु.४ लाख ६५ हजार असुल गरी सञ्चित कोषमा दखिला गर्नुपर्दछ ।

५. **पूँजिगत लाभकर** : यो वर्ष रजिष्ट्रेसन नम्बर ६२४,६२५,६२७,६२८,६२९ र ६३०(क) वाट विभिन्न व्यक्तिको नाममा रहेको विरगञ्ज १४ को कित्ता नं. ८५ र १५४ को १,२६४.४८ वर्गमिटर क्षेत्रफल जग्गा विभिन्न व्यक्ति हरुलाई कित्ताकाट गरि विकि गरेको छ । उक्त स्थानको न्यूनतम मूल्यांकन प्रति कट्ठा रु.३० लाख तोकिए अनुसार ७९ लाख ४३ हजार न्यूनतम मूल्य कायम गरिनु पर्नेमा रु.४७ लाख ६२ हजार मात्र कायम गरी लिखत पारित गरेकाले सम्वन्धित खरिद कर्तावाट ४ प्रतिशत ले हुने रकममा महिला छुट पछिको १ लाख ५१ हजार असुल गर्नुपर्दछ । आयकर ऐन, २०५८ (संशोधन सहित) दफा २ द(४) र दफा ९५ क.(३) वमेजिम खुद पुजिगतलाभकर घोषणा फारम भरी यथार्थ खर्च कटाई वाँकी रकममा सो सम्पतिको स्वामित्व ५ वर्ष भन्दा वढी भए २.५ प्रतिशत र सो समय भन्दा कमि भएमा ५ प्रतिशत का दरले पुजिगत लाभकर वुझाउनु पर्ने देखियो । अन्यथा सवै निसर्ग रकमको ५ प्रतिशतले हुने रु.३ लाख ९७ हजार पूँजिगत लाभकर असुल गर्नुपर्दछ ।

६. **खर्च कट्टी :** रजिष्ट्रेशन नम्बर ८७७(ख) वाट एक विक्रेताले विरगञ्ज १४ को १७३.२ व.मि. क्षेत्रफल जग्गा र सोमा वनेको घर एक क्रेतालाई रु.१ करोड ८० लाखमा निसर्ग गरेकोमा उक्त जग्गाको २०५८सालको न्यूनतम मूल्यांकन र घरको मूल्य खुल्ने आधार बेगर एकमुष्ट रु.८० लाख कटाई बाँकी रु.१ करोड मा २.५ प्रतिशतका दरले पूजिगत लाभकर तिरेकोमा लागत खुल्ने प्रमाण संलग्न नभएको । साथै उक्त जग्गा निज निसर्ग कर्ताको नाम्मा ०७१ सालमा मात्र प्राप्त भएको जग्गाको पूर्जा वाट देखिएकोले आयकर ऐन २०५८ को दफा ९५ क.(३) वमोजिम ५ प्रतिशत कादरले लाभकर असुल गर्नुपर्नेमा २.५ प्रतिशतले असुल गरेकोले घटी असुल भएको रु.२ लाख ५० हजार असुल गर्नुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयले आन्तरिक नियन्त्रण प्रणालीको मूल्याकन गर्दा वर्षेनी जग्गाको न्यूनतम मूल्याकन गर्दा आधार र व्याख्या सहित मूल्याकन नगरी केही प्रतिशतमात्र वृद्धि गर्ने गरेको, अधिकांश ग्रामीण क्षेत्रको जग्गालाई खेतीयोग्य भनी एकमुष्ट मूल्याकन गरिएको, न्यूनतम मूल्यांकन र खरिद विक्रीबीचको भिन्नतालाई कम गर्नेतर्फ ध्यान नदिएको घर जग्गाको अभिलिख विधुतिय माध्यमबाट नराखेको, सरकारी तथा सार्वजनिक जग्गाहरुको लगत अद्यावधिक गरी पुस्तिका प्रकाशन नगरेको, जग्गा संरक्षण गर्ने कार्ययोजना नभएको, नापीकार्यालयसंग विधुतीय संजालीकरण गरी जग्गाको पर्याप्त अवस्थाको जानकारी नलिएको, जग्गा धनि प्रमाण पूर्जाको सिलसिलेवार नम्बर कम्प्यूटर प्रणालीबाट नभएको, चौमासिक रुपमा पेश गर्नु पर्ने विवरण पेश नगरेको, सवारी साधन मर्मत गर्दा अभिलेख अद्यावधिक गरी नराखेको, बमोजिम तलवी प्रतिवेदन पारित नगराई तलव खर्च लेखेको जस्ता व्यवस्था देखिएका छन् । आन्तरिक नियन्त्रण प्रणालीलाई सवल र सुदृढ बनाउनुपर्ने देखिन्छ ।

८. **जग्गाको मूल्याङ्कन :** कार्यालयले जग्गाको रजिष्ट्रेशन पारित हुने लिखतमा थैलि अंक कायम गर्ने प्रयोजनको लागि न्यूनतम मूल्य निर्धारण गर्दा बाटो, पूल, विद्युत, पानी लगायतका भौतिक पूर्वाधार विकासमा क्रमिक रुपका बढोत्तरी हुँदै आएको अवस्थाको अध्ययन गरी जग्गाको चलन/चल्तीको मूल्य संग नजिक पुग्ने गरी मूल्य कायम गर्नुपर्नेमा मूल्याङ्कन समितिको बैठक बसी गत विगत वर्षको मूल्याङकन दरमा सामान्य मात्र हेरफेर गरी औपचारिकता दिने गरेबाट मूल्याकन, वस्तुगत नभएकोले राजस्व घटी असुल हुने अवस्था रहेको, नगरपालिकाको जग्गाको हकमा मात्र घरबाटोको सिफारिस लिने गरेको भएपनि ग्रामीण क्षेत्रको जग्गामा सिफारिस नलिएबाट घडेरीयुक्त मुल्यवान जग्गाको समेत खेतियोग्य जग्गाको मूल्यांकन भएको कतिपय लिखतमा घर बाटोको सिफारिस बेगर लिखत पारित गरेको रुपमा न्यूनताम मूल्य कायम हुन गएकोले कारोवार मूल्य र कार्यालयको न्यूनतम मूल्याकनबीच प्रति कठ्ठा रु.२४ लाख ३५ हजारसम्म फरक परेकोले न्यूनतम मूल्य र यथार्थ कारोबारबीच सन्तुलन हुने गरी न्यूनतम मूल्याकन कायम हुनुपर्दछ ।

भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०६७।१२।०७ को परिपत्र अनुसार एकपटक थैली कायम गरेको थैली रकम लाई अर्को पटक विक्री गर्दा उक्त थैली रकमलाई न्युनतम मूल्यांकन कायम गरिनुपर्ने व्यवस्था छ । एक निसर्गकर्ताले अघिल्लो पारित गरेको लिखतको थैली अंक भन्दा विभिन्न ३ वटा लिखत मा रु.८८ लाखघटी थैली राखी लिखत पारित गरेको देखिंदा घटी थैली राखेको रकमको नियमानुसार रु.२ लाख ७२ हजार रजिष्ट्रेशन शुल्क सम्वन्धित खरिदकर्ताबाट असुल हुनुपर्दछ ।

मालपोत कार्यालयले जग्गा खरिद बिक्री प्रयोजनको लागि मालपोत नियमावली, २०३६ (संशोधन सहित) को नियम ५(ख) १ बमोजिम गठित न्यूनतम मूल्य निर्धारण समितिबाट निर्धारण भएको न्यूनतम मूल्याकनभन्दा घटी थैली राखी ३ खरिदकर्तालाई लिखत पास गर्दा रु.२३ लाख ८८ हजार घटी थैली राखी लिखत पारित गरेको देखिएकोले उक्त रकमको गाउँ विकास समितिको हकमा २ प्रतिशत र नगरपालिकाको हकमा ४ प्रतिशतले राजस्व छुट हुन गएको ३ केता वाट ३९ हजार असुल गर्नुपर्दछ ।

९. **राजस्व बांडफांड** : स्थानीय निकाय श्वायत्त शासन नियमावली (संशोधन सहित) २०५६ को नियम २११ अनुसार घर जग्गा रजिष्ट्रेशन दस्तुरवाट उठेको कूल राजस्व मध्ये स्थानीय निकायले पाउने र संचित कोष दाखिला गर्नुपर्ने रकमको बांडफांड गर्ने व्यवस्था गरेको छ । गतवर्षको बाँडफाँड हुन बाँकी रु.४,५२,६९,०४८।०० यस वर्षको रु.१५,१७,४५,०३१।०० समेत गरी रु.१९,७०,१४,०७९।०० बाँडफाँड गरी रु.१५,६५,४९,२१९।०० संचित कोष दाखिला गर्नुपर्नेमा रु.९,९०,५४,२७६।०० मात्र दाखिला गरेकोले नपुग रु.५,७४,९४,९४३।०० दाखिला हुनुपर्दछ । साथै कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको यस कार्यालयको ख/६ कार्यसंचालन खातामा वर्षन्तमा रु.१२ करोड २१ लाख ९७ हजार मौज्दात देखाएकोले उक्त रकम समेत नियमानुसार बाँडफाँडबाट स्थानीय निकाय पठाउनुपर्ने रकम बाहेकको रकम संचित कोष दाखिला गर्नुपर्दछ ।

१०. **कारोबारको जानकारी** : आन्तरिक राजश्व विभागको मिति २०६६।४।१३ को निर्णयानुसार आयकर ऐन, २०५८ को दफा ७५ बमोजिम भएको सार्वजनिक परिपत्र (संशोधन सहित) को वूंदा नं.२ मा घर जग्गा निसर्ग कर्ता निकायहरुसंग पूँजिगत लाभकर कट्टी गर्न नपर्ने व्यबस्थाभए बमोजिम मालपोत कार्यालयहरुले पान एवं मू.अ.कर मा दर्ता भएका संघसंस्था एवं अन्य निकायहरुले जतिसुकै रकमको घर जग्गा निसर्ग गरी लाभ आर्जन गरेको भएमा पनि पूँजिगत लाभकर कट्टी गर्ने गरेको छैन । निकाय मार्फत घर जग्गा निसर्ग गर्दा पूँजिगत लाभकर कट्टी गर्न नपर्ने व्यबस्थाको कारण घर जग्गाको ठूला ठूला कारोवार गर्ने व्यक्तिहरुले व्यक्तिको नाममा रहेको जग्गा कम्पनी एवं संस्थाको नाममा नामसारी गर्ने, कम्पनीको स्थापना गरी त्यस्को नामबाट विक्री गर्ने , संस्थालाई कम मूल्य राखी विक्री गर्ने, त्यसपछि कम्पनी मार्फत विक्री गर्ने प्रबृत्तिको विकास भएको पाईयो जसवाट ठूलो मात्रामा लाभकर छलिन पुगेको देखिन्छ । यो वर्ष परीक्षण गरीएका केही लिखतहरु मध्ये ८ निकायहरुको कारोवार अंक रु.७ करोड ३५ लाख ६३ हजार रहेको पाईयो । यस्तो कारोवारको सम्बन्धमा कार्यालयबाट आन्तरिक राजश्व कार्यालयमा कुनै विवरण नपठाएकोले सवै निकायका कारोवार एकिन गरी सो विवरण आन्तरिक राजश्व कार्यालयमा पठाउन पर्ने अन्यथा कारोवार रकममा ५ प्रतिशतका दरले पूंजिगत लाभकर रु.३६ लाख ७८ हजार असूल गर्नु पर्ने देखिन्छ ।

११. **बैंकमार्फत कारोबार** : मालपोत कार्यालयले विभिन्न लिखत पारित गदां असुल हुने राजस्व नगदी रसिद प्रयोग गरी असुल गर्ने गरेको देखिन्छ । दैनिक रुपमा ठूलो रकम नगदै बुझिलिने कार्य जोखिमपूर्ण रहेकोले बैंक मार्फत कारोबार हुनुपर्दछ ।

१२. **सीमाभन्दा घटीमा कारोबार** : आयकर ऐन, २०५८ को दफा (२) को उपदफा (द) मा प्राकृतिक व्यक्तिले रु.३० लाख वा सो भन्दा बढी मूल्यको जग्गा तथा घर जग्गाको कारोवार गर्दा भएको पूँजिगत लाभमा ऐनको दफा ९५ (क) ३ मा तोकिएको दर अनुसार रजिष्ट्रेशन गर्दाकै बखतमा कर असूल गर्ने व्यबस्था गरेको छ । जग्गाको थैली राख्ने क्रममा निसर्गकर्ताले लाभकर छल्ने उद्देश्यबाट रु.३० लाखको सिमा लाई आधार बनाएर रु.१ हजारसम्म मात्र कम गरी थैली राखी

रजिष्ट्रेशन लिखत पारित गर्ने गरेको देखियो । परीक्षण गरिएका लिखत मध्ये ११ लिखतमा २९ लाख ५१ हजार देखि २९ लाख ९९ हजार थैली राखेको मनासिव देखिएन ।

## यातायात व्यवस्था कार्यालय, (सवारी चालक अनुमतिपत्र)

१. **कानूनको पालना** : विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा समयमा नै खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, आन्तरिक लेखापरीक्षणको वेरुजु उपर कारवाही नगरेको, अधिंकाश बजेट रकम आषाढ महिनामा खर्च गरेको, कार्यक्रमगत खाता नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **मू.अ.करको जानकारी** : मुल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम ६ (क) मा कार्यालयले रु.५ हजार भन्दा वढी मुल्यको सामान खरिद गर्दा कर विजकको आधारमा खरिद गर्नु पर्ने र आपूर्तकलाइ भ्रुक्तानी भएको मुल्य अभिवृद्धि कर रकमको सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनु पर्नेमा कार्यालयले यो वर्ष आपूर्तकलाई भुक्तानी गरेको रु.१६ हजार मुल्य अभिवृद्धि कर भुक्तानीको सम्वन्धित राजस्व कार्यालयलाई जानकारी दिएको पाईएन ।

३. **प्रयोजन वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(२) सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाइ राख्नुपर्ने व्यवस्था छ । इन्धन खपतको प्रयोजन नखुलाई रु.४ लाख ५२ हजारको यन्धन खरिद देखाई खर्च लेखेको अनियमित देखिएको छ ।

## शहरी विकास तथा भवन निर्माण डिभिजन

१. **कानूनको पालना** : विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा समयमा नै खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, आन्तरिक लेखापरीक्षणको वेरुजु उपर कारवाही नगरेको, अधिंकाश बजेट रकम आषाढ महिनामा खर्च गरेको, कार्यक्रमगत खाता नराखेको, तोकिएको ढाँचामा गोश्वारा अभिलेख खाता नराखेको, आन्तरिक लेखापरीक्षणबाट औंल्याएको वेरुजु उपर कारवाही नगरेको, म.ले.प.फा.नं. २ को अभिलेख नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **बजेट खर्च नभएको** : आवास व्यवस्थापनको निमित्त रु.१६ लाख ७८ हजारको अख्तियारी प्राप्त भएकोमा चालुवर्ष सो रकम खर्च भएको पाइएन । खर्च गर्न नसकिने वजेट उपशिर्षकमा वजेट विनियोजन गर्न उपयुक्त देखिएन ।

३. **कार्यसम्पादन र हस्तान्तरण** : कार्यालयले ठेक्का व्यवस्था मार्फत सम्पन्न आयोजना सम्वन्धित निकायलाई हस्तान्तरण गरी प्रयोगमा लगाउनुपर्नेमा जनस्वास्थ्य कार्यालय गौरको कार्यालय भवन निर्माणको काम सम्पन्न भइ सकेतापनि कार्यालयले हस्तान्तरण गरी प्रयोगमा लगाएको पाइएन । उपभोक्ता समिति मार्फत सम्पन्न आयोजनाहरुको दिगो व्यवस्थापन र सम्भारको लागि उपभोक्ता समितिलाई जिम्मेवारी तोकी सम्पन्न भौतिक संरचनाहरु सम्वन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको पाइएन ।

४. **म्यादथप** : कार्यालयवाट उपलव्ध विवरण अनुसार ४ वटा ठेक्कामा संझौता अवधिको ५० प्रतिशत, ४ वटा आयोजनामा १०० प्रतिशत र १८ वटा आयोजनामा सतप्रतिशत भन्दा वढि अवधि म्याद थप भएकोमा म्याद थप भएको कागजात परीक्षणको लागी पेश नभएको र म्याद थपबाट आयोजनाको लागतमा पनि वृद्धि हुने भएकोले म्याद थप सम्वन्धमा नियन्त्रण हुनुपर्दछ ।

**५.** **अन्य प्रयोजनमा खर्च** : कार्यालयले यो वर्ष निर्दिष्ट कार्यक्रम वेगर अन्य निकायका पदाधिकारीलाई रु.७७ हजार दैनिक भ्रमण भत्ता भुक्तानी दिई अनियमित खर्च लेखेको छ ।

६. **कन्टीन्जेन्सी खर्च** : लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम ७ अनुसार अनुसूची-१ को ढांचामा तयार गर्नुपर्ने र उक्त अनुसूची अनुसार २.५ प्रतिशत वर्कचार्ज स्टाफ खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्च गरी ५ प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार कन्टीन्जेन्सीवाट कार्यालय सामाग्री, मस्टररोलका आधारमा ज्याला खर्च तथा दैनिक भ्रमण भत्ता, इन्धन, सवारी साधन मर्मत जस्ता कार्यमा यो वर्ष रु.३५ लाख ३६ हजार खर्च गरेको छ । कार्यालयलाई आवश्यक पर्ने पूंजिगत र चालु खर्च वजेटमा नै व्यवस्था गरी खर्च गरिनु पर्दछ । साथै कन्टीन्जेन्सी खर्च गर्नु पर्ने हो भने आवश्यक नीति वनाइ ऐन कानूनमा व्यवस्था गरी कन्टीन्जेन्सी खर्च व्यवस्थापन गरिनु पर्दछ ।

७. **समयमा काम सम्पन्न नभएको** : कार्यालय र १० निर्माण व्यवसायी वीच १० भवन निर्माण सम्पन्न गर्न रु.३१ करोड ९२ लाख ११ हजारको सम्झौता भएकोमा सम्झौताले तोकेको मिति भित्र कार्य सम्पन्न भएको पाइएन । संझौतामा तोकिएको समयमा काम सम्पन्न नगर्ने र पछी मुल्य समायोजन गरी भुक्तानी हुन जाने हुंदा सार्वजनिक खरिद नियमावली, २०६४ र संझौताको शर्त वमोजिम संझौताले तोकेको अवधि भित्र नै कार्य सम्पन्न गर्ने प्रयास गरिनु पर्दछ । उक्त १० वटा निर्माण कार्यको संझौता परिमाण भन्दा बढी परिमाण कार्य गराई भेरीएसन स्वीकृती वेगर रु. ६१ लाख ३ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

८. गौर न.पा.-१२ पुरवेवा तथा कुडवामा नाला उपभोक्ता समितिवाट रु.१४ लाख ६६ हजारको लागतमा निर्माण भएकोमा कार्यालयको तर्फवाट रु.११ लाख ७३ हजार प्रथम रनिङ वीलको भुक्तानी दिएको छ । उक्त कारोवारको परीक्षणवाट देखिएको व्यहोरा देहाय अनुसार छः

८.१ मुल्य अभिवृद्धि कर नियमावली,२०५२ को नियम १४ मा मूल्य अभिवृद्धि कर भुक्तानीको सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई जानकारी दिनु पर्ने व्यवस्था छ । दुई इट्टा उद्योगलाई मु.अ.कर रु.२२ हजार भुक्तानी गरेकोमा आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिएको छैन ।

८.२ ना.४ त ११५० को ट्रेक्टरवाट २९८ टेल्लर वालुवा ढुवानी देखाई गौर न.पा.१२ वस्ने एक व्यक्तिलाई रु.४ लाख १७ हजार उपभोक्ता समिति अध्यक्षवाट भुक्तानी देखाइएको छ । उक्त कार्यको संझौता, व्लु वुक, लाइसेन्स ढुवानी सेडुल आदि वेगर अनियमित खर्च लेखेको देखिन्छ ।

८.३ उक्त ढुवानीमा आयकर ऐन, २०५८ को दफा ८८ वमोजिम १० प्रतिशतले लाग्ने आयकर रु.४२ हजार दाखिला भएको नदेखिएकोले असुल गर्नुपर्दछ ।

८.४ कार्यालयले संझौता अनुसार व्यहोर्न, पर्ने भन्दा वढी भुक्तानी गरेको रु.४ लाख ८७ हजार असुल हुनु पर्दछ ।

९. **घटि योजना** : गौरस्थित पुरेनवामा नाला तथा वाटो निर्माण गर्न कार्यालय र उपभोक्ता समिति वीच २०७३।१।८ मा भएको संझौतामा कार्यालयले रु.१९ लाख र उपभोक्ता समितिले रु.४ लाख ९२ हजार व्यहोर्ने उल्लेख छ । पेश भएको फांटवारी अनुसार कार्यालयले रु.१८ लाख ९९ हजार उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा उपभोक्ताले रु.४ लाख ८७ हजारको मात्र श्रमदान गरेको पाइएकोले घटी योगदान गरेको आधारमा आनुपातिक कट्टी गर्नुपर्नेमा नगरेकोले रु.४०००।- असुल हुनुपर्दछ ।

१०. सामुदायिक विकास केन्द्र, गौर सिर्सियाले खानेपानी चोक देखि मुसलमान टोलसम्मको वाटो स्तरोन्नतीको रु.१३ लाख ४० हजार कार्य मूल्यांकन र विल भरपाईको आधारमा उपभोक्ता समितिलाई कामको लागि उ.समितीलाई रु.९ लाख ५० हजार भुक्तानी दिएकोमा देहाय अनुसार देखिएको छ:

१०.१ मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार रु.५ हजार भन्दा वढीको सामान खरिदमा कर विजक लिनुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था विपरित कर विजक वेगर सिमेन्ट खरिदको रु.१ लाख २६ हजार खर्च लेखेको छ ।

१०.२ मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को नियम १४ अनुसार मु.अ.कर भुक्तानीको सम्वन्धित कर कार्यालयलाई जानकारी दिनु पर्ने उल्लेख छ । कार्यालयले सिमेन्ट खरिदको रु.३१ हजार मू.अ.कर भुक्तानीको जानकारी सम्वन्धित कार्यालयलाई उपलव्ध गराएको छैन ।

१०.३ आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सामान ढुवानीको भुक्तानीमा १० प्रतिशतले लाग्ने अग्रिम आयकर कट्टी गर्नु पर्नेमा ग्राभेल ढुवानीको रु.५४ हजार भुक्तानीमा अग्रिम कर कट्टी नगरेकोले असुल गरी राजस्व दाखिला गर्नु पर्दछ ।

११. **बिल भर्पाइ वेगर खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने वील भरपाई संलग्न गरी खर्च लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले एक मिडिया सर्भिसलाई रु.५३ हजार भुक्तानी गरेकोमा खर्च प्रयोजन प्रमाण र रकम भुक्तानीको भरपाई संलग्न गरेको छैन ।

१२. **कर** : गौर न.पा.-४ महादेव पट्टी प्रा.वि.देखि राम जानकी मन्दीरसम्मको सडक स्तर उन्ततिको रु.२३ लाख ४० हजारको काम सम्पन्न भई कार्यालयको अंश रु.१९ लाख ५० हजार उपभोक्ता समितिलाई भुक्तानी दिएकोमा निर्मित संरचनाको दिगो प्रयोग र मर्मत सम्भारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । साथै एक हार्डवयेर स्टोर्सलाई सिमेन्ट ५६० वोराको रु.३ लाख ७२ हजार भुक्तानी दिंदा मुल्य अभिवृद्धि कररु.४३ हजार समेत भुक्तानी भएकोमा मुल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाइ सो को जानकारी पठाएको देखिएन । सिमेन्ट ढुवानीको रु.११ हजार र वालुवा ढुवानीको रु.४ लाख ५५ हजार भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रु.४७ हजार अग्रिम कर कट्टी नगरेकोले असुल गर्नु पर्दछ ।

१३. **अग्रिम कर** : गौर न.पा.-१० , सवगदाहा जाने वाटो निर्माण कार्यमा रु.१३ लाख ४० हजार कार्य सञ्चालन प्रतिवेदन अनुसार कार्यालयले सम्झौता अनुसार रु.९ लाख ५० हजार भुक्तानी दिएकोमा निर्मित संरचनाको दिगो प्रयोग र मर्मत सम्भारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको, एक आपूर्तकलाई सिमेन्ट खरिद वापत रु.३ लाख ९८ हजार

भुक्तानी दिंदा मुल्य अभिवृद्धि कर रु.४६ हजार समावेश गरी भुक्तानी भएकोमा मुल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार आन्तरिक राजश्व कार्यालयलाई भुक्तानीको जानकारी नगराइएको एवं आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानी भाडामा कट्टी गर्नुपर्ने रु. ५० हजार अग्रिम कर कट्टी गरेको नदेखिएकोले कर असुल गर्नु पर्दछ ।

१४. **बढी भुक्तानी** : सडक स्तरोन्तीको कार्य गर्ने एक उपभोक्ता समिति र कार्यालय वीच मिति २०७२।१२।२९ मा भएको संझौतामा कार्यालयले रु.९ लाख ५० हजार उपलव्ध गराउने र समितिले रु.२ लाख ५१ हजारको श्रमदान गर्ने उल्लेख भएकोमा कार्यालयले रु.९ लाख ५० हजार नै खर्च व्यहोरेकोमा उपभोक्ताले रु.२ लाख ४३ हजारको मात्र योगदान गरेको देखिंदा उपभोक्ताले घटी श्रमदान गरेको रु.८ हजारको संझौताको शर्त अनुसार असुल गर्नुपर्दछ ।

१५. **कर कट्टी** : गौर न.पा.-१२ मा सडक पक्कीकरणको कार्य रु.९ लाख ५० हजार लागतमा उपभोक्ता समिति मार्फत गराई उपभोक्ता समितिलाई रु. ७ लाख ६० हजार भुक्तानी भएकोमा देहाय अनुसार देखिएको छ ।

१५.१ एक हार्डवयरलाई सिमेन्टको रु.५ लाख भुक्तानीमा मुल्य अभिवृद्धि कर रु.५८ हजार समेत भुक्तानी दिएको छ । मुल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार सेवा वा आपूर्तिको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई सो को जानकारी उपलव्ध गराएको छैन ।

१५.२ ट्रेक्टरवाट वालुवा ढुवानीको रु.२ लाख १३ हजार एक व्यक्तिलाई भुक्तानी दिएकोमा आयकर ऐन,२०५८ को दफा ८८ वमोजिम रु.२१ हजार अग्रिम कर कट्टी भएको नदेखिंदा असुल गर्नु पर्दछ ।

१६. **सडक स्तरोन्नती** : रौतहट जिल्ला सखहवा धमौरा गा.वि.स.-९ स्थित प्रस्थान जाने वाटोको स्तर उन्नतीको काम गर्न कार्यालय र एक सामुदायिक केन्द्रबीच कुल लागत रु.२३ लाख ७५ हजार मध्ये रु.१९ लाख कार्यालयले र रु.४ लाख ७५ हजार श्रमको मुल्य उपभोक्ता समितिले व्यहोर्ने गरी २०७२।११।२७ मा सम्झौता भएको छ । उक्त कारोवारको परीक्षणवाट देखिएको व्यहोरा निम्नानुसार छः

१६.१ सम्झौता अनुसार फ्रेमवर्कको ७६.८० क्यूविक मीटरको ल.ई.दर अनुसार रु.६०१।- का दरले भुक्तानी हुनु पर्नेमा रु.९१६।- दर राखी भुक्तानी दिएकोले वढी भुक्तानी भएको रु.२४ हजार असुल हुनु पर्दछ ।

१६.२ मुल्य अभिवृद्धि कर ऐन, २०५२ मा सेवा वा आपूर्तिको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाइ सो को जानकारी उपलव्ध गराउनु पर्नेमा एक हार्डवेयरलाई सिमेन्ट खरिदको रु.५ लाख १३ हजार भुक्तानी दिंदा मुल्य अभिवृद्धि कर रु.५९ हजार भुक्तानी भएकोमा सोको जानकारी पठाएको देएिन ।

१६.३ विभिन्न ट्रेक्टर वाट ग्रावेल, वालुवा र गिट्टी ढुवानी वापत रु.५ लाख भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ को दफा ८८ वमोजिम रु.५० हजार अग्रिम कर कट्टी भएको नदेखिएकोले उक्त असुल गर्नु पर्दछ ।

१७. **एकिकृत वस्ती** : वस्ती विकास पतौरा, रौतहट र कार्यालय वीच रोड ढलानको कार्यको लागत अनुमान रु.३५ लाख ७१ हजार मध्ये कार्यालयले रु.२८ लाख ५० हजार उपलव्ध गराउने र उपभोक्ता समितिले रु.७ लाख २५ हजार श्रम व्यहोर्ने गरी २०७२।१२।२५ मा संझौता भएको मा रु.३५ लाख ७२ हजारको कार्य भई कार्यालयले रु.२८ लाख ५० हजार भुक्तानी दिएको मा देखिएको व्यहोरा निम्नानुसार छः

१७.१ मुल्य अभिवृद्धि कर ऐन, २०५२ मा सेवा वा आपूर्तिको भुक्तानी दिंदा मु.अ.कर समेत भुक्तानी भएकोमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाइ सो को जानकारी उपलब्ध गराउनु पर्ने व्यवस्था छ । कार्यालयले रु.९ लाख ५६ हजार एक हार्डवेयरलाई भुक्तानी दिएकोमा मुल्य अभिवृद्धि कर रु.१ लाख १० हजार भुक्तानीको जानकारी आन्तरीक राजस्व कार्यालयलाई उपलब्ध गराएको नदेखिदां अनियमित खर्च लेखेको छ ।

१७.२ आयकर ऐन,२०५८ का दफा ८८ अनुसार ढुवानी सेवाको भुक्तानी रकममा १० प्रतिशतले लाग्ने अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । वालुवा, माटो, गिट्टी र ग्राभेल ढुवानीमा रु.३२ लाख २६ हजार विभिन्न आपूर्तकलाई भुक्तानी दिएकोमा रु.३ लाख २३ हजार अग्रिम आयकर कर कट्टी गरेको नदेखिंदा असुल गर्नु पर्दछ ।

१८. **अग्रीम आयकर** : चपुर न.पा.१ को पूर्व पश्चिम लोक मार्ग देखि दूर्गा प्रा.वि. कप्तान टोल रेन्जर कार्यालय हुंदै टेक्नोटोल चौतारासम्म जाने वाटो स्तरोन्नतीको कार्य २०७३।३।२० सम्ममा सम्पन्न गर्न कार्यालयले रु.३३ लाख २५ हजार र उ.स.ले रु.६ लाख ८४ हजारको श्रमदान व्यहोर्ने गरी उपभोक्ता समिति र कार्यालयवीच २०७३।१।३० मा संझौता भएको छ । सो कार्य रु.२१ लाख २४ हजारको लागतमा सम्पन्न देखाइ कार्यालयले रु.१६ लाख ९९ हजार भुक्तानी दिएकोमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानी सेवाको भुक्तानी रु.१० लाख ९० हजारमा१० प्रतिशतले लाग्ने अग्रिम कर रु.१ लाख ३ हजार कट्टी गरेको नदेखिंदा असुल गर्नु पर्दछ ।

१९. **घटी श्रमदान** : बाटो स्तरोन्ती एक उ.स.ले गरेको कार्य प्रगति लागत अनुमान अनुसार कार्य १२.१६ प्रतिशत घटी जनश्रमदान भएकोमा भुक्तानी दिंदा अनुपातिक हिसावले कम गरि दिनु पर्नेमा पुरै भुक्तानी भई रु १७ हजार वढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ । त्यस्तै वाटो पक्की गर्ने अर्को एक उ.स.को घटी जनश्रमदान भएतापनि अनुपातिक हिसावले रु ८ हजार वढी भुक्तानी भएकोले असुल गरिनु पर्दछ । त्यस्तै पुरनेवा नाला तथा वाटो निर्माण उ.स.ले घटी जनश्रमदान भएको पुरै भुक्तानी दिएकोले एक व्यक्तिको नाउंमा जारी भएको रु.७ हजार को चेक वैंकबाट भुक्तानी नभएकोमा खर्च मिलान गरेको छैन ।

२०. **दोहोरो भुक्तानी** : एक कर्मचारीलाई दै.भ्र.भ.भुक्तानी हुदा भ्रमण खर्च दोहोरो भुक्तानी भएकोले रु.३ हजार असुल गर्नुपर्दछ ।

२१. **पेश्की** : ७ निर्माण व्यवसायीलाई गएको मोविलाइजेशन पेश्की रु.१ करोड ६ लाख ९० हजार वर्षान्तसम्ममा पनि फछ्र्यौट गर्न बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

२२. **धरौटी :** आन्तरिक राजस्व विभागको २०६९।६।१० को पत्रमा अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व भुक्तानी लिएको रकम र मूल्य अभिवृद्धि कर सम्वन्धित निर्माण व्यवसायी तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट यकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी गर्ने उल्लेख छ । कार्यालयले एक कन्स्ट्रक्सनलाइ यो वर्ष रु.११ हजार धरौटी फिर्ता गर्दा मुल्य अभिवृद्धि कर समायोजनको प्रमाण वेगर फिर्ता गरेकोले मूल्य अमिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ । साथै

कार्यालयको धरौटी अभिलेख अनुसार रु.२ करोड १० लाख २४ हजार धरौटी मौज्दात रहेकोमा फिर्ता गर्नु पर्ने धरौटीको पार्टीगत अभिलेख भिडान गरी भिडान नभएको धरौटी रकम आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६४ अनुसार सदरस्याहा गरी राजस्व दाखिला गर्नुपर्दछ ।

## शाखा तथ्याङ्क कार्यालय

१. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यालयले मितव्ययी रुपमा खर्च गर्न र चुहावट हुन नदिन समेत आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गर्नुपर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको मुल्याकन गर्दा सवारी साधन मर्मत गर्दा म.ले.प.फारम नं. २ मा अखिलेख राख्नु पर्नेमा नराखेको, खर्चभएर नजाने जिन्सी सामानको खातामा सामानको स्पेशिफिकेसन, परल मूल्य, साईज अनुमानित आयू, लगायतको विवरण राखि जिन्सी आम्दानी गर्नुपर्नेमा सो नगरेको, पुराना सामान समेतको परल मूल्य नखुलेको, कतिपयको खुलेकोमा पनि मूल्य अभिबृद्धीकर समेतको मूल्य नराखेको, वेरुजुको लगत नराखेको, स्विकृत दरबन्दी र पदपूर्तिको विवरण खुलाई राख्नु पर्नेमा नराखेको जस्ता व्यहोरा देखिएको छ । प्रचलित कानुनको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नु पर्दछ ।

## शैक्षिक तालिम केन्द्र

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खरिद योजनालाई बजेट तथा कार्यक्रमसँग आबद्ध गरी चौमासिक लक्ष्यबमोजिम कार्य नभएको, कार्यालयको लक्ष्य हासिल गर्न बाधा पुर्‍याउन सक्ने जोखिम पहिचान, विश्लेषण तथा आंकलन गर्ने र समाधानकालागि आवश्यक संयन्त्र वनाउने प्रणाली नभएको, जिन्सी निरीक्षण नगराएको, भुक्तानीमा सिलसिलेवार नम्बर राखी भुक्तानी भएको छाप नलगाएको, बार्षिक खरिद योजना तयार नगरेको जस्ता व्यहोरा देखिएका छन् । ऐन नियममा तोकिएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्नुपर्दछ ।

२. **कर बिजक** : मूल्य अभिवृद्धी कर नियमावली, २०५३ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसुची ५ र (५क) वमोजिमको ढाँचामा कर विजक दिनुपर्ने उल्लेख छ । कार्यालयले एक सप्लार्यस लाई बिजक नम्बर केरमेट भएको बिल बाट मुल्य अभिवृद्धि कर रु.९ हजार भुक्तानी दिएकोमा उक्त मुल्य अभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्दछ ।

## स्थानीय विकास कोषको सचिवालय

१. **भाखा ननाघेको ऋाण** : गाउं विकास कार्यक्रम अन्तर्गत ऋाणपूंजिको समष्टिगत विवरण अनुसार २०७३ अषाढसम्म सचिवालयबाट लगानी गरिएको ऋाणरु.५६ लाख ४६ हजार मध्ये भाखा नाघेको १० गा.वि.स.को ऋाणरु.३३ लाख ५६ हजार रहेकोमा संस्थाको नामनामेसी उल्लेख गरी प्राप्त हुनुपर्ने व्याजको हरेक बर्षान्तमा यकिन गरी सांवाव्याज समेत असुल गर्नेतर्फ सचिवालयले ध्यान दिनुपर्दछ । त्यसैगरी गरिबसँग विश्वेश्वर कार्यक्रमतर्फ ऋाणपूंजिको समष्टिगत विवरण अनुसार २०७३ अषाढसम्म लगानी गरिएको ऋाण रु.१६ लाख २० हजार मध्ये भाखानाघेको ऋाणरु.३ लाख ७७ हजार रहेकोले उक्त ऋाण असुलीका लागि आवश्यक कारवाही हुनुपर्ने देखिन्छ ।

२. कोषको प्रभावकारीता : स-सानो बचत रकमलाई परिचालन गरी गरिब तथा निमुखा नागरिकको आर्थिक स्तरमा सुधार ल्याउने उदेश्यले यस्तो प्रकारको कोषको परिकल्पना गरिए तापनि

कार्यालयले २०५४ देखि परिचालन गरेको यस्तो रकमबाट के कति प्रगति हुन सकेको छ भनि अध्ययन गरेको छैन । परिचालन गरेको रकमबाट सांवा तथा ब्याज समेत असुल नभएको स्थितीले गर्दा तोकिएको स्थानमा यथोचित रुपमा उक्त रकम परिचालन भएको हो भन्ने आधार समेत देखिदैन । कार्यालयले सांवा ब्याज असुली गर्न पर्याप्त पहल नगरेको समेतबाट स्थानीय विकास कोषले स्थापनाकालिन उदेश्य हासिल गरेको छ भन्न सकिने अवस्था देखिदैन तर कार्यालयको नियमित खर्च यथावत नै छ । अतः विगतमा भएको लगानीको सांवा ब्याज असुल गराउने र कोषलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ सम्बन्धीत कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

## सुख्खा बन्दरगाहा भन्सार कार्यालय

१. **आन्तरिक नियन्त्रण** : भन्सार नियमावली, २०६४ को नियम ३७ बमोजिम भन्सार एजेन्टहरुले मालबस्तुको पैठारी गर्दा पेश गरेको प्रज्ञापनपत्र दरवन्दी फरक राखेको, मूल्यांकन घटी राखेको, भाडा विमा तथा कारोवार मूल्य कमी गरेको स्थितिको अभिलेख राखी एजेन्टको कार्य सम्पादनको मूल्याकन गरेको नपाएको आदि देखिएकोले कार्यालयको आन्तरीक नियन्त्रण प्रणाली प्रभावकारी देखिएन् ।

२. **फरक दरबन्दी** : आर्थिक ऐन, २०७२ अनुसार पैठारी गरेका मालवस्तुमा जुन संकेत नम्वर र भन्सार महसुलको दर प्रतिशत लाग्ने हो सो अनुसारकै भन्सार दरबन्दी लगाई राजस्व असुल गर्नु पर्नेमा भन्सार कार्यालयमा बिभिन्न मितिमा दर्ता भएका ३७ थान प्रज्ञापनपत्र बाट दश पैठारी कर्ताहरुले पैठारी गरेका बिभिन्न सामानहरुमा भन्सार दरबन्दी अनुसार लाग्ने दरबन्दी भन्दा फरक दरबन्दी लगाई राजस्व असुल गर्दा छुट भएको भन्सार महशुल र मूल्य अभिवृद्धि कर समेत रु.५२ लाख २० हजार असुल गर्नुपर्दछ ।

३. **राजश्व चुहावट** : आर्थिक ऐनको व्यवस्था अनुसार अर्धतयारी एल.सी.डी वा एल. इ.डी, प्यानल, पिक्चर टयूव तथा सहायक सामाग्री पैठारी गरेको अवस्थामा मात्र भन्सार दरबन्दीको ८५२८७२१०००० उपर्शिषक प्रयोग गर्नुपर्नेमा एक पैठारीकर्ताले सो वमोजिमका मालवस्तु पैठारी नगरी टिभि नै पैठारी गरेकोमा अर्धतयारीको सुविधा लिएको छ ।उक्त सुविधा टेलीभिजन जडान गर्ने उद्योगको लागि दिएको छुट भएकाले बितरकले नपाउने देखिन्छ । उल्लेखित मोडल सम्वन्धमा सम्वन्धित कंपनिको वेबसाईट परीक्षण गर्दा तयारी टि.भि नै भएकोले अनएसेम्बल भनि छुट दिन मिल्दैन । अतःउक्त पैठारीकर्ताले रु.६ करोड ९५ लाख ७७ हजार कारोबार मूल्यका टिभि पैठारी गर्दा छुट भएको भन्सार महशुल,अन्तशुल्क र मुअकर समेत रु.८२ लाख ५५ हजार असुल गर्नुपर्दछ ।

४. **टेलिभिजन पार्टस** : भन्सार ऐन, २०६४ को अनुसूचि १, १४ (३) (प) र अन्तशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूची अनुसार टेलिभिजन जडान (एसेम्बल) गर्ने उद्योगहरुले टेलिभिजन जडानको लागि आवश्यक पाटपुर्जाहरु, अर्धतयारी एल.सी.डी. वा एल.ई.डी, प्यानेल, क्याथोड रे पिक्चर ट्युब तथा सहायक सामग्रीहरु भन्सार उपशीर्षक ८५२८७२१० जडान नगरिएको मालवस्तुबाट पैठारी गर्दा भन्सार महसुल २० प्रतिशत र अन्तःशुल्क ५ प्रतिशत लिई भन्सार जांचपास गर्नुपर्नेमा कार्यालयले एक उद्योगले पैठारी गरेका ३५ करोड ६६ लाख ५७ हजार मूल्यका उक्त सामानहरु उपशीर्षक ८५२९९०१० टेलिभिजन पार्टपुर्जाबाट जाँचपास गरी अन्तःशुल्क १५ प्रतिशत लगाएको छ । सो अन्तःशुल्क उद्योगले बिक्रीमा सकलन गरेको रकमबाट फिर्ता लिएको र फिर्ता नपाउने २० प्रतिशत भन्सार महसुल तिर्नुपर्ने भन्सार दरबन्दी प्रयोग नगरेको कारण सरकारलाई प्राप्त हुनुपर्ने राजस्व घट्न गएको छ । यसरी जडान

उद्योगको लागि व्यवस्था गरिएको विशेष दरबन्दी प्रयोग नगरी मर्मत प्रयोजनको लागि पार्टपुर्जा पैठारी गर्दा प्रयोग गर्ने दरबन्दी प्रयोग गरेबाट भन्सार महसुल,अन्तशुल्क र मु.अ.कर छुट भएको राजस्व रु.७ करोड ६४ लाख असुल गर्नुपर्दछ ।

आर्थिक ऐन, २०७३ को अनुसूचि १ र अन्तशुल्क ऐन २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूची अनुसार उपशिर्षक ८५२८७२१० मा पर्ने (अनएसेम्वल्ड) टेलिभिजन पैठारी गर्दा २० प्रतिशत भन्सार महसुल र १० प्रतिशत अन्तशुल्क लिई भन्सार जाचपास गर्नुपर्ने उल्लेख छ । एक पैठारीकर्ताले १७ करोड ४६ लाख ५ हजार मूल्यका अनएसेम्वल्ड टेलिभिजनहरु पैठारीगर्दा उपशिर्षक ८५२९९०१० बाट ० प्रतिशत भन्सार महसुल र १० प्रतिशत अन्तशुल्क लिई भन्सार जांचपास गरेको देखिएकाले छुट राजस्व रु.१ करोड ११ लाख असुल हुनुपर्दछ ।

५. **छुट महशुल** : आर्थिक ऐन, २०७२ को दफा १५(थ) अनुसार दाना तथा पशुपक्षीं उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने भटमासको तेल निकाल्दा प्राप्त हुने पिना र ठोस अवशेष पैठारी गरेमा लाग्ने भन्सार महशुलमा पचास प्रतिशत छुट र कृषि सुधार शुल्कको हकमा ६८ प्रतिशत छुट हुने व्यवस्था छ । तेल उत्पादन गर्ने एक उद्योगले रु.२९ करोड ६० लाख कारोबार मूल्यका सोया डे ओयल केक पैठारी गरेकोमा उक्त उद्योग दाना उत्पादन गर्ने उद्योग नभई तेल उत्पादन गर्ने उद्योग भएकाले उक्त छुट सुविधा दिन नमिल्ने देखिएकोले छुट भन्सार महशुल र अन्तशुल्क रु.१ करोड असुल गर्नुपर्दछ ।

६. **अन्तशुल्क** : आर्थिक ऐन २०७२ मा फिलर मास्टर ब्याचको पैठारीमा १० प्रतिशत मात्र भन्सार महशुल लाग्ने र अन्तशुल्क र मु.अ.कर छुट दिने व्यवस्था रहेको देखिदैन । यस कार्यालयबाट २ पैठारीकर्ता ले क्याल्सियम कार्वोनेट फिलर मास्टर ब्याच उपशीर्षक ३९२०९९० बाट पैठारी गर्दा १० प्रतिशत भन्सार महशुल र मु.अ.कर लिएता पनि ५ प्रतिशत अन्तशुल्क छुट दिई जाँचपास गरेको छ । आर्थिक ऐनले नदिएको सुबिधा दिएको कारणले छुट भएको अन्तशुल्क र सोमा लाग्ने मु.अ.कर समेत रु.५ लाख ५० हजार अशुल गर्नुपर्दछ ।

७. **छुट महशुल** : आर्थिक ऐन, २०७२ को दफा २ मा विदेशबाट नेपालभित्र पैठारी हुने सामानमा भन्सार ऐन, २०६४ को अनुसूची-१ बमोजिम भन्सार महशुल लगाउनु पर्ने र दफा ६ मा मूल्य अभिबृद्धिकर ऐन, २०५२ बमोजिम मूल्य अभिबृद्धिकर लगाई असुल गर्नुपर्ने उल्लेख छ साथै भन्सार मुल्याकन गर्दा प्रत्येक मालवस्तुको वेग्ला वेग्लै जाचपास गर्नुपर्ने व्यवस्था छ । एक पैठारीकर्ताले डेल ल्यापटप पैठारी गर्दा सोसँगै पैठारी गरेको ल्यापटप व्यागको बेग्लै मूल्याकन गरी कारोवार मूल्यमा समावेश गरी सोमा लाग्ने २० प्रतिशत भंसार महसुल र १३ प्रतिशत मू.अ.कर असुल गरी जाँचपास गर्नुपर्नेमा सो नगरी ल्यापटपको मात्र जाँचपास गरेकोले रु.१२ लाख ५९ हजार कारोबार मुल्यका २३१० थान ल्यापटप ब्याग पैठारी गर्दा छुट भएको भन्सार महशुल र सोको मूल्य अभिवृद्धि कर समेत रु.४ लाख ४८ हजार असुल गर्नुपर्दछ ।

८. **छुट अन्तशुल्क** : आर्थिक ऐन, २०७२ को (अन्तशुल्क) अनसूची बमोजिम भन्सार दरबन्दी ३८१४०००० प्रांगारिक संयूक्त द्रावक (सोल्भेन्ट) र पातलो पार्ने (थिनर),अन्यत्र नपरेको प्रलेप (पेन्ट) र रोगन हटाउने वा मेटने तयारी सामानहरु पैठारी गर्दा प्रति लिटर रु.२२। का दरले अन्तशुल्क असुल गर्नु पर्नेमा ४ पैठारीकर्ताले रु.३३ लाख ८३ हजार कारोबार मूल्यका ५३१३ लीटर थिनर,सोलभेन्ट र रोगन हटाउने मालबस्तु पैठारी गरेकोमा अन्तशुल्क असुल गरेको नदेखिएकाले छुट भएको अन्तशुल्क र मुअकर समेत रु.१ लाख ३२ हजार असुल गर्नुपर्दछ ।

९. **छुट सुबिधा :** आर्थिक ऐन, २०७१ को दफा १४(३) ट र १४ (३) ग मा केवुल कार निर्माण गर्ने उद्योगले केवुल कार निर्माण कार्यका निमित्त आवश्यक पर्ने शीर्षक ७३ अन्तर्गतको तयारी क्याव वा क्याव निर्माण गर्न आवश्यक पर्ने स्टील पाता पैठारी गर्दा भन्सार महसुलमा पचास प्रतिशत छुट दिने व्यवस्था छ । भाग ८४ को मिल, मेशिनरी एवं यन्त्रोपकरणहरु र उद्योग विभागको स्वीकृत स्किम बमोजिम सी.के.डी. वा एस.के.डी. अवस्थामा पटक पटक पैठारी हुने मिल मेशिनरीका मुख्य अवयव एवं तीनका पहिचानयोग्य अगहरु एवं सहायक सामाग्रीहरुमा चार प्रतिशत मात्र भन्सार महसुल लाग्ने तर भाग ७३ मा पर्ने फलाम वा स्पातका पाइपहरुमा दरबन्दी अनुसारकै महशुल असुल गर्नुपर्ने व्यवस्था छ । साथै भन्सार दरबन्दी उपशिर्षक ७३०८२ मा पर्ने टावर र ल्याटिस माष्ट मा २० प्रतिशत भन्सार महशुल तथा १३ प्रतिशत मुअकर लगाई जाँचपास गर्नुपर्ने व्यवस्था छ ।

गतवर्ष एक केवलकार संचालक पैठारीकर्ताले भाग ७३ मा पर्ने रु.३० करोड ८४ लाख मुल्यका स्टील तथा फलामका पाता एंव पोलहरु पैठारी गर्दा दरबन्दी अनुसार लाग्ने भन्सार महशुलको बैकं ग्यारेन्टी यस भन्सार कार्यालयवाट लिएको थियो । तर कार्यालयले आर्थिक ऐन बमोजिम सि.के.डी तथा एस.के.डी को छुट सुबिधा दिई चार प्रतिशत मात्र भन्सार महशुल असुल गरी मिति २०७३।०४।२५ को निर्णयबाट उक्त पैठारीकर्ताको बैंक ग्यारेन्टी फुकुवा गरेको छ । यसरी भन्सार दरवन्दी ७३०८२ वाट २० प्रतिशत भन्सार महशुल र मु.अ.कर असुल नगरी ऐन बिपरीत छुट सुबिधा प्रदान गरी बैंक ग्यारेन्टी फुकुवा गर्दा घटी भएको राजस्व रु.६ करोड २६ लाख असुल गर्नुपर्दछ ।

## हुलाकी राजमार्ग आयोजना, योजना कार्यालय

१. **कानूनको पालना :** विभिन्न ऐन, नियमावली तथा कार्यविधिमा उल्लेख भएका यस कार्यालयको काम संग सम्बन्धित ऐन कानूनको पालना गरी कार्यसम्पादन गरिनु पर्दछ । कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली र कानूनको पालना सम्वन्धमा लेखापरीक्षणको क्रममा मुल्यांकन गर्दा समयमा नै खर्च गर्ने अख्तियारी नपठाएको, भ्रमण प्रतिवेदन लिने नगरेको, पुराना सामानको मर्मत संभार र लिलाम विक्रीको कार्य नभएको, जिन्सी खातामा फाँटवाला तथा कार्यालय प्रमुखले प्रमाणित नगरेको, खरिद योजना तयार नगरेको, सामानको मुल्य कायम गरी जिन्सी खाता अद्यावधिक नगरेको, ईन्धन खर्चको लगबुक नराखेको, धरौटी खाता अद्यावधिक नगरेको, वेरुजुको लगत नराखेको, आन्तरिक लेखापरीक्षणको वेरुजु उपर कारवाही नगरेको, म.ले.प.फा.नं. २ को अभिलेख नराखेको आदि व्यहोरा देखिएका छन् । ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनु पर्दछ ।

२. **संझौता नभएको :** भलुवाही सडक वीरगन्ज देखि ठोरी निर्माण गर्न रु.२९ लाख ४६ हजार ( मू.अ.कर समेतको) लागत अनुमान स्वीकृत भई एक निर्माण व्यवसायीको रु.११ लाख २ हजार ( मू.अ.कर समेत) लागतको वोलपत्र स्वीकृत भएको छ । वोलपत्र स्वीकृत भए पनि निर्माण व्यवसायीले निर्माण कार्य शुरु नगरेकोले कारवाही गरी कार्य सम्पन्न गर्नु पर्दछ ।

३. **नापी किताव तयार नगरेको :** सार्वजनिक खरिद नियमावली, ३०६४ को नियम १२३ (क) मा रनिङ विल भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा समावेश भएको वास्तविक कार्य सम्पन्नको आधारमा भुक्तानी गर्नुपर्ने र निर्माण कार्यको प्राविधिकले नापजाँच गरी म.ले.प.फा.नं. १७१ मा प्रविष्टि गर्नु पर्दछ । योजनाले २ निर्माण कार्यको नापी किताव तयार नगरी अन्तरिम भुक्तानी प्रमाणपत्र (आइपिसी) को आधारमा भुक्तानी दिएकोले पछिल्लो विलको

भुक्तानी गर्दा अघिल्ला वीलहरुको भुक्तानी रु.२ करोड ४३ लाख ९५ हजार दोहोरो भुक्तानी हुन सक्ने अवस्था भएकाले म.ले.प.फा.नं.१७१ (नापी किताव) तयार गरिनु पर्दछ ।

४. **भेरिएसन भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा निर्माण कार्य शुरु भइसकेपछी कुनै आइटमको परिमाण थपघट वा नयाँ आइटम थप गर्नुपर्ने भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को अधिनमा रही नियम ११८ (१) (ख) बमोजिम निर्माण कार्यको ड्रइङ डिजाइन तथा स्पेसिफिकेशन बदल्नु पर्ने प्राविधिक पुष्टयाइ गरी एक तह माथीको स्वीकृति लिइ दश प्रतिशत सम्म निकाय प्रमुखले थप गर्न सक्ने व्यवस्था छ । यस बर्ष वीरगन्ज ठोरी सडकको एक निर्माण व्यवसायीको कुल कबोल अंक रु.८८ लाख ८० हजार रहेकोमा भेरिएसन स्वीकृत वेगर रु.९० लाख ४ हजार भुक्तानी भएको छ । नियमावलीले व्यवस्था गरे विपरीत रु.१ लाख २४ हजार बढी भुक्तानी गरेको रकम असुल गर्नु पर्दछ ।

५. **मूल्य समायोजन :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११९ (२) मा मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ । एक निर्माण सेवाको कवोल अंक रु.७ करोड ७१ लाख ७४ हजार (मु.अ.कर वाहेक) को २०७२।२।१५ संझौतामा पहिलो रनिङ वील भुक्तानी गर्दा प्रमाण र पुष्ट्याई वेगर मूल्य समायोजन रु. ५ लाख ३ हजार भुक्तानी गरेको छ । वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्नेमा प्रमाण वेगर नै थप भुक्तानी कार्यमा संलग्नलाई जिम्मेवार बनाउनु पर्दछ ।

६. **पेश्की** : आर्थिक वर्षको अन्तसम्म विभिन्न निकाय एवं निर्माण व्यवसायीको नाममा बाँकी रहेको पेस्की समेत रु.९ करोड ८० लाख ६९ हजार नियमानुसार पछ्र्यौट गरिनु पर्दछ ।

७. **कन्टीन्जेन्सी खर्च :** निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम ७ अनुसार अनुसूची-१ को ढांचामा तयार गर्नुपर्ने र उक्त अनुसूची अनुसार २.५ प्रतिशत वर्कचार्ज स्टाफ खर्च र २.५ प्रतिशत सानातिना अन्य खर्च गरी ५ प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार कन्टीन्जेन्सीवाट कार्यालय सामाग्री, मस्टररोलका आधारमा ज्याला खर्च तथा दैनिक भ्रमण भत्ता, इन्धन, सवारी साधन मर्मत जस्ता कार्यमा यो वर्ष रु.१९ लाख १२ हजार खर्च गरेकोले कार्यालयलाई आवश्यक पर्ने पूंजिगत र चालु खर्च वजेटमा व्यवस्था गरिनु पर्दछ । ऐन कानून र निर्देशिकाले व्यवस्था गरे वमोजिम कन्टीन्जेन्सी खर्चको अभिलेख लगत अद्यावधिक गरेको नदेखिएकाले अद्यावधिक गर्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ५९ कार्यालय मध्ये ५६ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र ३ कार्यालयको सम्बन्धित निकायबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदन अनुसार ४१ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २३ मध्ये निम्न ५ कार्यालयको रु.३० लाख ७० हजार ६१९ बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि.नं. | कार्यालय | शीर्षक | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | परराष्ट्र मन्त्रालय, सम्पर्क कार्यालय | ३२६०११४ | एक शाखा अधिकृतलाई बिल भर्पाइ भन्दा बढी दैनिक भ्रमण भत्ता भुक्तानी गरेको | १,२२५.०० |
| | | ३२६०११३ | पारिश्रमिक तथा अन्य सेवा शुल्कबाट करारको कर्मचारीको पारिश्रमिक भुक्तानी दिनु पर्नेमा तलब शीर्षकबाट अनियमित खर्च लेखेको | ४,८७५६०.०० |
| | | ३२६०११४ | भ्रमण आदेश वेगर एक कर्मचारीलाई अनियमित खर्च लेखि भुक्तानी दिएको | ३०५००.०० |
| | | ३२६०११४ | खर्च स्वीकृति वेगर एक होटललाई अनियमित भुक्तानी | २,४०,६२०.०० |
| २ | बिरगंज नरसिङ्ग क्याम्पस | आय ब्याय | बैक हिसाव मिलान नगरेको, पेश्कीको ब्याज सहित असुल नगरेको, आन्तरिक श्रोतबाट प्राप्त रकम केद्रिय कार्यालयमा दाखिला गर्न नपठाएको, खरिद ईकाई गठन नगरेको, जिन्सी निरीक्षण नभएको र बिबिध आम्दानीको खर्च निर्देशिका बमोजिम नभएको । | सैद्धान्तिक |
| ३ | घरेलु तथा साना उद्योग कार्यालय | ३०७८०२४ | निर्माण ब्यावसायीको नाममा पेश्की बाँकी । | २३,००,०००.०० |
| ४ | गुणस्तर तथा नाप तौल कार्यालय | ३७१०१३३ | अग्रिम घर बहाल कर कट्टी नगरेको । | १,४१४.०० |
| ५ | भुमिसुधार कार्यालय | ३३६०१४३ | एक शाखा अधिकृतलाई दैनिक भ्रमण भत्ता बढी दिएको । | ९,३००.०० |
| | | | **जम्मा** | **३०,७०,६१९.००** |

(विश्वनाथ रेग्मी)
नायब महालेखापरीक्षक

## लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** **(रु.लाखमा)**

| क्र.स. | कार्यालयको नाम | विनियोजन /निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | पर्सा जिल्ला अदालत | ४८२ | २६६ | ७८३ | ० | १५३१ |
| २. | जिल्ला विकास समिति | ० | ० | ० | १६०४७ | १६०४७ |
| ३. | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | २०३ | २०३ |
| ४. | जिल्ला प्राविधिक कार्यालय | ६२१ | १ | १० | २६ | ६५८ |
| ५. | आन्तरिक राजस्व कार्यालय | २३९ | ४८३९५६ | २०४ | १००० | ४८५३९९ |
| ६. | मालपोत कार्यालय | १४२ | १००९ | ३८ | ५१५ | १७०४ |
| ७. | नापी कार्यालय | १६५ | २४ | ० | ३ | १९२ |
| ८. | जिल्ला तथ्याङक कार्यालय | ५९ | ० | ० | ० | ५९ |
| ९. | हुलाकी राजमार्ग योजना कार्यालय, बीरगंज | ४९९ | ३ | ११३ | ५ | ६२० |
| १०. | अंचल सशस्त्र प्रहरी गुल्म | ४९९ | ० | २१ | ० | ५२० |
| ११. | अंचल यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमती पत्र) | १८७ | २०४१० | १५३ | ० | २०७५० |
| १२. | वन्य जन्तु आरक्ष पर्सा | २८४ | ५० | ३९ | ४१ | ४१४ |
| १३. | भूमिगत जल सिंचाई विकास डिभिजन | २८४ | ० | ० | ० | २८४ |
| १४. | व्यापारिक मार्ग विस्तार योजना पार्स | ३०२१ | १३ | १ | ० | ३०३५ |
| १५. | डिभिजन सहकारी कार्यालय | ५५ | १ | ० | ० | ५६ |
| १६. | जिल्ला वन कार्यालय | ४८४ | ३८ | ३८ | ६२ | ६२२ |
| १७. | जिल्ला कृषि विकास कार्यालय | ४९५ | ३ | २ | ० | ५०० |
| १८. | जिल्ला पशु सेवा कार्यालय | ३०६ | १ | १ | २ | ३१० |
| १९. | जिल्ला प्रहरी कार्यालय | २६७८ | ३ | २१ | ३४६ | ३०४८ |
| २०. | जिल्ला प्रशासन कार्यालय | १६५ | ३७९ | ५४ | ३७३ | ९७१ |
| २१. | कारागार कार्यालय पर्सा | ५२४ | २६ | ६ | ५ | ५६१ |
| २२. | नारायणी सिंचाई व्यवस्थापन डिभिजन | १६९९ | ६ | ८१ | ० | १७८६ |
| २३. | पर्यटन कार्यालय पर्सा | ४०३ | ० | ० | ९ | ४१२ |
| २४. | शहरी विकास तथा भवन निर्माण डिभिजन | २११९ | २ | २१७ | ० | २३३८ |
| २५. | नारायणी सिंचाई विकास डिभिजन | ३६० | ६ | ८५ | १२ | ४६३ |
| २६. | यातायात व्यवस्था कार्यालय नारायणी | १२० | ६२९ | ० | ० | ७४९ |
| २७. | भूमिगत जलश्रोत विकास समिति | २२९ | ० | १७ | ० | २४६ |
| २८. | कोष तथा लेखा नियन्त्र कार्यालय | १४१ | ० | ४ | १४१ | २८६ |
| २९. | सुख्खा बन्दरगाह भन्सार कार्यालय | १९८ | १७१९६० | २१०० | ३९१० | १७८१६८ |
| ३०. | विरगञ्ज भन्सार कार्यालय | ९१२ | ५६८०१० | ६४२७ | ४४४३२७ | १०१९६७६ |
| ३१. | जिल्ला जनस्वास्थ्य कार्यालय | १५५० | ६ | ८ | ० | १५६४ |
| ३२. | नारायणी उप.क्षे. अस्पताल | ११७७ | ३ | ४२ | ५४३ | १७६५ |
| ३३. | जिल्ला शिक्षा कार्यालय | ९०८० | १०२ | १ | ५८ | ९२४१ |
| ३४. | तारादल गण | २५७४ | २ | १९ | ० | २५९५ |
| ३५. | शैक्षिक तालिम केन्द्र | ५० | ० | ० | ० | ५० |
| ३६. | औषधी व्यवस्था शाखा कार्यालय | २५ | २५ | ४ | ० | ५४ |
| | जम्मा | ३१८२६ | १२४६९३४ | १०४८९ | ४६७६२८ | १७५६८७७ |

लेखापरीक्षण विधिः आन्तरिक लेखापरीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा (रु.लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला निर्वाचन कार्यालय | ४४ | ० | ० | ० | ४४ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ३९ | ० | १ | ० | ४० |
| ३. | घरेलु तथा साना उधोग कार्यालय | २०२ | ५२ | ९ | ० | २६३ |
| ४. | भूमीसुधार कार्यालय | ३८ | ० | १९५ | २५० | ४८३ |
| ५. | बाणिज्य कार्यालय | ५५ | ११० | ० | ० | १६५ |
| ६. | गुणस्तर तथा नापतौल कार्यालय | ८२ | ३९ | २ | ० | १२३ |
| ७. | श्रम कार्यालय | ३४ | ० | ० | ० | ३४ |
| ८. | महिला तथा बालबालिका कार्यालय | १७० | १ | ० | ५८ | २२९ |
| ९. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ६०१ | ५ | ६७ | ४६ | ७१९ |
| १०. | पशु प्लान्ट क्वारेन्टाइन कार्यालय | ८४ | ० | ० | ० | ८४ |
| ११. | खाद्य प्लान्ट क्वारेन्टाइन कार्यालय | ३१ | ३० | ० | ० | ६१ |
| १२. | क्षेत्रीय प्लान्ट क्वारेन्टाइन कार्यालय | ५९ | १८ | ० | ० | ७७ |
| १३. | सशस्त्र प्रहरी बल राजश्व भन्सार सुरक्षा कार्यालय | २५० | ० | ० | ० | २५० |
| १४. | बाल कल्याण गृह | ३८ | ० | १ | ० | ३९ |
| १५. | ईलाका प्रहरी कार्यालय, पर्टेवा | २३९ | ० | ० | ० | २३९ |
| १६. | सशस्त्र प्रहरी बल औद्योगिक सूरक्षा कार्यालय | ६६६ | ० | ८ | ० | ६७४ |
| १७. | अंचल प्रहरी कार्यालय | २७७ | २ | ० | ० | २७९ |
| १८. | बिरगंज नगर विकास समिति | ० | ० | ० | ३६९ | २६९ |
| १९. | पोखरीया अस्पताल | १५५ | ० | २ | ० | १५७ |
| २०. | सैनिक माल चलानी अड्डा | ६७ | ० | २ | ० | ६९ |
| २१. | बरख गण | २३२९ | २ | २० | ० | २३५१ |
| २२. | विरगञ्ज नरसिंह क्याम्पस | ० | ० | ० | २०४ | २०४ |
| २३. | सम्पर्क कार्यालय (परराष्ट्र) | ३४ | ० | ० | ० | ३४ |
| | **जम्मा** | ५४९४ | २५९ | ३०७ | ९२७ | ६८८७ |
| | **कूल जम्मा** | **३७३२०** | **१२४७१९३** | **१०७९६** | **४६८५५५** | **१७६३७६४** |

अनुसूची २

## बेरुजूको स्थिति

(रु.हजारमा)

| क्र.स. | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित /प्रमाण | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १. | पर्सा जिल्ला अदालत | ११ | ११३३ | ४ | ० | ७ | ९३३ | ० | २०० | ११३३ | ० | ० | ० |
| २. | अंचल यातायात व्यवस्था कार्यालय | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | १६ | ० | १६ |
| ३. | अंचल सशस्त्र प्रहरी गुल्म | २ | २९२० | ० | ० | २ | ० | ० | २९२० | २९२० | ० | ० | ० |
| ४. | आन्तरिक राजस्व कार्यालय | ३९ | ६०८०४ | १४ | ० | २५ | ६०८०४ | ० | ० | ६०८०४ | ० | ० | ० |
| ५. | कारागार कार्यालय पर्सा | १० | ३३२७० | १ | ० | ९ | १३ | ३३२५७ | ० | ३३२७० | ० | ० | ० |
| ६. | गुणस्तर तथा नापतौल कार्यालय | १ | १ | ० | ० | १ | १ | ० | ० | १ | ० | ० | ० |
| ७. | घरेलु तथा साना उधोग कार्यालय | १ | २३०० | ० | ० | १ | ० | ० | २३०० | २३०० | ० | ० | ० |
| ८. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ९. | जिल्ला कृषि विकास कार्यालय | ११ | २६४९ | ७ | ० | ४ | १९ | २६३० | ० | २६४९ | ० | ० | ० |
| १०. | जिल्ला जनस्वास्थ्य कार्यालय | २६ | २००९२ | ९ | ० | १७ | १७६ | १८९८६ | ९३० | २००९२ | ० | ० | ० |
| ११. | जिल्ला पशु सेवा कार्यालय | ८ | ० | ६ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| १२. | जिल्ला प्रशासन कार्यालय | ३ | १५ | १ | ० | २ | ० | १५ | ० | १५ | ० | ० | ० |
| १३. | जिल्ला प्रहरी कार्यालय | ३ | ० | १ | ० | २ | ० | ० | ० | ० | १२५६ | ० | १२५६ |
| १४. | जिल्ला प्राविधिक कार्यालय | १८ | २०८५७ | ११ | ० | ७ | २०३७ | ३५७ | १८४६३ | २०८५७ | ० | ० | ० |
| १५. | जिल्ला वन कार्यालय | २० | ६७५ | ९ | ० | ११ | २६० | २०६ | २०९ | ६७५ | ० | ० | ० |
| १६. | जिल्ला विकास समिति | ९९ | १०८६३६ | ४२ | १९१२० | ५७ | ९२४३ | ३६९७३ | ४३३०० | ८९५१६ | १६२५ | ० | १६२५ |
| १७. | जिल्ला शिक्षा कार्यालय | १८ | १११४३० | ५ | ० | १३ | ८८० | १०९३७६ | ११७४ | १११४३० | ८३८ | ० | ८३८ |
| १८. | नापी कार्यालय | ७ | २७७ | ० | ० | ७ | ० | २७७ | ० | २७७ | ० | ० | ० |
| १९. | नारायणी उप-क्षेत्रीय अस्पताल | १४ | ६९९२ | ३ | १९४४ | ११ | ११२२ | ३९१३ | १३ | ५०४८ | ४८ | ० | ४८ |
| २०. | नारायणी सिंचाई व्यवस्थापन डिभिजन | ७ | ६६४९३ | १ | ० | ६ | ० | ३८९०० | २७५९३ | ६६४९३ | ० | ० | ० |
| २१. | परराष्ट्र मन्त्रालय, सम्पर्क कार्यालय | ४ | ७६० | ० | ० | ४ | ३२ | ७२८ | ० | ७६० | ० | ० | ० |
| २२. | पर्यटन कार्यालय | १५ | १३५८ | ७ | ० | ८ | ९१२ | ४४६ | ० | १३५८ | ० | ० | ० |
| २३. | पर्सा वन्यजन्तु आरक्ष | १४ | ५७१ | ३ | ० | ११ | ४६ | ० | ५२५ | ५७१ | ० | ० | ० |
| २४. | व्यापारिक मार्ग विस्तार योजना पार्स | ६ | २९०५ | ० | ० | ६ | ० | ० | २९०५ | २९०५ | ० | ० | ० |
| २५. | विरगंज नरसिंह क्यामपस | ९ | ० | ८ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २६. | बीरगंज भन्सार कार्यालय | ४० | २५८६५७ | ११ | १०२७ | २९ | २५२७९० | ४८४० | ० | २५७६३० | ४८७९ | १०१ | ४९८० |
| २७. | भूमिगत जल श्रोत विकास समिति | ८ | ० | १ | ० | ७ | ० | ० | ० | ० | ० | ० | ० |
| २८. | भूमिगत जल सिंचाई विकास डिभिजन | ७ | १८५७२ | १ | ० | ६ | ० | १८३२२ | २५० | १८५७२ | ० | ० | ० |
| २९. | भूमीसुधार कार्यालय | १ | ९ | ० | ० | १ | ९ | ० | ० | ९ | ० | ० | ० |
| ३०. | मालपोत कार्यालय | २३ | ७६७६७ | ११ | ५७४९५ | १२ | १९२७२ | ० | ० | १९२७२ | ० | ० | ० |
| ३१. | यातायात व्यवस्था कार्यालय नारायणी | ४ | ४५२ | १ | ० | ३ | ० | ४५२ | ० | ४५२ | ० | ० | ० |

| क.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित /प्रमाण | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रिया बाट | जम्मा |
| ३२. | शहरी विकास तथा भवन निर्माण डिभिजन | ३६ | १९५१२ | १४ | ० | २२ | ७२९५ | १५२७ | १०६९० | १९५१२ | २ | ० | २ |
| ३३. | शाखा तथ्याङ्क कार्यालय | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ३४. | शैक्षिक तालिम केन्द्र | ३ | ९ | १ | ० | २ | ० | ९ | ० | ९ | ० | ० | ० |
| ३५. | स्थानीय विकास कोषको सचिवालय | ४ | ० | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ३६. | सुख्खा बन्दरगाह भन्सार कार्यालय | १९ | १८४०९७ | १० | ६२४९ | ९ | १७७८४८ | ० | ० | १७७८४८ | १२२८ | ४९५२ | ६१८० |
| ३७. | हुलाकी राजमार्ग योजना कार्यालय, बीरगंज | ८ | ९८१९३ | १ | ० | ७ | १२४ | ० | ९८०६९ | ९८१९३ | ० | ० | ० |
| | **जम्मा** | **५०५** | **११००४०६** | **१८७** | **८५८३५** | **३१८** | **५३३८१६** | **२७१२१४** | **२०९५४१** | **१०१४५७१** | **९८९२** | **५०५३** | **१४९४५** |

द्रष्टव्य :

- वेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।
- प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | पर्सा जिल्ला अदालत | श्री ठाकुर प्रसाद खरेल | श्री अर्जुन दाहाल,केशर मिजार |
| २. | जिल्ला विकास समिति | श्री विश्व प्रकाश अर्याल | श्री उदय कु.पन्दाक |
| ३. | स्थानीय विकास कोषको सचिवालय | श्री अशोक कुमार भट्टराई | श्री उदय कु.पन्दाक |
| ४. | जिल्ला प्राविधिक कार्यालय | श्री दिपक कु.दास,सन्जिव श्रेष्ठ | श्री उदय कु.पन्दाक,वाल कु.श्रेष्ठ,सरिता थापा |
| ५. | आन्तरिक राजस्व कार्यालय | श्री लेखनाथ शर्मा,तारा प्र. भुसाल | श्री शुरेश राज ओझा |
| ६. | मालपोत कार्यालय | श्री गम वहादुर वि.क. | श्री नगेन्द्र चौधरी |
| ७. | नापी कार्यालय | श्री दुर्गादास महर्जन | श्री नरहरी प्रसाद खनाल |
| ८. | जिल्ला तथ्याङक कार्यालय | श्री आनन्दराज अर्याल | श्री हरिकृष्ण बराल |
| ९. | अञ्चल सशस्त्र प्रहरी बल | श्री डम्बर बहादुर खड्का | श्री ताराकृष्ण काफ्ले |
| १०. | अंचल यातायात व्यवस्था कार्यालय | श्री विश्वराज नेपाल | श्री हुमनाथ काफ्ले |
| ११. | वन्यजन्तु आरक्ष | श्री युवराज रेग्मी | श्री सागर कुमार पाठक |
| १२. | भूमिगत जलश्रोत | श्री सुदर्शन प्रसाद अधिकारी | श्री प्रकाशदेव पनेरु |
| १३. | व्यापारिक मार्ग | श्री रविन्द्रलाल दास | श्री पार्वती थापा |
| १४. | जिल्ला वन कार्यालय | श्री रबिन्द्रलाल दास | श्री हृदयनारायण साह |
| १५. | जिल्ला कृषि विकास कार्यालय | श्री विरेन्द्र प्रसाद सिन्हा | श्री शिव प्रसाद देवकोटा |
| १६. | जिल्ला पशु सेवा कार्यालय | श्री रामपरीक्षण साह | श्री हरिकृष्ण बराल |
| १७. | जिल्ला प्रहरी कार्यालय | श्री राजुवावु श्रेष्ठ | श्री तुलसी दाहाल |
| १८. | जिल्ला प्रशासन कार्यालय | श्री विश्वराज घिमिरे | श्री सुदिप तिवारी |
| १९. | कारागार कार्यालय | श्री चक्रपाणी गौतम | श्री कपिल प्रसाद अर्याल |
| २०. | नारायणी सिंचाई डिभिजन कार्यालय | श्री मदनमोहन झा | श्री मुरारी प्रसाद आचार्य |
| २१. | पर्यटन कार्यालय | श्री गजेन्द्र प्रसाद यादव | श्री सत्यनारायण सहनी |
| २२. | शहरी तथा भवन निर्माण कार्यालय | श्री विदुर खड्का | श्री हृदय नारायण साह |
| २३. | सिंचाई विकास डिभिजन कार्यालय | श्री रामकुमार खंग | श्री शिव प्रसाद देवकोटा |
| २४. | यातायात व्यवस्था कार्यालय, नारायणी | श्री राजेन्द्र प्रसाद घिमिरे | श्री ताराप्रसाद पोखरेल |
| २५. | कोष तथा लेखा नियन्त्रण कार्यालय | श्री बालकृष्ण अधिकारी | श्री नारायण लाल श्रेष्ठ |
| २६. | सुख्खा बन्दरगाह भन्सार कार्यालय | श्री सुर्य प्रसाद सेढाई | श्री विरेन्द्र साह |
| २७. | विरगंज भन्सार कार्यालय | श्री सेवन्तक पोखेल | श्री दिलिप मिश्र |
| २८. | जिल्ला जनस्वास्थ्य कार्यालय | श्री अरुणकुमार महतो, राजकिशोर पण्डित | श्री तिर्थराज पाखरेल |
| २९. | नारायण उप- क्षेत्रीय अस्पताल | श्री रामपरिक्षण यादव, राजेन्द्र कुमार कर्ण | श्री सुवोधकुमार यादव |
| ३०. | जिल्ला शिक्षा कार्यालय | श्री रामविनय कुमार सिंह | श्री शम्भु प्रसाद यादव |
| ३१. | तारादल गण | श्री बाणिराज खनाल | श्री श्रीराम खड्का |
| ३२. | शैक्षिक तालिम केन्द्र | श्री केदार तिवारी | श्री प्रविण कुमार कर्ण |
| ३३. | औषधी व्यवस्था शाखा कार्यालय | श्री भाग्य नारायण सिंह | श्री कृष्ण नन्दन राय यादव |
| ३४. | पोखरीया अस्पताल | श्री चित्त रन्जन साह | श्री कृष्ण नन्दर राय यादव |
| ३५. | सैनिक माल चलानी अड्डा | श्री गोपाल गुरुङ्ग | श्री अरुण कुमार पौडेल |
| ३६. | बिरगंज नरसिंह क्याम्पस | श्री मुना राना | श्री बज्र भुषण प्रसाद चौरसिया |
| ३७. | परराष्ट्र मन्त्रालय, सम्पर्क कार्यालय | श्री हेमलाल शर्मा भट्टराई | श्री राम पुनित यादव |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np